वर्ष : १५, अंक : ५, काठमाडौं, २०७६ जेठ ३ गते शुक्रबार, 17 May 2019, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

## "अप्पन" प्रथम



काठमाडौं । नेपाली सेनाको इतिहासमै पहिलोपटक मधेशका कथावस्तु समेटेको लघु चलचित्रले प्रथम स्थान हासिल गर्न सफल भएको छ । नेपाली सेनाद्वारा आयोजित 'लघु चलचित्र प्रतियोगिता २०७५' का उत्कृष्ट लघु चलचित्र 'अप्पन' भएको हो । कृष्णकुमार महतोको अप्पनले मधेशको कथावस्तुलाई समेटेको हो । सोही कार्यक्रममा 'सिपाही वार्षिक र द शिवपुरी जर्नल' का उत्कृष्ट लेखकहरूलाई प्रधानसेनापति पूर्णचन्द्र थापाले जङ्गी अड्डास्थित सभामण्डपमा आयोजित एक विशेष समारोहका बीच समापन गरेका छन् । प्रधानसेनापति थापाले 'लघु चलचित्र प्रतियोगिता-२०७५' मा प्रथम हुने कृष्ण कुमार महतोको 'अप्पन', द्वितीय हुने गगन कुमार श्रेष्ठको 'चाहना'र तृतीय हुने प्रद्युम्न मिश्रको 'हातेमालो'लाई क्रमश रू.२,००,०००।, रू.१,५०,०००। र रू.१,००,०००। नगद पुरस्कार र प्रशंसा पत्र प्रदान गरेका थिए भने प्रतियोगितामा चौथो हुने महेश्वर सम्बाहाम्फे र गणेशजंग रावलको 'त्याग'र पाचौं हुने शम्भु थापाको 'साहसलाई सान्त्वना पुरस्कार स्वरूप जनही रू.२५,०००। का दरले पुरस्कार तथा प्रमाण पत्र प्रदान गरेका थिए । साथै चलचित्र विकास बोर्डका अध्यक्ष केशव भट्टराईबाट उक्त प्रतियोगिताका सम्पूर्ण प्रतियोगीहरूलाई जनही रू. २५,००० का साथै प्रमाण पत्र प्रदान गरेका थिए । कार्यक्रमकै सिलसिलामा प्रधानसेनापति थापाले नेपाली सेना सम्बन्धी विभिन्न जानकारी मूलक मोबाईल एप्सको समेत शुभारम्भ गरेका थिए ।

## समाजवादी पार्टी : सत्तापक्ष कि विपक्ष ?

# उपेन्द्र यादवको सत्तालिप्साले पार्टी अलमलमा

काठमाडौं । बैशाख २३ गते डा.बाबुराम भट्टराईले नेतृत्व गरेको नयाँ शक्ति पार्टी र उपेन्द्र यादवले नेतृत्व गरेको संघीय समाजवादी फोरम बीच एकीकरण भएर समाजवादी पार्टी नेपाल गठन भएको छ ।

उक्त एकीकरण तथा समाजवादी पार्टी स्थापनाको घोषणा अवसरमा अध्यक्षद्वय भट्टराई र यादवले आफूहरूले संयुक्तरूपमा नेतृत्व गरेको समाजवादी पार्टी वैकल्पिक राजनीतिक शक्ति हुने दाबी गरे ।

संघीय समाजवादी पार्टी र नयाँ शक्ति नेपालबीच एकीकरण भएर समाजवादी पार्टी गठन भए पनि अहिले उक्त दल वर्तमान सरकारकै एउटा घटकको रूपमा रहेको छ । किनभने समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव सरकारमा उपप्रधानमन्त्री तथा स्वास्थ्यमन्त्री छन् । त्यसै गरी सह महासचिव मोहम्मद इश्तियाक राई शहरी विकासमन्त्री पदमा छन् । सरकारमै रहेको अवस्थामा अध्यक्षले नै आफ्नो पार्टी सरकारको वैकल्पिक राजनीतिक शक्ति हुने दाबी गर्नु नवगठित दलको विरोधाभास चरित्र देखाउँछ । एका तिर सरकारमा रहेर शासन चलाउने र अर्को तिर वैकल्पिक शक्तिको कुरा गर्नु आफैमा तर्क संगत छैन ।

त्यसैले समाजबादी पार्टी सरकारमा छ कि प्रतिपक्षमा छ भन्ने द्विविधा पनि उत्पन्न भएको छ । नव गठित पार्टीका संघीय परिषदका अध्यक्ष भट्टराई सरकारबाट तत्काल हटेर प्रतिपक्षमा आउनुपर्छ भन्ने लाइनमा छन् तर यादव भने सविंधान संशोधनका निम्ति सरकालाई दिएको समयसीमामा पनि संविधान संशोधन गर्ने क्रम अगाडि नबढे मात्र सरकारबाट हट्ने प्रस्ताव राखेर सकेसम्म सरकारमा लामो समयसम्म टिक्ने रणनीतिमा छन् ।

समाजवादी पार्टी गठन भएदेखि नै अध्यक्षद्वय भट्टराई र यादवबीच यस विषयमा मतभिन्नता रहँदै आएको छ । त्यस्तै पार्टीले सरकार छाड्ने कि नछाड्ने भन्नेबारे शीर्ष तहमा बहस सुरू भएको छ ।




प्रधानमन्त्री केपी शर्मा ओली संविधान संशोधन गर्ने प्रतिबद्धताबाट पछि हटेकाले सरकारबाट बाहिरिनुपर्ने मत अधिकांश नेताको छ ।

पार्टी एकीकरण सभामा समेत नेताहरूले संविधान संशोधनका लागि सरकारलाई 'अल्टिमेटम' दिने र त्यसभित्र संशोधन प्रक्रिया अघि नबढे सरकारबाट बाहिरिने निर्णय लिनुपर्ने धारणा राखेका थिए । तर एकीकरणको भोली पल्टै बसेको पहिलो बैठकले यस विषयमा मौन रहेर पार्टीलाई सरकारकै एउटा घटकको रूपमा स्वीकार गरेको छ ।

भट्टराई र उनीनिकट सदस्यहरू संविधान संशोधन प्रक्रिया अघि नबढाएको र सरकार दिन प्रतिदिन अलोकप्रिय बन्दै गएका बेला सरकारमा बसिरहनुको औचित्य नभएको तर्क गरिरहेका छन् । उनीहरूले सरकारको गलत कामकारबाहीको स्वामित्व लिएर बसिरहन नहुने बरू राजनीतिक मुद्दा लिएर संगठन विस्तारमा जानुपर्ने मत राखेका छन् ।

तर भट्टराई पक्षीय नेताहरूको यस्तो तर्क आएपछि नेकपाको सरकार छाड्ने कि नछाड्ने विषयमा अध्यक्ष यादव अझै धरमरमा देखिएका छन् ।

यादव नेतृत्वको तत्कालीन संघीय समाजवादी फोरम दुई बुँदे सहमतिमार्फत् सरकारमा सामेल भएको डेढ बर्ष बितिसकेको छ । तर, फोरमको माग अनुरूप संविधान संसोधनको प्रक्रिया बढेको छैन । प्रतिपक्षी बेञ्चमा रहेको भट्टराई नेतृत्वको नयाँ शक्ति नेपालसँग एकता गरी समाजवादी पार्टी नेपाल गठन गरेपछि यादव सत्ताबाट बाहिरिने अनुमान गरिँदै आएको थियो । तर पार्टी बनेको दुई हप्ता भइसकेपछि पनि उ अहिलेसम्म अनिर्णित छ ।

सरकारसँग दुई बुँदे सहमतिअनुसार संविधान संसोधन नभएको स्थितिमा समाजवादी पार्टीले सरकार छाड्छ वा छाड्दैन भन्ने प्रश्न अहिले पनि राजनीतिक वृतमा चर्चाको विषय बनेको छ ।

अध्यक्ष यादव भन्छन्-'हामीलाई सरकारमा जानुपर्ने आवश्यक्ता थिएन, हामीलाई नलगी बहुमत नपुग्ने स्थिति नेकपालाई पनि थिएन । संविधान संशोधन र राष्ट्रिय समस्या समाधानको दुई बुँदे सहमति भएपछि हामी सरकारमा गएका हौँ र यिनै दुई मिसन लिएर सरकारमा सहभागी भएका हौँ । मिसन सफल नभए आफूहरू सरकारबाट 'ब्याक' हुन्छौं ।' तर यो डेढ वर्षको अवधिमा 'मिसन सफल' हुने छाँटकाँट छ कि छैन भन्ने प्रश्नको स्पष्ट जवाफ यादवसँग छैन ।

संविधान संशोधन नभएपछि यादव सरकारमा बसिरहनुको औचित्य नभएको पूर्वनयाँ शक्तिका नेता-कार्यकर्ताको धारणा छ । यादव सत्ताका लागि जस्तोसुकै मूल्य चुकाउन पनि तयार हुने नेता हुन् । तर, यादवले सरकार नछाडे समाजवादी पार्टीमा फुटको खतरा रहेको विश्लेषकहरू बताउँछन् ।

तर यादव पक्षका नेताहरू सरकार छाड्ने/नछाड्ने विषयमा पार्टीले निर्णय गर्ने बताउँछन् । 'अर्को निर्णय नभएसम्मका लागि पार्टी सरकारमै रहन्छ र सरकार छाड्ने या नछाड्ने विषयमा पार्टीमा छलफल हुन्छ,'- उनीहरू भन्छन् ।

तर पनि नेताहरूले संविधान संशोधन नभएको अवस्थामा सरकार छाड्न सकिने संकेत पनि गरेका छन् । कतिपउ नेताहरू पार्टी सत्ता र प्रतिपक्ष दुवै भएको बताउँछन् ।

पार्टीको अस्पष्ट नीतिले उसले सुविधाको राजनीति खोजेको पनि विश्लेषण गरिन थालिएको छ । कतिपयले यो एकता कुनै उद्देश्यमूलक नभई बाध्यताले भएको अर्थ्याउँछन् । बाध्यताले मिलेका कारण उपेन्द्रमाथि धेरै आग्रह त हुन्छ नै र त्यसले परिणाममुखी दबाब सिर्जना गर्न सक्दैन ।

## सीकेका असन्तुष्टहरू जनतान्त्रिकमा



जासर यादव



डा.मनोज मुक्ति

काठमाडौं । डा.सीके राउत नेतृत्वको तत्कालीन स्वतन्त्र मधेश गठबन्धनका असन्तुष्ट समूहले डा.मनोज मुक्ति नेतृत्वको जनतान्त्रिक तराई मुक्ति मोर्चासँग एकीकरण गरेको छ । बिहीबार मोर्चाका अध्यक्ष डा.मुक्ति र स्वतन्त्र मधेश गठबन्धनका असन्तुष्ट समूहको नेतृत्व गर्दै आएका जासर यादवले एकीकरण भएको विज्ञप्तिमार्फत् जनाएका छन् । छिट्टै नै निर्वाचन आयोगमा आफ्नो नयाँ पार्टी दर्ता गर्ने घोषणा मुक्ति र यादवले गरेका छन् । मधेशलाई सबैले धोका दिँदै आएको र मधेशको मुक्तिका लागि काम गर्ने प्रतिबद्धता जनाएका छन् । यही महिनाको २० गतेसम्म आयोगमा नयाँ पार्टी दर्ता गर्ने यादवले मधेशवाणीलाई बताए । यादवले नेपाल सरकारसँग डा.सीके राउतले ११ बुँदे सहमति गरी स्वतन्त्रता अभियानमा लागेका युवाहरूलाई धोका दिएको आरोप लगाउँदै आएका थिए । ११ बुँदे सहमतिमा मधेश र मधेशी जनताका पक्षमा कुनै कुरा नरहेको आरोप यादवको थियो ।

## स्वास्थ्यमा दश प्रतिशत बजेट पुऱ्याइनेछ : स्वास्थ्यमन्त्री

काठमाडौं । उपप्रधानमन्त्री एवं स्वास्थ्य तथा जनसंख्या मन्त्री उपेन्द्र यादवले आगामी आर्थिक वर्षको कुल बजेट मध्येबाट दश प्रतिशत बजेट स्वास्थ्य सेवालाई विनियोजन गर्न आफूले पहल गरिरहेको बताएका छन् । यसअघिको बजेटमा स्वास्थ्य तर्फ कुल बजेटको जम्मा ४.४ प्रतिशत छुट्टयाइएको जानकारी दिँदै स्वास्थ्य मन्त्री यादवले त्यो बजेटलाई आगामी वर्ष दश प्रतिशत पुऱ्याउन प्रधानमन्त्री र राष्ट्रिय योजना आयोगमा आफूले पहल गरेको बताए । महाराजगंजस्थित कान्तिबाल अस्पतालमा बिहिबार आयोजित मेडिकल उपकरण हस्तान्तरण समारोहलाई सम्बोधन गर्दै मन्त्री यादवले भने, 'कुल बजेटको सबैभन्दा बढी बजेट स्वास्थ्य र शिक्षामा विनियोजन हुनु पर्ने हो । तर स्वास्थ्यलाई जम्मा ४.४ प्रतिशत छुट्टयाइयो । देशको स्वास्थ्य सेवा सुधार गर्न बजेटको यो अनुपात अत्यन्तै थोरै हो । त्यसलाई कम्तिमा दश प्रतिशत पुऱ्याउन मैले प्रधानमन्त्रीज्यूसंग र योजना आयोगमा कुरा गरेको छु ।' थाइल्याण्डमा कुल बजेटको २१ प्रतिशत बजेट विनियोगन हुने गरेको उदाहरण दिँदै मन्त्री यादवले स्वास्थ्य र शिक्षा क्षेत्रलाई राज्यले पहिलो प्राथमिकतामा राख्नु पर्ने सुझाव दिए । कान्तिबाल अस्पतालको व्यवस्थापनलाई मन्त्री यादवले उपलब्ध स्रोत र साधन प्रयोग गरी बिरामीलाई अधिकतम गुणस्तरीय सेवा प्रदान गर्न निर्देशन समेत दिएका छन् ।

## समय-सन्दर्भ

संगीता रेग्मी



# मधेश र पहाडको उत्पीडनको कथा

**पहाडी र मधेशी एक हो र दुई समुदाय नमिलेसम्म न संस्कृतिको कल्पना गर्न सकिन्छ न त विकास र समृद्धिकै सपना साकार हुन सक्छ भन्ने यो नाटकको आशय हो ।**

*'तपाईकी श्रीमतीले किन पुरै अनुहार सारीले छोपेर बस्नुहुन्छ नि'*
दिलबहादुरको प्रश्नसँगै फुलचन यादवले हाँसेर जवाफ दिए-
*'नै परतै से त हम कहबै कैली, लेकिन अप्पन रित कहिके करैत आएल छैं'*
(मैले त पर्दैन भनेकै हो, आफ्नो परम्परा भनेर गर्दै आएकी छिन्)
गह्रौं भारी बोकेको आफ्नो बयलगाडा हिलेमा फँसेपछि निकाल्न फुलचन यादवले धेरैसँग सहयोग माग्छन् तर आफ्ना वरपरका छिमेकीहरू कसैले उनलाई सहयोग गर्दैनन् । धानको बीऊ खोज्न पहाडबाट मधेश झरेका दिलबहादुरले अन्त्यमा उनलाई सहयोग गर्छन् र बयलगाढा हिलोबाट निकालेरै छोड्छन् । दिलबहादुरको यही सहयोगबाट प्रभावित मधेशी समूदायका फुलचन र पहाडी समुदायका दिलबहादुरबीच मित्रता झाँगिन्छ । फुलचनले दिलबहादुरलाई आफ्नो घरसम्म लैजान्छन् र धानको बीउ उपलब्ध गराउँछन् । मधेशका जमिन्दार जस्तै लाग्ने फुलचनसँग प्रशस्त जग्गा जमिन हुन्छ । उनले मधेशको धान पहाडमा लगेर फैलाउनु भन्दै मात्र एक रूपैयाँमा १० के.जी जति धानको बीऊ दिलबहादुरलाई दिएर पठाउँछन् ।
दिलबहादुर र फुलचनको मित्रता यत्तिकैमा सकिँदैन । दिलबहादुर निस्कनै लाग्दा फुलचन अप्ठ्यारो मान्दै भन्छन्- *'हमरा एकटा गप पुछ के मन अई दोस्त ! अपना दुनु लोग के विचार भी मिलैया, साथी भए गैलौं, आब मित लगा लिअ ।'*
(मलाई एउटा कुरा सोध्न मन छ मित्र, हामी दुई जनाको विचार पनि मिल्छ, साथी पनि भईहाल्यौं बरू अब मित लगाउँ)
फुलचनको अनुरोधमा दिलबहादुर आफू घरसल्लाह गरेर जवाफ दिने भन्दै पहाडतिर लाग्छन् । त्यसको केही दिनपछि केही सगुनसमेत बोकेर फुलचन दिलबहादुरको घर पुग्छन् । श्रीमती र छोरासहित पहाड गएका फुलचन पहाडका उकालो ओरालो बाटोघाटो छरिएर रहेका घर, टहरा देखेर अचम्मित हुन्छन् । घरसल्लाह बमोजिम नै फुलचन र दिलबहादुरले टोपी र पगडी साट्दै मित लगाउँछन् । पगडी र टोपीसँगै साँटिएको मित्रतामा पहाडी र मधेशी संस्कृतिको समीश्रण हुन्छ ।



*'मितज्यू, तपाईलाई त कति राम्रो देखिएको यो ढाका टोपीमा'*-दिलबहादुर फुलचनलाई ढाका टोपी लगाइदिँदै भन्छन् ।

बाँकी अन्तिम पृष्ठमा





## सम्पादकीय



# कस्तो वैकल्पिक शक्ति ?

संघीय समाजवादी फोरम र नयाँ शक्ति पार्टीबीच एकीकरणसँगै मुलुकमा वैकल्पिक राजनीतिक शक्तिको सम्भावना देखिएको छ। प्रायः राजनीतिक दलहरू चुनावको समयमा एकीकृत हुने र चुनाव सकिएलगत्तै विभाजित हुने प्रवृत्ति नेपाली राजनीतिमा देखिँदै आएको हो। तर, यसपटक भने त्यसको ठीक विपरीत निर्वाचनपछिको समयमा दुई दल एकीकृत भएका छन्। यसले यी दुई पार्टीबीचको एकीकरण क्षणिक स्वार्थका लागि मात्र नभएको कुरालाई संकेत गर्छ।

राजनीतिमा तरंग ल्याउनसक्ने प्रतिभा र पार्टी दुवैको अभाव खड्किरहेका बेला पूर्वप्रधानमन्त्री डा.बाबुराम भट्टराई र संघीय समाजवादी फोरमका नेता उपेन्द्र यादवबीच राजनीतिक सहमतिले नयाँ बहस पनि सिर्जना गरेको छ। भट्टराई र यादवको एकीकरण राजनीतिक प्रणयका रूपमा मात्र होइन, यसले स्थायी र विश्वसनीय वैकल्पिक लोकतान्त्रिक ऊर्जा उत्पन्न गर्नसक्छ कि भनेर अपेक्षा बढाएको छ।

७ दशकपहिले स्थापना भएको कम्युनिस्ट पार्टीमा अनेक चिरा भए तर अहिले ती विस्तारै एउटा भंगालोमा डालिन लागेका छन्। संघीय, प्रदेशसभा निर्वाचनका समयमा प्रमुख कम्युनिष्ट पार्टीबीच मात्र एकता भए पनि साना कम्युनिष्ट पार्टीहरूलाई समर्थन गर्ने वा साना कम्युनिष्ट पार्टीहरूले सहयोग गर्ने काम भएको थियो। यसका विपरित केही स्थानमा व्यक्तिगतरूपमा लोकतान्त्रिक उमेदवारहरूबीच तालमेल गरिए पनि आमरूपमा त्यो सफल भएको थिएन। यसैकारण संघीय र प्रदेश संसदमा लोकतान्त्रिक शक्तिको उपस्थिति अत्यन्त कमजोर हुन पुगेको छ। अहिले लोकतान्त्रिक शक्तिको पुरानो मियो नेपाली कांग्रेसले मात्रै कम्युनिष्ट निरंकुशता र सर्वसत्तावादको सामना गर्नु परिरहेको अवस्था छ। अर्को सशक्त लोकतान्त्रिक दलको अभावमा कांग्रेसको प्रस्तुति आक्रामक हुन सकिरहेको छैन।

नेपाली कांग्रेसमा केही नेता वा सदस्यहरूले व्यक्तिगतरूपमा परिवर्तनले स्थापित गरेका कतिपय मुद्दामा असहमति प्रकट नगरेका होइनन् तर संस्थागतरूपमा नेपाली कांग्रेस परिवर्तनप्रति पूर्ण प्रतिबद्ध देखिन्छ। अर्थात् आजको परिवर्तनलाई संस्थागत गर्नका लागि लोकतान्त्रिक शक्तिबीच लय अनिवार्य छ र त्यो लय विकास गर्न

**मुलुकमा कांग्रेस र कम्युनिष्टका दुई भिन्न धुरी देखिए पनि सत्तामा रहँदाको प्रवृत्ति उही छ। त्यो स्थितिलाई नयाँ दलले कसरी चिर्छ भन्ने प्रश्न पनि छ। यद्यपी अहिले पनि नयाँ दललाई पत्याइसकेको अवस्था छैन किनभने दल नयाँ भएपनि पात्र पुरानै हुन्।**

कमसेकम साना दलहरूको एकताले मद्दत गर्नेछ। यस्तोमा वैकल्पिक शक्तिको रूपमा आएको समाजवादी पार्टीको भूमिका अहम् छ।

नेपालको राजनीतिक विकासक्रममा दलहरूले महत्वपूर्ण भूमिका निर्वाह गरे पनि क्रान्ति वा आन्दोलनको सफलतापछि आफूलाई रूपान्तरण यात्रामा खरो उतार्न नसकेको महसुस सबैलाई भएको छ। त्यसमा पनि मौका पाइसकेपछि पनि आफूलाई इमानदार ढंगले प्रस्तुत गर्न नसक्दा सर्वसाधारणमा दलप्रतिको वितृष्णा पनि उत्तिकै बढ्ने गरेको पाइन्छ। यसकारण पनि नयाँ दलले आफूलाई आम जनताको विश्वास आर्जन गर्ने गरी अग्रसर गराउनुपर्ने देखिएको छ।

नेतृत्वले सहनशीलता, समन्वय र सहिष्णुताका साथ सामूहिक निर्णयको व्यवहार अवलम्बन नगर्दा दलहरूमा मतभेद हुने गर्छ र यस्तो नयाँ पार्टीका नेतृत्वले समयमै विचार पुऱ्याउनु पर्छ। दलका सदस्यमा अनुशासन नभएर महत्वाकांक्षा बढेको अवस्थामा र समान पुस्ताका नेताहरूमा अति महत्वाकांक्षा र प्रतिशोधको मनोविज्ञानले काम गरेमा दलहरू विभाजित हुने वा एउटै दलमा रहँदा पनि तीव्र मतभेद हुने गर्छ। यी सबै नकारात्मक अवस्थालाई व्यवस्थापन गर्ने क्षमता र कुशलता नयाँ पार्टीको नेतृत्वमा हुनु जरूरी हुन्छ।

मुलुकमा कांग्रेस र कम्युनिष्टका दुई भिन्न धुरी देखिए पनि सत्तामा रहँदाको प्रवृत्ति उही छ। त्यो स्थितिलाई नयाँ दलले कसरी चिर्छ भन्ने प्रश्न पनि छ। यद्यपी अहिले पनि नयाँ दललाई पत्याइसकेको अवस्था छैन किनभने दल नयाँ भएपनि पात्र पुरानै हुन्। भट्टराईजस्ता राजनीतिक सुझबुझ भएका, उपेन्द्र यादवजस्ता मधेशको राजनीतिमा चिनिएका र अशोक राई जस्ता पहाडको जनजाति राजनीतिसँग जोडिएका व्यक्तिको समूहले पक्कै पनि दूरगामी प्रभाव पार्ने विश्वास गर्न सकिन्छ।

## सातको सात बात



धार्मिक सद्भाव, एकता र पारस्परिक हितअनुरूप बलियो राष्ट्रिय एकता आजको आवश्यकता हो। संविधानले प्रत्येक व्यक्तिलाई आफ्नो आस्था अनुसारको धर्म अवलम्बन गर्ने स्वतन्त्रता दिएको छ तर कसैले धर्म परिवर्तन गराउन बाध्य पार्न पाइँदैन। **नन्दबहादुर पुन, उपराष्ट्रपति**



विधेयकहरूमा छलफल र परिमार्जन गर्न सकिन्छ, आवेग र उत्तेजनामा आउन आवश्यक छैन। सरकारले कुनै पनि कानुन हचुवाका भरमा ल्याउँदैन, आक्रोशपूर्ण, निराधार र अनुचित कुराहरूले समाजलाई विकृतितर्फ लैजान्छ। **केपी शर्मा ओली, प्रधानमन्त्री**



वैचारिक अस्पष्टता नै वर्तमान सरकारको सबै ठूलो अलमलको करण हो। वैचारिक कुरामा प्रस्ट नभएसम्म यो सरकार ठिक ढंगले अगाडी बढ्न सम्भव छैन। कोर्स करेक्सन नगर्ने हो भने ढिलो वा छिटो यो दुर्घटनामा पर्नु वा बिगठन हुनु अनिवार्य छ। **डा. बाबुराम भट्टराई, संघीय परिषद् अध्यक्ष, समाजवादी पार्टी नेपाल**



हामीले चाहेको गतिमा बाह्रै महिना एउटा नियमित चक्रमा पूँजीगत खर्च गर्न सकेका छैनौं, यो आर्थिक वर्षमा हामीले यो कारणले गर्न पाएनौं भन्ने छुट छ। किनभने हामी कानुन निर्माणमा लाग्यौं, अर्को वर्ष हामीले यो कारणले गर्न सकेनौं भन्ने छुट पाउँदैनौं। **डा.युवराज खतिवडा, अर्थमन्त्री**



राजनीतिक आन्दोलन र हिंसात्मक कुरा अब आवश्यक छैन, प्रेसको अधिकार सुरक्षित हुन्छ, लेख्ने अधिकारसँगै आर्थिक अधिकार पनि सुनिश्चित गर्ने काम भइरहेको छ। **गोकुलप्रसाद बाँस्कोटा, सञ्चार तथा सूचना प्रविधिमन्त्री**



आत्मनिर्भर अर्थव्यवस्था बनाउन हाल लिँदै आएको अर्थ नीतिको वैकल्पिक धार समात्न सक्नुपर्छ। आर्थिक वृद्धिदर बढाउने मात्र होइन, समानता कायम गर्ने बजेट बनाउनुपर्छ। **प्रदीप गिरी, नेता, नेपाली कांग्रेस**



हाम्रो कुनै ऐन कानुनले हामीलाई भ्रष्टाचार गर्न भनेको त छैन तर पनि भइरहेको छ। भ्रष्टाचार अन्त्यको शुरूवात आफैबाट गरिनुपर्दछ, त्यो पनि माथिल्लो निकायबाट, अनि मात्र भ्रष्टाचार नियन्त्रण गर्न सकिन्छ। **मो. लालबाबु राउत गद्दी, मुख्यमन्त्री, प्रदेश २**

# शक्ति संचयको आवश्यकता र परिणाम

## विचार-विश्लेषण भाग-२३



उपेन्द्र झा

**वैकल्पिक शक्तितिर उन्मुख राजनीति पहिलो अभ्यासमा बाबुराम भट्टराई तथा उपेन्द्र यादवको पार्टीलाई एकीकरण गराएको छ। उपेन्द्र यादवले लामो समयदेखि राजपा र नयाँ शक्ति पार्टीसँग एकता वार्ता गर्दै आइरहकोमा नयाँ शक्ति पार्टीसँग एकीकरण गर्न सफल भएको छ। अब राजपासँगको एकता बाँकी रहेको छ।**

विगतमा पनि सत्ताका विरूद्ध अधिकारवादी आन्दोलन छिटफुट रूपमा उठेर विस्तारै शक्ति संचयको दिशामा बढेर उद्देश्य हासिल गरेको नेपाली राजनीतिक इतिहासमा अनेक उदाहरण छन्। २००७ सालमा राणा विरोधी आन्दोलनमा नेपाली काँग्रेस र राजावादी शक्तिको कार्यगत एकता भएको थियो। सामन्ती अधिनायकवादी पंचायती व्यवस्था विरूद्ध उठेका प्रजातान्त्रिक आन्दोलन नेपाल कम्युनिष्ट पार्टी र नेपाली काँग्रेसका दुई धारको विभाजनले परिणाममुखी हुन सकी रहेको थिएन। प्रजातान्त्रिक आन्दोलनको असफलता र परिस्थितिको बाध्यताले अन्ततोगत्वा दुबै पार्टी सहकार्य गर्न बाध्य भयो। संयुक्त जन आन्दोलनले नै २०३६ सालमा जनमत संग्रह गरायो भने ०४६ मा प्रजातन्त्रको पुनर्स्थापना गरायो। पक्ष विपक्षको राजनीतिक प्रतिस्पर्धाबाट उत्पन्न सम विषम परिस्थितिले लक्ष्य प्राप्तिमा असफल भएकाहरूबीच शक्ति ध्रुवीकरण अस्वाभाविक होइन। तर यो लक्ष्य उन्मुख हुनु पर्दछ। बैशाख २३ गते सम्पन्न नयाँ शक्ति र संघीय समाजवादी फोरमबीचको एकीकरण विद्यमान राजनीतिक परिस्थितिबाट नै प्रभावित भएको हो।

जन समर्थन प्राप्त गरेर अधिकारवादी आन्दोलनहरू उत्कर्षमा पुगेपनि सम्झौतामा टुंगिएर अर्थहीन भएको देखिन्छ। सतहमा केही परिवर्तन देखाएर अपेक्षित अधिकार दिन नचाहने शासकीय मनोवृतिले अधिकारवादी आन्दोलनलाई सम्झौतामा टुंग्याएकोले यो सुसुप्तावस्थामा गएको मात्र हो। अवसर पाएर यो पुनश्च जीवित हुने कुरामा दुई मत छैन। सम्भवतः असन्तुष्टताको यही धरातलले उपेन्द्र यादब र बावुराम भट्टराईलाई एकीकरण गराएको हो।

अधिकार आन्दोलनहरूले आफ्नो भीषण स्वरूपबाट सरकार रूपान्तरण, सरकारमा व्यक्ति परिवर्तन गराएपनि सामन्ती सत्ताको पारम्परिक चरित्रलाई भने बदल्न सकेको छैन। आमूल परिवर्तनको दिशामा उठेका आन्दोलनहरूलाई यसले सम्झौताको माध्यमबाट आत्मसमर्पण गराएर छाडेको अनुभूति सबैले गरेका छन्। जन अपेक्षा पूरा हुन नसकेर असफलता भोगि रहेका नेतृत्व पंक्तिले जनताको हजारौं प्रश्नको उत्तरमा सानातिना तथा अर्थहीन परिवर्तन गनाएर आफ्नो उपलब्धि देखाउने प्रयास त गर्छन तर यथार्थ भने भिन्न हुन्छन्। अपेक्षित परिणामको अभावमा असन्तुष्ट बनेका नेतृत्ववर्ग वर्तमान परिस्थितिसंग सम्झौता गरेपनि अनुकूल परिस्थितिको प्रतीक्षामा रहन्छन्। बावुराम भट्टराईसंगको एकीकरणपछि उपेन्द्रको मुखबाट ११ प्रदेशको माँग सतहमा आउनु त्यही असन्तुष्टताको परिणाम हो।

२२ जिल्लामध्ये मधेशलाई ८ जिल्लामा खुम्चाएर संविधान घोषणा गर्ने तत्कालीन प्रधानमन्त्री बावुराम भट्टराई र यसको विरोधमा "कालो दिवस" मनाउने उपेन्द्र यादबबीचको पार्टी एकीकरणको विषय पहाड र मधेशका बुद्धिजीवीमा नकारात्मक र सकारात्मक व्यापक चर्चा भई रहेको छ। मधेश विरोधी संविधान घोषणा पश्चात् जनकपुर मञ्चमा कार्यक्रम गर्न नदिई बावुराम भट्टराईलाई लखेटिएको घटनाको कतिपयले प्रतिक्रियात्मक अभिव्यक्ति पनि दिएका छन्। पारस्परिक विरोधी तत्वको मिलनबाट कस्तो परिणाम निस्कने भन्ने अनेक चर्चा परिचर्चा सतहमा देखिएको छ। पौजेटिव र निगेटीव अनेक मिश्रित प्रतिक्रिया अहिले अखवारमा पढ्न पाइन्छ। पहाडले बावुराम भट्टराईको मिलनलाई "फ्रस्ट्रेशनको परिणाम" भनेर टिप्पणी गरेको छ। मधेशी, थारू, दलितलगायत जातजातीले उठाएका र सम्बोधन हुन नसकेका मुद्दाहरूप्रति बावुराम भट्टराईले रणनीतिक उद्देश्य बनाउँछ भने मधेशले स्वीकार्न कुनै अपठ्यारो छैन।

आफ्नै समुदायबीच सम्बन्ध राख्न नदिने हिसाबले लगाईएको बर्लिनको दिवाल जस्तै ८ जिल्लाबाहेकको मधेशी समुदायलाई आफ्नो भन्न नपाईने गरि संघीयताको नामले लगाईएको बन्देजबाट मधेश कसरी मुक्त हुने ? मधेशीको अस्तित्व नै मेटिने उद्देश्यले मधेशमा एमाले, माओवादी र काँग्रेसीकरण गर्ने राज्यसत्ताको तीक्ष्ण अभियान कसरी बन्द हुने ? शदियौंदेखि सामन्ती राज्यसत्ताको विभेदको विरूद्ध उठ्ने मधेशीप्रति पालिएको घृणा र त्यसलाई बरकरार राख्ने अनेक षडयन्त्रका प्रयासहरूको निरन्तरता कहिले समाप्त हुने ? विभेद विरूद्ध उठेका आन्दोलनहरूका अगुवाहरूलाई धम्की, प्रलोभन, फुटाउने साजिश, पारस्परिक लडाउने प्रयास, वैकल्पिक शक्तिको निर्माण गरि तेजोबध गर्ने आदि प्रयासबाट मधेशलाई अधिकारको माँगबाट पछाडि धकेलिने प्रयास कहिले बन्द हुने ? पराजयको मानसिकतामा जनआधार भएका मधेशी नेताहरूको पलायन गराएर, मधेशलाई टुक्रा टुक्रा गरि आफ्नो गुलामको रूपमा मात्र देख्न चाह्ने राज्यसत्ताले ल्याएको भावनात्मक विभाजनलाई कसरी साम्य पार्ने ? मधेशले अधिकारका कुरा गर्दा बैरभाव राखी अनेक षडयन्त्र गरेर मधेश मै दलहरूलाई अल्पमतमा पार्ने, जनाधार भएका मधेशी अगुवाहरूलाई अनेक प्रलोभन दिएर आफ्नो पार्टीमा प्रवेश गराई दलीय अस्तित्व समाप्त पार्ने राज्यसत्ताको यो व्यवहार मधेशले कतिञ्जेल भोग्नु पर्ने ? यी यावत् प्रश्नहरू भालाको जस्तै आहत गर्ने अस्त्र हुन्। बलपूर्वक यसको समाधान सम्भव छैन। यी सब कुरालाई थाती राखेर दबिएको आवाजलाई शान्ति भनेर प्रचार गर्नुको कुनै अर्थ छैन। सुसुप्तावस्थामा रहेको यो असन्तुष्टता आफ्नो अनुकूल शक्ति संचयको दिशामा अगाडि बढ्नु स्वाभाविक हो।

दुई तिहाईको शक्तिशाली सरकार देश निर्माणको दायित्वभन्दा शक्तिको केन्द्रीकरणमा लागेको छ। विकासको अग्रगतिका कार्यभारप्रति उदासीन भई



झिना मसिना कार्यमा व्यर्थ समय बिताई रहेको छ। सरकारका केही कार्यहरू विधी सम्मत नभई पक्षपातपूर्ण रहेको जनतामा सरकारप्रति शंका जन्मिनु स्वाभाविक हो। जनतासंग सरोकार हुने कार्यहरूमा गतिशीलता छैन। शक्तिशालीको दम्भले सरकार तानाशाहमा परिणत हुन लागेको भान हुन्छ। १५ महिना बितेको अवस्थालाई विचार गर्दा स्थिर सरकारबाट जन अपेक्षा पूरा हुने कुनै संकेत परिलक्षित भई रहेको छैन। नेपाल राष्ट्र बैंकले अर्थ क्षेत्रको दयनीय अवस्था सार्वजनिक गर्दा पनि यसलाई रोक्न सक्ने सरकारले कुनै ठोस कार्यक्रम ल्याउन सकेको छैन। चालू आ.व.को चैत मसान्तसम्म व्यापार घाटा झण्डै १० खर्ब पुगेको देखाएको छ। अघिल्लो वर्षको यही अवधीको तुलनामा व्यापार घाटा २२% ले वृद्धि भएको छ। आर्थिक वर्षको अन्तसम्म यो व्यापार घाटा १४.३० खर्ब पुग्ने अनुमान गरिएको छ। चालू आ.व.को श्रावणदेखि चैत मसान्तसम्म १० खर्ब २१ अर्बको आयात भएको छ। निर्यात ७० अर्बमा सिमित छ। ०७२/०७३ मा जीडीपीमा रेमिट्यान्सको योगदान २९.५२% थियो भने चालू आ.व.मा २६.२४% छ। क्रमिक रूपमा रेमिट्यान्समा ह्रास आई रहेको अवस्था छ। परनिर्भरताको जंजीरमा बाँधिएका नेपाली जनता उन्मुक्ति खोजेका छन्। आजसम्मका सरकारहरूले विभिन्न बहानामा आफ्नो असमर्थता देखाएर देशप्रतिको दायित्व पूरा गर्न सकेन।

आज सरकारको त्यो अवस्था छैन। सरकार शक्तिशाली छ। छिमेकीको सहयोग पनि पूर्ण छ। समृद्ध नेपाल र सुखी नेपालीको नारा सार्थक निष्कर्षमा पुऱ्याउन सरकारले त्यस्ता कुनै ठोस पहल लिएको देखिदैन। परनिर्भरताको दलदलमा फँसेको देशलाई आत्मनिर्भर बन्न विकास चाहिएको छ। समृद्धि त धेरै परको कुरा हो। तीव्र गतिको विकासले नै समृद्धि ल्याउँछ। विकास बिनाको समृद्धि बिल्कुल हास्यास्पद कुरा हो।

संघीय लोकतान्त्रिक गणतन्त्रको संरचनामा रूपान्तरित देशको राजनीतिक प्रणालीले स्थानीय, प्रदेश तथा संघीय सरकार गरि तीन तहमा विभाजन गरेको छ। तीनै सरकारको अधिकार, कर्त्तव्यको क्षेत्राधिकार प्रष्ट नभएकोले तीनवटै सरकारको अलमलले जनतामा असन्तुष्टता ल्याएको छ। भ्रष्टाचारको पारम्परिक प्रथा विद्यमान छ। लोकतान्त्रिक व्यवस्थामा यसले पनि स्वायत्तता पाएको छ। सानादेखि ठूला कामका लागि घूस नभई काम हुँदैन। अख्तियारको पञ्जामा पर्ने खतरा हुँदा हुँदै पनि भ्रष्टाचारको दीपशिखा बाल्न कोही पछि परेको छैन। स्थानिय सरकारका् अनावश्यक कर त्यसै पनि जनतालाई ढाड सेक्दै छ। जनता प्रत्यक्ष लाभान्वित हुने सरकारको तर्फबाट कुनै योजना अगाडि सारिएको छैन। कृषिको उत्पादन बढाउन सरकारको सहुलियत ऋण, अनुदानबाहेक अरू कुनै ठोस नीति ल्याउन सकेको छैन। लगानी सम्मेलन गर्दा पनि एफ०डी०आई०मा खासै उपलब्धि देखिएको छैन। दुई अंकको आर्थिक वृद्धिदर ल्याउने सरकारले दावा गरि रहँदा त्यस अनुसारको आर्थिक कार्यक्रम आउन जरूरी रहेपनि त्यस्ता कुराहरू केही देखिएको छैन। अर्थात् यो सरकार पनि परम्परागत प्रवृतिबाट मुक्त देखिदैन।

लोकतान्त्रिक मूल्य मान्यताको अवमूल्यन गर्दै सरकार अवैधाननिक तौर तरिका अपनाउँदै गएको, जनता प्रत्यक्ष लाभान्वित हुने कुनै कार्य नगरेको, भ्रष्टाचारका घटनाहरू उजागर गरि साम्य पार्ने कोशिश भएको, विकासमा शून्य गतिशीलता रहेको, सरकारका नीति, कार्यक्रम व्यवहारमा आउन नसकी कल्पनामा सीमित भएको आदि कारणले राजनीति वृतमा असन्तुष्टता फैलि रहेको छ। विकासको क्षेत्रमा सरकारको गतिहीनता तथा दुईतिहाईबाट नपुगी कतिपय संवैधानिक अंगहरूलाई आफ्नो मातहतमा लिई अझ शक्तिशाली बन्ने सरकारको मनोकाँक्षा तनाशाहको रूपमा विराजमान रहने क्रियाकलापले राजनीतिक विश्लेषकहरूमाझ शंका उब्जाई दिएको छ। लामो समय देशको राजनीति संक्रमणकालमा रहेको, संघीय लोकतान्त्रिक गणतन्त्रको प्रणाली लागू भएको पनि १ वर्ष बढि भएको अवस्थामा जनता द्रूतगतिको विकास चाहेकोले सरकारको अन्योलग्रस्त अवस्था थप शंका उब्जाएको छ। सरकारको यस्तो अवस्था किन आएको, सरकार किन अलमलिएको आदि कुराहरूको कारण पनि सतहमा आई रहेको छैन। यी सब कारणले राजनीतिक माहौल तातिएको र असन्तुष्टताले वैकल्पिक शक्ति खोजी रहेको छ। वैकल्पिक शक्तितिर उन्मुख राजनीति पहिलो अभ्यासमा बावुराम भट्टराई तथा उपेन्द्र यादबको पार्टीलाई एकीकरण गराएको छ। उपेन्द्र यादबले लामो समयदेखि राजपा र नयाँ शक्ति पार्टीसंग एकता वार्ता गर्दै आई रहकोमा नयाँ शक्ति पार्टीसंग एकीकरण गर्न सफल भएको छ। अब राजपासंगको एकता बाँकी रहेको छ। राजपा सरकारबाट बाहिरिएको छ। तर किंकर्त्तव्यविमुढ अवस्थामा छ। राजपाका एक नेता तथा साँसद रेशम चौधरीलाई जेल हालिएको छ। राजपाका लागि आन्दोलनको विकल्प छैन। आन्दोलनका लागि राजपा एक्लै धेरै कमजोर शक्ति हो। यस्तो अवस्थामा राजपा र समाजवादी पार्टीको एकीकरण परिस्थितिवश आवश्यक देखिएको छ। बावुराम भट्टराईसंगको एकीकरणले उपेन्द्र यादबको सरकारबाट बहिरगमन हुने बाध्यता बढेको छ। सरकारबाट बाहिर रहेको राजपालाई पनि एकीकरण गर्न परिस्थितिवश दबाव बढेको छ। जनतामा असन्तुष्टता बढेपछि कसको अस्तित्व हराउँछ भन्ने कुरा विगतका कतिपय चुनावले देखाई सकेको छ। ३% थ्रेसहोल्डको भय पनि व्याप्त छ। राष्ट्रिय भूमिकामा आउन चाहने दलहरूबीच यसकारण पनि एकीकरण हुन लागेको देखिन्छ। साना दलहरूमा पनि उपेन्द्र यादब र बावुराम भट्टराईको पार्टी एकीकरणले आकर्षण जन्माएको छ। कतिपय साना दलहरू पनि यसमा समावेश हुने सम्भावना बढेको छ।

गुट उपगुटका कारण नेपाली काँग्रेसको राजनीतिमा हस्तक्षेपकारी भूमिका हुन नसकेका कारण जनताले नेपाली काँग्रेसलाई विश्वास नगरि पाखा लगाएका हुन्। सरकार अलोकतान्त्रिक हुँदै गएकोले नेपाली काँग्रेसमा अहिले प्रतिक्रियात्मक आवेग बढेको छ। नेपाली काँग्रेस अहिले जन सम्पर्कका लागि जन जागरण अभियानमा लागेको छ। यो सरकारको विरूद्ध आन्दोलन थाल्न नेपाली काँग्रेस एक्लै असमर्थ छ। नयाँ शक्तिको उदयसंगै जनतामा नयाँ उर्जाको संचरित हुने कुरामा दुई मत छैन। त्यसपछि नेपाली काँग्रेस पनि सोही शक्तिसंग गठबन्धन गरि आन्दोलनमा होमिने सम्भावनालाई नकार्न सकिन्न। महा गठबन्धनसहितको नवोदित राजनीतिक शक्ति आफैमा धेरै शक्तिशाली हुनेछ। परिस्थितिले चाहेको वैकल्पिक शक्तिको चाहनालाई यसले पूरा गर्नेमा कुनै शंका छैन।

janukjha24@gmail.com

# समाजवादीसँग एकता गर्न अप्ठ्यारो छैन



**सत्यनारायण मण्डल**
**उपाध्यक्ष, राष्ट्रिय जनता पार्टी नेपाल**

हामी अहिले पनि एकताबाट पछि हटेकै छैनौं । मुद्दा मिल्ने शक्तिहरूसँग एकता होस् भन्ने हामी चाहेकै छौं । जुन बेला फोरम नेपाल, जनमुक्ति पार्टी, नयाँ शक्तिबीच एकताको कुरा चलिरहेको थियो त्यसमा डा.बाबुराम भट्टराई राजपालाई पनि निम्तो गरेको थियो । तर, फोरम र नयाँ शक्तिबीच धेरै पहिलादेखि नै एकता वार्ता चलिरहेको थियो ।

**० फोरम नेपाल, नयाँ शक्ति र राजपाबीच एकताको कुरा चल्दै थियो तर, फोरम र नयाँ शक्तिले समाजवादी पार्टी घोषणा गर्‍यो । राजपा किन अटाएन ?**

– राजपा नेपाल निर्माणको उद्देश्य नै डेढ करोड मधेशीहरूको हक अधिकार दिलाउने हो । वर्तमान संविधानमा धेरै त्रुटिहरू छन् । त्यसैले अहिलेसम्म मधेशले नेपालको संविधान २०७२ लाई मान्यता नै दिएको छैन । त्यो संविधानको विरूद्धमा हामी संविधान दिवसलाई कालो दिवसको रूपमा मनाउँदै आएका छौं । त्यो संविधानलाई संशोधन गरी सबैको हकअधिकार स्थापित गराउनका लागि राजपा नेपालको गठन भएको छ । राजपाले त्यो उद्देश्य प्राप्तिका लागि नै कुनै दलसँग एकता वा सहकार्य गर्ने हो । तत्कालीन फोरम नेपाल र वर्तमान समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले मधेशवाद नै छैन, मधेशवाद के हो भन्ने कुराहरू गर्न लाग्नुभयो । विस्तारै मधेशवादको इथिक्सबाट उपेन्द्र यादव अलग्गिँदै जानुभयो । तर, केही दिन पहिला फोरम नेपालले राजपालाई एकताका लागि पत्र पठायो । त्यसका लागि राजपाले पनि वार्ता समिति बनायो र पत्रको आदानप्रदान भयो । भएको थियो । फोरम नेपाल सरकारबाट बाहिर पनि आइसकेको थिएन । त्यसकारणले, नयाँ शक्ति र फोरमबीच एकता भयो ।

**० अब राजपा नेपाल कसरी अगाडि बढ्छ ?**

– आगामी कार्तिक २८ देखि ३० गतेसम्म हाम्रो एकता महाधिवेशन हुँदैछ । महाधिवेशनका लागि पनि हामीले सघनरूपमा तयारी गरिरहेका छौं । अहिले पनि राजपा नेपाल र नवगठित समाजवादी पार्टीबीच एकताका लागि राउण्ड टेबुलमा बसेर प्रक्रिया सुरू भइसकेको छैन । हाम्रा अध्यक्षहरूसँग अनौपचारिकरूपमा वार्ता भइरहेको छ । तर, यसमा दुवै तर्फबाट तदारूकता नदेखाएकोले निकट भविष्यमा एकता वार्ता सुरू हुने वा एकता हुने कुनै लक्षण देखिएको छैन ।

**० नयाँ शक्ति र फोरमको एकता घोषणा कार्यक्रममा सार्वजनिक रूपमै अध्यक्ष उपेन्द्र यादवले राजपालाई एकतामा आउन आह्वान गर्नुभएको छ नि ?**

– हाम्रा मधेशका मुद्दाहरूलाई जबसम्म हामीले एकताबद्धरूपमा संघर्ष गर्दैनौं तबसम्म संविधान संशोधनमार्फत् समाधान हुनेवाला छैन । यसकारणले हामी एकताबद्ध हुनाले समाजवादीसँग एकता गर्दा समस्या हुँदैन । मधेशको मुद्दा सम्बोधन गराउने उद्देश्यका साथ एकता वार्तामा बसेर एकता हुनुपर्छ ।

**० राजपाका नेताहरू अध्यक्ष बन्नकै लागि लालायित देखिएका छन्, महाधिवेशनबाट एकल अध्यक्षीय प्रणालीमा जाँदा बाँकी नेतृत्ववर्ग अर्काको अस्तित्व स्वीकार्नुहुन्छ ?**

– यो त विधानले निर्धारण गर्ने हो । महाधिवेशन पनि त्यसैका लागि हुन्छ । राजपाले जुन प्रकारले आफ्नो विधानको परिकल्पना गरेको छ, त्यो विधानमा निर्देशित गरिएअनुसार नै विभिन्न पदहरूका लागि राजपामा रहेका उच्च पदका नेताहरू र कार्यकर्ताहरूको समायोजन हुन्छ । को कहाँ समायोजन हुन्छ त्यो कुरा महाधिवेशनले तय गर्ने हो । महाधिवेशनले जुन प्रकारको विधान पारित गर्छ त्यसअनुसार नै नेताहरूको पनि समायोजन हुन्छ ।

**० तपाइँहरूले जहिले पनि संविधान संशोधनको कुरा उठाउनु हुन्छ तर के-के विषयमा र केका लागि संशोधन गर्ने भन्ने विषयमा प्रधानमन्त्रीले कुरा गर्न आह्वान गर्नुभएको छ । तर, तपाइँहरूले संविधान संशोधनलाई बेमौसमी गानाको रूपमा गाउँदै आउनुभएको भन्ने आरोप प्रधानमन्त्रीले लगाउनु भएको छ नि ?**

– वर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीको जुन प्रकारको भाषा छ, त्यो एउटा पढेलेखेका राजनीतिकरूपमा बोलिने भाषा होइन । तीन दर्जनभन्दा बढी पटक हामीसँग प्रधानमन्त्रीको कुरा भइसकेको छ । हामीले कयौंपटक हाम्रा माग र मुद्दाहरू लिखितरूपमा पनि अल्टिमेटम दिइसकेका छौं । राजपाका सांसदहरूले संसदको रोष्ट्रमबाट संशोधनका मुद्दाहरूका बारेमा कयौं पटक प्रधानमन्त्रीलाई ध्यानाकर्षण गराइसकेका छन् । हामीले लिखितरूपमा पनि दिइसकेका छौं । यस्तो हुँदाहुँदै पनि प्रधानमन्त्री ओलीले जुन प्रकारले चरित्र देखाइरहनु भएका छन्, जातीय विद्वेष फैलाउने खालको जुन अभिव्यक्ति दिनुहुन्छ त्यसले निश्चत नै देशमा शान्ति स्थापित हुन नदिने उद्देश्य देखिन्छ । हामी दर्जनौं पटक हाम्रा मागहरूका बारेमा अल्टिमेटम दिइसक्का छौं, उहाँको टिमसँग कुरा गरिसकेका छौं । पटक-पटक हामीले वार्ता गरिसक्यौं । तैपनि उहाँले केका लागि संविधान संशोधन भनेर बुझ्नु भएको छैन भने यो निश्चितरूपमा जातीय विद्वेष फैलाउने, देश विखण्डन गर्ने, देशमा शान्ति स्थापित हुन नदिने, समृद्धि ल्याउन नदिने उहाँको व्यक्तिगत स्वार्थ छ । यसकारणले, प्रधानमन्त्रीको त्यस्तो अभिव्यक्तिको म घोर निन्दा गर्दछु । उहाँ तीन करोड नेपाली जनताको प्रधानमन्त्री हुन् । उहाँले हाम्रो मुद्दा सम्बोधन गर्नका लागि राजपा नेपाललाई बोलाएर कुरा गर्नुपर्दथ्यो । तपाइँहरूको माग के हो भन्ने कुरा हामीसँग छलफल गर्नुपदर्थ्यो । तर, उहाँले हामीसँग कुरा नगरेर सार्वजनिक रूपमा यस्तो कुराहरू गरेर जातीय सद्भाव बिगार्ने र जातीय उन्माद फैलाउने काम गरिरहनु भएको छ । उहाँले प्रधानमन्त्रीको हैसियतले जुन गर्नुहुन्छ त्यो ठिक छैन । उहाँले प्रधानमन्त्रीको हैसियतलाई धेरै तल झारेर कुरा गरिरहनुभएको छ ।

**तपाईहरूको माग के हो भन्ने कुरा हामीसँग छलफल गर्नुपदर्थ्यो । तर, प्रधानमन्त्रीले हामीसँग कुरा नगरेर सार्वजनिक रूपमा यस्तो कुराहरू गरेर जातीय सद्भाव बिगार्ने र जातीय उन्माद फैलाउने काम गरिरहनु भएको छ ।**

सुरू-सुरूमा संशोधन होइन पुनर्लेखन गराउनुपर्छ भन्ने उपेन्द्र यादव अहिले सरकारमै हुनुहुन्छ । त्यो एकीकरणको बाटोमा अलिकति बाधा देखिएको हो । राजपाले त्यसको आधिकारिकताको बारेमा प्रश्न उठाएको छ । अधिकार प्राप्तिको बाटोमा जब हामी एक छौं भने तपाइँ सरकारमा पनि बसिरहने यो अलिकति मिलेन । सरकारबाट फिर्ता हुनुपर्‍यो । त्यसपछि हामी समग्ररूपमा एउटा टिओआर बनाऔं र त्यसमा एकता गरौं । त्यसमा त्यसबेलाका फोरम नेपाल र हालका समाजवादी पार्टी नेपालले त्यति उत्सुकता नदेखाएकोले एकता प्रक्रिया अहिलेसम्म पत्राचारमै सीमित छ । राउण्ड टेबुलमा एकता वार्ता अगाडि बढ्न सकेन ।

**० भनेपछि फोरम सरकारबाट बाहिरिन नचाहँदा राजपा एकीकरण प्रक्रियामा आएन ?**

– हामी अहिले पनि एकताबाट पछि हटेकै छैनौं । मुद्दा मिल्ने शक्तिहरूसँग एकता होस् भन्ने हामी चाहेकै छौं । जुन बेला फोरम नेपाल, जनमुक्ति पार्टी, नयाँ शक्तिबीच एकताको कुरा चलिरहेको थियो त्यसमा डा.बाबुराम भट्टराई राजपालाई पनि निम्तो गरेको थियो । तर, फोरम र नयाँ शक्तिबीच धेरै पहिलादेखि नै एकता वार्ता चलिरहेको थियो । उहाँहरूबीचको एकता प्रक्रिया अन्तिम चरणमा पुगिसकेको थियो । तर, राजपासँग त पत्रको आदानप्रदान मात्र हुनैपर्छ । राजपाले समाजवादी पार्टी मात्रै होइन मधेशका शक्तिहरू जो अहिले छिन्नभिन्न अवस्थामा छन्, ती सबैलाई गोलबद्ध हुन आह्वान गर्दछ । मधेशको मुक्ति र हक अधिकार स्थापित गराउन चाह्ने नेतृत्ववर्ग, चाहे त्यो जुनसुकै पार्टीमा होस्, सबै एक ठाउँमा आएर एकबद्ध हुन आह्वान गर्न चाहन्छु । हामी एकताबद्ध भएर सरकारलाई दबाब दिँदै जसरी भए पनि संविधान संशोधन गराएर हामी आफ्नो मुद्दाको किनारा लगाऔं । जहाँसम्म कुरा छ कि उपेन्द्र यादवले हामीलाई एकतामा आह्वान गर्नुभएको छ, त्यसको हामी सराहना गर्छौं । समाजवादी पार्टीले यदि इमान्दारीपूर्वक राजपा नेपालसँग एकता चाहन्छ भने राउण्ड टेबुलमा एकता वार्तामा बसेर एउटा निश्चित टिओआरको आधारमा मधेशको मुद्दालाई सम्बोधन गराउने प्रेरणाका साथ हामी एकता गरौं ।

**० समाजवादीमा दुई जना अध्यक्ष छन्, राजपामा ६ जना । अब तपाइँहरू एकता गर्दा आठ वटा अध्यक्ष बनाउने ?**

– आगामी कार्तिक २८ देखि ३० गतेसम्म राजपाको महाधिवेशन हुँदैछ । हाम्रो नयाँ विधान जुन बनिरहेको छ, त्यसमा हामीले एकल अध्यक्षीय प्रणालीको परिकल्पना गरेका छौं । आगामी महाधिवेशनबाट राजपामा पनि एकल अध्यक्षीय प्रणाली लागू हुनेछ । राजपा नेपाल पनि एकल अध्यक्षीय प्रणालीमा जाने

# प्रदेश २ मा नेकपा चुपचाप बस्दैन

मधेशी दलमा जो सच्चा मनका साथ लागेका थिए। उनीहरू मधेशी दल छोड्ने क्रम सुरू भएको छ । अहिले मधेशवादी दलविहीन मधेश बन्दै गइरहेको अवस्था छ । त्यो अर्थमा हाम्रो पार्टीले यसरी भ्रष्टाचारमा चुर्लुम्म डुब्ने, सत्ताका रस चाट्ने र पूरै अराजकता सिर्जना गर्ने जुन क्रियाकलापहरू भइरहेको छ त्यसबारे हामीले समीक्षा गर्नुपर्छ र एउटा धारणा बनाएर जानुपर्छ भन्ने चरणमा छौं ।



**प्रभु साह**
**नेपाल कम्युनिष्ट पार्टी प्रदेश २ कमिटी अध्यक्ष तथा प्रतिनिधिसभा सदस्य**

**० नेपाल कम्युनिष्ट पार्टीले प्रदेश २ को सरकारप्रति सन्तुष्ट छैन । नेकपाका शीर्षका नेताहरूले प्रदेश सरकारको आलोचना गरिरहेका हुन्छन् किन ?**

– प्रदेश २ मा हामी एक नम्बर पार्टी हौं । तैपनि प्रदेश २ मा मधेशी दलले नै सरकार चलाओस् भन्ने धारणा राखेर हामीले समर्थन दिएका पनि हौं । मधेशी जनताको जनादेश पनि हामीले एक ढंगले मधेशी दललाई मान्यौं । प्रदेश २ को सरकार उनीहरूलाई नै चलाउन दिनुपर्छ र उनीहरूले कसरी चलाउँछन् हेर्न पनि जरूरी छ । विगतको आन्दोलन, अहिलेको माहोल र मधेशी दलको भूमिका हेर्दा उनीहरूले सरकारको नेतृत्व गर्नुपर्छ भनेर दिएकै हो । उनीहरूको गतिविधि जसरी अगाडि बढिरहेको छ, त्यसले हामी सन्तुष्ट हुने ठाउँ छैन । हामी उनीहरूको गतिविधिको समीक्षा गर्दैछौं । खासगरी मधेशी जनताको जुन अपेक्षा थियो त्यसरी प्रदेश सरकार अगाडि बढिरहेको छैन । हिजो उक प्रकारको भ्रम थियो कि मधेशको सम्मान, अधिकारका लागि मधेशी दलकै सरकार चाहिन्छ र अहिले त्यो भ्रम क्रमशः हट्दै गइरहेको छ । यो भ्रम मधेशी जनताबाट मात्र नभई मधेशी दलकै नेताहरूबाट पनि हट्दै गइरहेको छ । मधेशी दलमा जो सच्चा मनका साथ लागेका थिए। उनीहरू मधेशी दल छोड्ने क्रम सुरू भएको छ । अहिले मधेशवादी दलविहीन मधेश बन्दै गइरहेको अवस्था छ । त्यो अर्थमा हाम्रो पार्टीले यसरी भ्रष्टाचारमा चुर्लुम्म डुब्ने, सत्ताका रस चाट्ने र पूरै अराजकता सिर्जना गर्ने जुन क्रियाकलापहरू भइरहेको छ त्यसबारे हामीले समीक्षा गर्नुपर्छ र एउटा धारणा बनाएर जानुपर्छ भन्ने चरणमा छौं ।

**० भनेपछि प्रदेश २ मा पनि नेकपाकै सरकार बन्ने तयारी भइरहेको छ ?**

– अहिले जनताको जनादेश त नेपाल कम्युनिष्ट पार्टीलाई नै छ । किनभने जनताले हामीलाई ठूलो पार्टी बनाएको हो । तर, स्पष्ट बहुमत नभइसकेको र विगतका आन्दोलनहरूका कारणले पनि हामीले मधेशी दलहरूलाई नै समर्थन गरेका थियौं । अहिले मधेशी दलहरूको गतिविधि न सम्मान बढाउने खालको छ, न विकास र समृद्धि ल्याउने खालको छ । झन् मधेशलाई बदनाम गर्ने, मधेशलाई उजाड बनाउने, मधेशलाई तहसनहस पार्ने र त्यसले देशलाई असर पार्ने खालका जुन क्रियाकलापहरू भइरहेको छ त्यसले हामीलाई चिन्तित बनाएको छ । हामीले अहिले पनि उजीहरूले सुधार गरोस्, राम्रो ढंगले जाओस् भन्नका लागि पार्टीका नेताहरूले सचेत गराउनु भएको हो । अहिले नै प्रदेश २ मा नेकपाको सरकार बनाउने ढाँचामा पुगिसकेका छैनौं । तर, चुपचाप रहेर बस्ने स्थिति पनि छैन ।

**० मधेशी दलहरूको सरकारले आफ्नो कार्यशैलीमा सुधार ल्याएन भने नेकपाले सरकार बनाउने तयारी सुरू गर्छ ?**

– हामी अहिले आशावादी नै छौं । किनभने मधेशमा विगतदेखि नै विभेदमा थियो, पछाडि पारिएको थियो, तर मधेश यो देशको प्रमुख अंग थियो । अहिले मानव विकास सूचकांकमा सबभन्दा पछाडि परेको छ । यसको समीक्षा गरेर उठाउने गरी सोच्नुपर्छ । हामीले मधेशी जनतालाई समृद्धि दिने सोचमा छौं । तर, बीचमा जसरी कम्युनिष्ट पार्टी भनेको पहाडियाको पार्टी, मधेश विरोधी पार्टी भनेर गलत भ्रमहरू छरियो त्यसलाई जनताले पत्याएनन् र हामीलाई पहिलो पार्टी बनायो । तैपनि केही तप्काहरू भ्रममा परेको हामीलाई लाग्यो, त्यो भ्रम नहट्दासम्म मधेश अधिकार सम्पन्न हुँदैन । किनकि सच्चा शक्तिहरूसँग टाढा भएर जनतो कहिल्यै पनि विजय प्राप्त गर्दैन । गलत बाटो समातेका साथीहरू त्यसबाट क्रमशः मुक्त भइरहेका छन् । त्यो अभियान अझ तीव्र रूपमा चल्नुपर्छ । किनकि मधेशी दल भनेको सत्ताको रस चाट्ने र भ्रष्ट तप्काको भन्ने देखाएको छ । आफ्नो स्वार्थपूर्तिका लागि विभिन्न भ्रमहरू छरेर सत्तामा जाने दाउ मात्र देखिन्छ । जसरी सबै प्रदेशहरूमा सरकारहरू गठन भयो । अन्य प्रदेशहरूमा ५/६ जनाको क्याबिनेट बन्यो तर जो सबभन्दा गरीब प्रदेश प्रदेश छ, पछाडि परिएको प्रदेश छ, त्यहाँ १३/१४ जनाको क्याबिनेट बन्यो । यसले मधेशी सम्मानित भइरहेका छन् त ? प्रदेश सरकारले उत्पादनका थोक कार्यहरूमा जोड दिनुपर्ने थियो तर खुद्रा कार्यहरू गर्ने, चाट्ने काममा, भ्रष्टाचारमा चुर्लुम्म डुब्ने प्रवृत्तिहरू देखिएको छ । सदाचार र सुशासनको बाटोमा हिंड्नुको साटो अनियमितता र अराजकता बढाउने कार्य भइरहेको छ । उहाँहरूको कुनै पनि कार्यक्रम प्रभावकारी छैन, प्रदेश सरकारै छैन जस्तो लाग्छ । लुट्ने, खाने, बदनाम गराउने त्यसका लागि मात्रै सरकार देखिएको छ । भनेपछि यसले मधेशी जनताको गौरवलाई बढाएन, उत्साहित बनाउन सकेन र एक किसिमको खिन्नता र आक्रोश मात्र पैदा गर्ने क्रियाकलापहरू भइरहेको छ । त्यो स्थितिलाई हामी टुलुटुलु हेर्न मिल्दैन । हामीले एउटा उपयुक्त कदम चाल्नुपर्छ लागेको छ ।

**० त्यो उपयुक्त स्टेप भनेको नेकपाको सरकार बनाउनु हो ?**

– पहिला त हामीले विषयवस्तुको सही संश्लेषण गर्नुपर्‍यो । समीक्षासहित एउटा निचोड निकाल्नुपर्‍यो । जो हामी सापेक्षिक रूपमा भनिरहेका छौं कि यो सरकारले सही दिशा समातेको छैन, सही काम गरिरहेको छैन । मधेशका जनताको जुन माग हो त्यसको उल्टो हिंडिरहेको छ । जनताको जनादेशविपरीत काम गरिरहेको छ, त्यसलाई सुधार्नुपर्छ । पहिलो चरणमा हामीले उहाँहरूलाई सुझाव दिने, दबाब दिने काम नै उचित हुनेछ । त्यसरी पनि सुध्रिने स्थिति भएन भने जसरी हामी जनादेश आएको छ त्यो अनुसार स्टेप हामीले चाल्नुपर्छ ।

**० प्रदेश २ मा नेकपा ठूलो दल भएपनि सरकार बनाउने बहुमत छैन । कुन दलसँग नेकपाको सहकार्य हुनसक्छ ?**

– प्रदेश २ मा दुईटा मधेशी दलको सम्मिलित सरकार छ । त्यसमा राम्रा र खराब दुवै किसिमका मान्छेहरू छन् । मधेशवादी दलमै सबै भ्रष्ट त होइनन् । सबैले यसरी बाँडीचुँडी खाउँ भन्ने त छैन । त्यसमा केही सीमित मानिसहरूले त्यसको दिशा बिगाडिरहेका छन् । मधेशलाई बदनाम गर्ने सबै मधेशी दलमा त लागेका थिएनन् । मधेशलाई सम्मान दिलाउने, विकास गर्ने भन्ने आशयका साथ पनि मान्छेहरू लागेका छन् । सबै जितेका सांसदहरू भ्रष्ट भइसकेका छैनन् । त्यसभित्र पनि यसको विरूद्ध लड्ने मान्छेहरू छन् । त्यसमध्येका राम्रा मान्छेहरूको एउटा समूह बनाउन सकिन्छ । मधेशी दलहरूमा रहेका राम्रा व्यक्तिहरूको सपोर्ट लिएर अगाडि बढ्न सक्ने स्थिति स्पष्ट देखिरहेका छौं । अन्य पाटीहरू पनि प्रदेश सरकारको समीक्षाको चरणमा छन् । मधेशमा भ्रष्टाचार होस्, मधेश बदनाम होस् भन्ने चाहने मान्छेहरू सबै त छैनन् । त्यसलाई सुधार्ने मान्छेहरू पनि छन् । भनेपछि त्यसरी सहकार्य हुन्छ र त्यसको शक्ति सन्तुलनको आधारमा अगाडि बढ्छौं ।

**० जसरी तपाइँले प्रदेश २ सरकारमाथि आरोप लगाउनु हुन्छ, त्यसको तुलनामा अन्य प्रदेशहरूले राम्रा काम गरिरहेका छन् त ?**

– मैले अरू प्रदेशहरूको तुल्नात्मक भन्ने हो । अहिले त भर्खर देशमा प्रदेश सरकारहरू काम गर्दैछ । त्यसैले, प्रदेश २ का लागि हामी हतारमा पनि छैनौं । तर, अन्य प्रदेशसँग तुलना गर्ने हो भने प्रदेश २ नै बढी भ्रष्ट, कुशासन भएको देखिन्छ । प्रदेशले गर्ने काममध्ये एउटा पनि काम जनताले महसुस गरेका छैनन् । सरकारले उत्पादनलाई जोड दिने कि प्रचारलाई जोड दिने ? ठोस र देखिने काम गर्ने कि छर्ने काम गर्ने ? कुनै प्राथमिकता देखिदैँन उनीहरूको । मानव सूचकांक विकासमा परेको समाजलाई उठाउने प्रदेश सरकारको प्राथमिकता के हो ? भनेपछि केही प्राथमिकता देखिँदैन । प्राथमिकता यति हो कि आफ्नो कार्यकर्तामा बाँडीचुँडी खाने । तर, अन्य प्रदेशहरूले त त्यस्तो गरिरहेको छैन । हरेक प्रदेशका मन्त्रालयहरूले देखिने कामहरू गरिरहेका छन् । त्यसैले हामीले अहिले चिन्ता लिएको प्रदेश २ नै हो । अन्य प्रदेश त सुल्टो बाटोमा हिंडिरहेका छन्, तर प्रदेश २ त उल्टो बाटोमा हिंडिरहेको छ ।

**० तर, प्रदेश २ का मुख्यमन्त्रीले त संघीय सरकारले नै प्रदेश सरकारलाई असफल बनाउने षड्यन्त्र गरिरहेको आरोप लगाउनुभएको छ नि ?**

– बाहिरी मान्छेले के भन्छ त्यो मुख्य कुरा होइन, तपाइँले के गर्दै हुनुहुन्छ त्यो मुख्य कुरा हो । अन्य पार्टीहरूले त आरोप लगाउँछ, तर आफ्नै पार्टीका नेताहरू के भन्छन् ? जसले मतदान गरेर जिताएका छन् उनीहरूले के भन्छन् ? आफैमा कुटाकुटा गर्ने अनि आरोप अरूमाथि लगाउने ? यसरी मधेशीले अधिकार पाउँछ, मधेशी सम्मानित हुन्छ ? जनताले त उहाँहरूसँग सोधिरहेका छन् । बजेट कम छ भनेर भन्छन् तर, जति छन् त्यति पनि कहाँ गर्न सकेको छ । कम भनेर आफैमा बाँडीचुँडी खाइदिने, बढी आयो भने काम गर्ने ? भन्ने प्रश्न उठ्छ । अहिले पनि धेरै बिग्रिसकेको छैन । उनीहरूमा सद्बुद्धि आओस् । तर, मलाई विश्वास छैन कि जो आफै लुट्नका लागि बनेको हो उसले केही गर्छ । तर, जो सच्चा मधेशका लागि लड्ने शक्तिहरू छन् उनीहरू कुदेर आउन जरूरी छ । अनि मात्र मधेश अगाडि बढ्छ ।

*(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)*

# मिडिया काउन्सिलले उठाएका मुद्दाहरूको छिनोफानो



लक्ष्मीविलास कोइराला

लोक सेवा आयोग, मानव अधिकार आयोगको अधिकार कटौति गरेका समाचारहरू तातताता भैरहेकै बेलामा प्रेस काउन्सिलको अधिकार र स्वतन्त्रता कटौतिको मुद्दा पनि उठेकोछ। कानून बनाउन विधायिकालाई विषयवस्तु दिने सरकारको जिम्मेवारी भित्र पर्ने गर्दछ। लोक सेवा आयोगको अधिकार कटौति गर्ने हो भने आयोगलाई आफनो जिम्मेवारी निष्पक्ष, तटस्थ र गुणस्तरीयढंगले पुरा गर्न आपत पर्छ र पहुँच नहुनेहरूले सरकारी जागिर पाउन फलामको च्युरा चपाए झैं हुन्छ। मानव अधिकार आयोगको अधिकार कटौति गर्दा र प्रेस र प्रेस काउन्सिलमाथि गरिने नियन्त्रणले मानव अधिकार र स्वतन्त्रताको घटोत्तरीको सन्देश फैलन गई विश्वमा नेपालको साख घटन जान्छ।

कानून बनाएर कानूनको शासन गर्नु सरकारको सार्वभौम अधिकार हो। तर संविधानमा गरिएको व्यवस्थालाई चुनौति दिएर कानून बनाउन पाईदैन्। पूर्ण प्रेस स्वतन्त्रता, मानव अधिकारको सुनिश्चितता जस्ता सिद्धान्तहरू संविधानको प्रस्तावनामा नै राखिएका छन् भने राजनीतिकरूपले संगठित हुने, संघ संगठन खोल्ने र विचारको प्रचार प्रसार गर्ने, व्यापार व्यवसाय छनौट गर्ने, देशको जुनसुकै स्थानमा बसोवास र पेशा व्यवसाय गर्ने स्वतन्त्रता नागरिकलाई संविधानले नै प्रदान गरेकोछ। कानून बनाएर स्वतन्त्रतामाथि सरकारले अतिक्रमण गर्न सक्दैन।

प्रेस भन्नाले पत्रपत्रिका, टिभी, रेडियो, अनलाईन खबर, फोटो, कार्टुन र लेखहरू पर्दछन्। कार्यपालिका, व्यवस्थापिका, न्यायपालिका पछि सरकारको चौथो अंग प्रेसलाई मानिन्छ। प्रेसको खबरदारीले सरकारलाई जिम्मेबार, उत्तरदायी र स्वच्छ बनाउन बल मिलेको हुन्छ। जनता सुसूचीत हुन्छन्। सरकार र मन्त्री तथा कर्मचारीले गरेका गैरकानूनी कार्यहरूको पर्दाफास गर्ने कारण सरकार र कर्मचारीतन्त्रलाई अनुशासनमा राख्न र प्रभावकारी कार्यसम्पादन गर्नको लागि दबाव दिने कार्य पनि प्रेसले गरेको हुन्छ। प्रेस एक प्रकारले सरकार र समाजको वाचडग हो।

प्रेससँग कलम, अक्षर, शब्द, फोटो, चित्रको शक्ति रहेको हुन्छ। जहाँ शक्ति हुन्छ त्यहाँ मद पनि हुन्छ। प्रेस मदमत्त नहोस्, अराजक नहोस् र प्रेसले व्यक्तिगत चरित्र हत्या गर्न नगरोस् भनेर प्रेसलाई आचार संहिताको माध्यम अनुशासित बनाउने संयन्त्र बनाईएको हुन्छ। त्योभन्दा बढी प्रेस स्वनियमन स्वआचारमा बस्नु पर्छ भन्ने मान्यता स्वतन्त्र समाजमा उठि पनि रहेकोछ। प्रेस काउन्सिलले प्रेसका लागि आचार संहिता बनाउँछ, त्यसको कार्यान्वयन गर्छ र आचार संहिता पालना नगर्ने प्रेसलाई कारवाही पनि गर्दछ। प्रेस काउन्सिलको कारवाही भनेको मिडियालाई भूलस्वीकार गर्न लगाउन र मिडिया वा पत्रकारको डिफेम गर्नु हो। डिफेम गर्नु भनेको कमाएको सबै ईज्जत र प्रतिष्ठा पखालिनु हो। डिफेम भएको मिडिया वा पत्रकारलाई राष्ट्रिय पहिचान, सुविधा र अवसरबाट बन्चित गर्न सकिन्छ। प्रेसका गतिविधि अनुगमन गर्ने र आचार संहिता पालना गराउने र कारवाही पनि गर्ने भएकाले प्रेस काउन्सिल तटस्थ, निष्पक्ष र स्वतन्त्र हुनुपर्छ भन्ने निश्व मान्यता छ। नेपालमा अहिले मिडियाको संख्या अत्यधिक बढेकोछ। मिडियामा विविधता आएकोछ। समाचार र सूचना विविध कोणबाट सुन्न, हेर्न र पढन पाईन्छ। तर मिडिया संसार समस्याबाट अछुतो छैन्। मिडियाको आर्थिक अवस्था कमजोर छ। पत्रकारहरूले न्यूनतम पारिश्रमिक नपाईरहेको अवस्था पनि छ। सबै मिडियाहरू निष्पक्ष समाचार प्रवाह गर्ने गर्दैनन्, पनि। मिडियामा लागेका व्यक्तिहरूमा प्रासाङ्गिक कानून, आचार संहिता, प्रेसको मर्म सिद्धान्त र मूल्यमान्यता पनि जानकारी छैन्। जो जान्दछन् उनीहरूमध्ये कति त छाडा पनि छन्।

आचार संहिता मिडिया र पत्रकारको लेखन नियम हो। आचार संहिता विपरित हुने गरि मिडियाले समाचार वा चित्र प्रवाह गर्नु हुदैन्। सत्य र तथ्य नभई कल्पना वा अनुमानको भरमा समाचार बनाउँदा व्यक्तिको प्रतिष्ठामा र सम्मानमा चोट पुग्दछ। समाचार लेख्दैमा कोही पनि आरोपित त हुदैन तर समाजको अगाडि सम्मानमा लागेको दाग क्षतिपूर्ति र हजारौं घैला पानीले नुहाए पनि पखालिदैन्। कतिपय समाचार प्रबाहले समाजलाई उत्तेजित पनि बनाउँछ। मिडिया संसारले यो यथार्थ बुझ्नु पर्ने विषय हो।

एकसमयमा एउटा छापाले तात्कालीन प्रधानमन्त्री शुसील कोइराला विरामी परेको वेलामा स्वर्गे हुनुभयो भनेर समाचार छाप्यो। अनलाईन मिडियामा भाईरल भयो। बर्तमान प्रधानमन्त्रि केपि ओलीको बारेमा पनि त्यस्तै त्यस्तै अर्नगल समाचार आयो। मन्त्री, कर्मचारी, व्यापारीका नितान्त व्यक्तिगत समाचारहरू प्रकाशन र प्रशारण गर्दै केही मिडियाहरूले आतंक फैलाउने पनि गरेकाछन्। मिडियामा समाचार आउनासाथ व्यक्तिको साख गिरिहाल्छ। त्यसको क्षतिपूर्ति हुन कहिल्यै सक्दैन्। यस्ता गैरजिम्मेवार समाचारहरूले मिडियाको विश्वसनीयता कम र बढी बदनाम हुन्छ र मिडिया नियन्त्रणको खोजी हुन्छ।

निर्वन्ध हुन नपाईने कारण सरकार र शक्तिमा रहेकाहरूले मिडियालाई बोझको रूपमा लिएको पाईन्छ। आफना कमी कमजारीहरू वाहिर ल्याईदिने भएकोले मिडिया शासकलाई मन पर्दैन्। राज्य शासन सञ्चालनगर्दा कतिपय अवस्था समाचार सूचना प्रवाहले अप्ठेरो पनि पर्ने भएकाले मिडियालाई नियन्त्रण गर्नुपर्ने आवश्यकता महसुस हुन जान्छ। यसकारण मिडिया र सरकारका बीच द्वन्द्वात्मक संबन्ध रहेको हुन्छ।

सरकार आफै अग्रसर भएर भन्दा प्रेस काउन्सिलको माध्यम घुमाउरोरूपमा मिडिया नियन्त्रण गर्ने रणनीति वर्तमान सरकारले लिन खोजेको आरोप प्रेस काउन्सिल र नेपाल पत्रकार महासंघ लगायत सम्पूर्ण मिडिया र मिडियाकर्मीको छ।

तथ्यहीन एवं आचार संहिता विपरित समाचार लेख्नेलाई नियन्त्रण गर्न प्रस्तावित मिडिया काउन्सिल ऐनमा ठुलो धनराशी र कैदको सजायँ प्रस्ताव गरिएकोछ। मिडिया माथि नियन्त्रण गर्न प्रेस काउन्सिललाई निर्देशन दिने र नमाने प्रेस काउन्सिलका पदाधिकारीहरूलाई नै हटाउन सक्ने व्यवस्थाले सबैको मन दुःखेको छ। सबैलाई सरकारको रवैया कतातिर सोझिएको छ भनेर तर्साएको पनि छ। एकपटक मित्रराष्ट्र भारतको प्रेस काउन्सिलका तात्कालीन अध्यक्ष काटाजूले गलत समाचार प्रवाह गरि व्यक्तिको मर्यादामा आँच पुऱ्याउनेलाई ठुलो धन राशीको सजाय गरेको उदाहरण पनि हामीसँग छ। तर त्यो निर्णय कसैलाई स्वीकार्य भएन। ठुलो धनराशीको जरिवना गर्ने व्यवस्थाले गलत समाचार बनाउने मात्र तर्से त ठिक थियो। तर सही समाचार लेख्ने सेल्फ सेनसरसीपको शिकार भयो भने सत्य तथ्य समाचार वाहिर आउन सक्दैन जस्ले प्रजातान्त्रिक समाज र सरकारलाई नै घाटा हुनजान्छ।

ऐन नियम बनाउनेले ऐन नियमबाट पर्ने प्रभावको आकंलन गर्न सकेन भने त्यसलाई नीतिविज्ञ वा कानूनविज्ञ भन्न सकिदैन्। कानून बनाएर शासन गर्ने भन्दैमा सरोकारवालाहरू सहभागिता र प्रस्तावित कानूनको प्रभावलाई विर्सनु हुदैन्। प्रेस काउन्सिल सरकार निर्देशित भयो भने प्रजातन्त्र सुरक्षित हुदैन्। प्रेस काउन्सिल निर्देशित भयो आदेश निर्देशमा चल्यो भने सबैका लागि खतरनाक हुन्छ। सरकारले प्रेस काउन्सिललाई निर्देशन दिने र सो काउन्सिलले मान्ने हो भने मिडिया र पत्रकारलाई एउटा न एउटा निहुँ झिकेर लाखौलाख जरिवना गर्न सकिन्छ र सरकार ईतर मिडिया र पत्रकारलाई सजिलै तह लगाउन पनि सकिन्छ। परिणाम: मिडिया भाटगानका गायक बन्छन्। जननिर्वाचित सरकारले फेरिफेरि पनि निर्वाचनमा जानु पर्ने भएकाले यसप्रकारको अस्वीकार्य काम गर्नु बान्छनीय पनि हुदैन्।

> ऐन नियम बनाउनेले ऐन नियमबाट पर्ने प्रभावको आँकलन गर्न सकेन भने त्यसलाई नीतिविज्ञ वा कानूनविज्ञ भन्न सकिदैन। कानून बनाएर शासन गर्ने भन्दैमा सरोकारवालाहरू सहभागिता र प्रस्तावित कानूनको प्रभावलाई बिर्सनु हुँदैन।

नेपालको संविधान बनाउँदैगर्दा संविधानको मसौदामा पूर्ण प्रेस स्वतन्त्रता नभएर प्रेस स्वतन्त्रता मात्रै थियो। प्रेस काउन्सिलका तात्कालिन अध्यक्ष बोर्ण बहादुर कार्की, नेपाल पत्रकार महासंघका तात्कालिन अध्यक्ष महेन्द्र विष्ट, प्रेस काउन्सिलका सदस्य किशोर श्रेष्ठ, सुर्दशन आचार्य, म ( सदस्य सचिव, प्रेस काउन्सिल) र गोविन्द आचार्य तात्कालिन प्रधानमन्त्री सुशील कोइराला, सभामुख सुभासचन्द्र नेवाङ, मसौदा समितिका कृष्ण प्रसाद सिटौला, बावुराम भट्टराई र प्रमुख राजनीतिक दलका नेताहरूकहाँ पुगेर संविधानमा पूर्ण प्रेस स्वतन्त्रता राख्न अनुरोध गरेका थियौं। त्यसकै फलस्वरूप संविधानको प्रस्तावनामा पूर्ण प्रेस स्वतन्त्रताले ठाँउ पाएको हो।

प्रेस स्वतन्त्रता भनेको प्रजातन्त्रको महत्वपूर्ण अवयव मात्र होइन स्वतन्त्र समाजको अभिन्न अंग पनि हो। अनुशासित प्रेस सरकारको आँखा हो। समाजको ऐना हो। प्रेसबाट आलोचित भएपछि मात्र सरकारले सुधिने अवसर प्राप्त गर्दछ। प्रेस पनि प्रमाचार प्रवाहगर्दा स्वनियममा बस्नु पर्ने हुन्छ। अहिले सरकार प्रेससँग डराएको जस्तो सन्देश फैलिएको र सरकारको नियन्त्रणमूखी छवि बाहिरिएकोछ। सरकारले कानून बनाएर प्रेस स्वतन्त्रता कुन्ठित गर्न खाज्यो भन्ने सन्देश छर्नुभन्दा समाचार प्रकाशन र प्रशारणको राम्रो वातावरण बनाउनु राम्रो हुन्छ।

प्रेस काउन्सिलको उद्देश्य स्वस्थ पत्रकारिताको विकास गर्नु हो। अहिलेको गठन प्रक्रिया र नियुक्ति आलोच्य बन्दै गएकोछ। प्रेसलाई अनुशासित बनाउन काउन्सिलले महत्वपूर्ण भूमिका खेल्ने भएकाले सरकारले संसदमा प्रस्तुत गरेको विद्येयक फिर्ता लिई सरोकारवालाहरूको परामर्शमा काउन्सिललाई स्वायत, स्वतन्त्र, निष्पक्ष, तटस्थ र सक्षम बनाउन तथा निर्भिकतासाथ काम गर्ने निकाय बनाउन निम्न रणनीतिक उपायहरू समावेश गर्न उचित देखिन्छ।

- सरकार, पत्रकार र समाचार उपभोक्ताको प्रतिनिधित्व हुने गरि प्रेस काउन्सिलको संरचनालाई समावेशी बनाउने।
- प्रेस काउन्सिलको अध्यक्ष पूर्व न्यायधीश वा बरिष्ठ अधिवक्ता वा स्नातक उर्तीण गरि पच्चीस वर्ष पत्रकारिता क्षेत्रमा क्रियाशील भई ख्याती कमाएको वा उच्च सरकारी पदमा बीस वर्षभन्दा बढी रहि पत्रकारिता र प्रशासनको क्षेत्रमा योगदान दिएको र सदस्य हुनको लागि स्नातक भई पन्ध्र बर्षभन्दा बढी पत्रकारिता गरि ख्याती कमाएको हुनुपर्ने वा कुनैपनि विषयमा स्नातकोत्तर उर्तीण भई पत्रकारिता संवन्धी ज्ञान भएको।
- अध्यक्ष सदस्य सिफारिस गर्न संघीय संसदको सभामुखको अध्यक्षतामा मन्त्रालयको सचिव र पत्रकारिता अध्यापन गर्ने प्राध्यापक गरि तीन सदस्यीय समितिको व्यवस्था गर्ने।
- समितिको सिफरिसमा नेपाल सरकारले चार वर्षका लागि नियुक्ति गर्ने र बढीमा एक कार्याकाल मात्र दोहाऱ्याउन सक्ने व्यवस्था गर्ने,
- प्रेस काउन्सिलको अध्यक्ष र सदस्यलाई कार्यक्षमताको अभाव भएको वा निष्पक्षताको अभाव भएको वा शारिरीकरूपले असक्षम भएको भनी संघीय संसदको राज्य व्यवस्था समितिको दुई तिहाई सदस्यको बहुमतले प्रस्ताव पारित भएमा स्वत: हटने व्यवस्था गर्ने,
- काउन्सिलले बार्षिक प्रतिवेदन प्रधानमन्त्रीलाई बुझाउने र प्रधानमन्त्रीले सो प्रतिबेदन छलफलका लागि राज्य व्यवस्था समितिमा पठाउने व्यवस्था गर्ने।
- प्रेस काउन्सिलको लागि पर्याप्त बजेटको व्यवस्था गर्ने।

प्रजातान्त्रिक देश र शासन संस्कारको स्तर मापन प्रेस स्वतन्त्रता कस्तो छ भनेर गर्ने पनि गरिन्छ। मिडिया यथार्थ हो मिडिया वेगरको राज्य र राज्य सञ्चालन सम्भव छैन। यसकारण प्रेस स्वतन्त्रतालाई आघात नपर्ने गरि अहिलेकोभन्दा स्वायत्त, निष्पक्ष, सक्षम निर्भिक प्रेस काउन्सिल बनाउन सरकार सरोकारवालाहरूलाई लिएर अगाडि बढनु नै श्रेयस्कर देखिन्छ।

# मधेशको अधिकार र स्वतन्त्रता लागि सही नेतृत्व आवश्यक



अब्दुल खान

डा. सीके राउतको मधेश र देशप्रतिको त्याग, बलिदान र योगदान आजको अचानक होइन, उहाँले मधेशका पार्टी र नेताहरूलाई दशकौं पहिलादेखि नै एकजुटताका लागि कोसिस र प्रयासहरू गर्दै आउनुभएको थियो। तर मधेशका नेताहरूको सत्तास्वार्थको अदूरदर्शी सोंचको कारण मधेश र देशका विभिन्न आदिवासी जनजातिहरूको समस्या झन् विकराल हुँदै गएको छ। डा. राउत २०६३ फाल्गुन ७ गते आजाद, केन्द्रीय समिति सदस्यको छद नामबाट जारी वक्तब्य मार्फत नेताहरूलाई सचेत गराउँदै आएका छन्।

डा. राउतको अनुसार "प्रधानमन्त्रीद्वारा जारी गरिएका सम्बोधनहरू देखावटी सविधान शंसोधन मधेशीहरूलाई अल्झाईराख्ने र मधेशीहरूको आवाज दवाउने एउटा षड्यन्त्र बाहेक केहि होइन। शासक वर्गले मधेशीहरूको मागलाई सदाका लागि आफ्नो पैताला मुनि कुल्चन चाहन्छ। मधेशीहरू फेरि देश र शासन संयन्त्रको अगाडी भिखारीसरह हुन्छन्। अगाडी डा. राउत सचेत गराउँदै भन्नुभएको थियो कसैले नयाँ राजनीतिक परिवेशमा चुनावद्वारा मधेशको भाग्य फेर्ने स्वप्न देख्छ भने, उहाँहरूलाई चाडैं नै उक्त दिवास्वप्नबाट ब्युझ्न आग्रह गर्दछु। नयाँ राजनीतिक परिवेशमा मधेशलाई कैयौं टुक्रामा विभाजित गरिने कुरा सुनिश्चित छ। राज्यसत्ताको अंशबण्डाका कुरामा लागिनु गलत हो।

यस प्रकार डा.सीके राउत मधेश मधेशी र अपमानित जीवन जीउन विवशमा परेका जनताहरूको भविष्यको विषयमा लामो भिजनका साथ राजनीतिक विश्लेषण गरि सम्पूर्ण पार्टी तथा नेताहरूलाई सचेत तुल्याउन लिखित र मौखिकरूपमा जानकारी गराउँदा उल्टै नेताहरूले डा. राउतलाई हामीहरूलाई कमजोर पार्न, एकता भंग गर्न परिचालित मानिस भएको आरोप लगाउनु नेताहरूको जनताप्रतिको नियती साफ नएको प्रष्ट हुन्छ। अत: डा. राउतको भविष्य प्रतिको आँकलन यथार्थ १० वर्ष बितिसक्दा पनि सत्य सावित छ।

## मधेश अपडेट

### सबै मिलेर प्रदेशको विकास गर्नुपर्छ : प्रदेश प्रमुख

वीरगन्ज। प्रदेश नं. २ का प्रदेश प्रमुख रत्नेश्वर लाल कायस्थले प्रदेशको विकासमा सबै मिलेर लाग्नुपर्ने बताएका छन्। प्रदेश २ सरकार र निजी क्षेत्र सल्लाहकार समितिको दोश्रो दिन वीरगन्जमा सम्पन्न बैठकमा उनले सो कुरा बताएका हुन्। उनले एकैचोटी सबै क्षेत्रमा हात नहाली कुनै एक विषयलाई प्राथमिकता दिई पहिलो चरणको विकास कार्यमा लाग्नुपर्ने सुझाव दिएका छन्। कार्यक्रममा मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले सरकारी र निजी क्षेत्र मिलेर हातेमालो गरी विकासका कार्यमा सहयोग पुऱ्याउन सके विकासका लक्ष्यहरू पूरा हुने दावी गरेका छन्। यस्तै, उद्योग, वन तथा पर्यटनमन्त्री राम नरेश रायले उद्योगको विकास विना प्रदेश समृद्ध हुनै नसक्ने ठोकुवा गरे। उद्योगको विकासमा थप टेवा पुऱ्याउन एउटा समिति बनाएर जानुपर्ने धारणा समेत राखे। त्यस्तै, कार्यक्रममा बोल्दै जनकपुरधाम उपमहानगरपालिका प्रमुख लाल किशोर साहले प्रदेश समृद्ध बनाउन कृषि र वनको विकासमा सबै केन्द्रित हुनुपर्ने बताएका छन्। दुई दिनसम्म चलेको सो कार्यक्रममा मुख्य न्यायाधिवक्ता दिपेन्द्र झा, नीति आयोगका उपाध्यक्ष हरिवंश झा, विपक्षी दलका नेता राम सरोज यादव सहितको सहभागिता रहेको थियो।

### कर्मचारी व्यवस्थापन ठूलो चुनौती : मुख्यमन्त्री

रूपन्देही। प्रदेश ५ का मुख्यमन्त्री पोखरेलले कर्मचारी व्यवस्थापन प्रदेशका लागि ठूलो चुनौतीको रूपमा देखिएको पनि बताए। रूपन्देहीको तिलोत्तमामा सञ्चालित प्रदेश पाँच परिषद्को दोस्रो बैठकको अवसरमा बोल्दै मुख्यमन्त्री पोखरेलले प्रदेश सरकारले आवश्यक सबै कानुन निर्माण गरेर नसकेको भएपनि अन्य प्रदेशहरूको तुलनामा धेरै कानुन निर्माण गरेको र बजेट कार्यान्वयन पनि २५ प्रतिशत पूरा गरेको जानकारी दिए। संघीय सरकारले उपलब्ध गराएको सशर्त अनुदान बापतको रकम पनि सबै खर्च गरेर साढे दुई अर्ब थप बजेट ल्याइएको भन्दै उनले अब आवधिक योजना अनुसार विकासका योजना अगाडि बढाउँदा आगामी वर्षदेखि विकास बजेट खर्च गर्न सहज हुने बताए।

### सेयर कारोबारसम्बन्धी प्रशिक्षण

जनकपुरधाम। प्रदेश २ का सञ्चारकर्मीहरूलाई लक्षित गरी नेपाल धितोपत्र बोर्डले जनकपुरधाममा अन्तर्क्रिया तथा प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ। सेयरको कारोबार प्रदेशस्तरमा वृद्धि गराउने उद्देश्यले प्रदेश नं २ लाई लक्षित गरेर पत्रकारहरूलाई सेयर कारोबारको विषयमा प्रशिक्षण दिनुका साथै यसको लगानीका महत्वका बरेमा समाचार सम्प्रेषण गर्नका लागि प्रत्साहित गर्ने उद्देश्यले आयोजना आयोजना गरिएको सो कार्यक्रममा विज्ञहरूले सेयरको कारेबारविना कुनै पनि ठाउँको आर्थिक विकास सम्भव नभएको बताएका छन्। कार्यक्रममा बोल्दै प्रदेश नं २ को आर्थिक मामिला तथा योजनामन्त्री विजय यादवले प्रदेश नं २ मा पनि सेयरको कारोबार सुरू भएकोमा खुसी व्यक्त गर्दै यसको लाभ लिनका लागि आम जनतासँग आग्रह पनि गरेका छन्।

### टेलिभिजनको ब्युरो कार्यालयमा तोडफोड

वीरगन्ज। एभिन्युज टेलिभिजनका वीरगन्जस्थित ब्युरो कार्यालयमा तोडफोड भएको छ। एभिन्यूजको कार्यालयमा समाजवादी पार्टी नेपालका कार्यकर्ताहरूले तोडफोड गरेको आरोप टेलिभिजनले लगाएको छ। एभिन्यूजको 'सकस राजनीति' नामक कार्यक्रम प्रस्तोता सुशील पाण्डेले समाजवादी पार्टी नेपालका अध्यक्षसमेत रहेका उपप्रधान एवं स्वास्थ्यमन्त्री उपेन्द्र यादवसँग अन्तर्वार्ता गरेका थिए। सो अन्तर्वार्ताका क्रममा बीचमै उपेन्द्र यादव माइक फालेर बाहिरिएका थिए। सो भिडियो सामाजिक संजालमा भाइरल भएको छ। कार्यक्रम प्रस्तोता पाण्डे र यादवबीच अन्तर्वार्ताकैं क्रममा भनाभन भएपछि यादव कार्यक्रम छाडेर बाहिरिएका थिए। यो घटनालाई लिएर सामाजिक सञ्जालमा पक्ष र विपक्षमा विभिन्न तर्कहरू आइरहेका छन्। यसैक्रममा सोमबार दिउँसो वीरगञ्जस्थित एभिन्युज टेलिभिजनको व्युरो कार्यालयमा तोडफोड भएको छ। एभिन्यूजले समाजवादी पार्टीका कार्यकर्ताले कार्यालय तोडफोड गरेको आरोप लगाएको छ।

### प्रदेश सरकारले बस सेवा सञ्चालन गर्ने

धनगढी। सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री त्रिलोचन भट्टले सरकारले बस सेवा सञ्चालन गरी नाफा कमाउने उद्देश्य नराखी नागरिकलाई सेवा दिन खोजेको बताएका छन्। सोमबार धागढीमा आयोजना गरेको प्रदेश बस सेवा सञ्चालनसम्बन्धी अध्ययन, अन्तर्क्रिया तथा परामर्श गोष्ठीलाई सम्बोधन गर्दै उनले हतारमा बस किनेर स्रोत खेर फाल्नुभन्दा विस्तृत रूपमा अध्ययन गरी सम्पूर्ण तयारीका साथ बस सेवा सञ्चालन गर्न निर्देशनालयलाई निर्देशन दिए। प्रदेश सरकारको छुट्टै एकाइ गठन गरी, स्थानीय तहसँग साझेदारी गरी, निजी क्षेत्र वा सहकारीसँग साझेदारी गरी बस सेवा सञ्चालन गर्न सकिने विकल्प दिएका छन्।

### भारत र चीनमा लुम्बिनीको प्रचार गर्न जोड

रूपन्देही। लुम्बिनी भ्रमण वर्षलाई सफल बनाउनका लागि छिमेकी राष्ट्रहरूमा प्रचारमा जोड दिनुपर्ने माग गरिएको छ। प्रदेश ५ सरकारले २०७६ लाई लुम्बिनी भ्रमण वर्ष मनाउने निर्णय गरेको हो। यो निर्णयबाट यहाँका निजी क्षेत्र खुसी देखिएका छन्। अब प्रदेश सरकारले केन्द्रिय सरकारसँग मिलेर भारत र चीनमा लुम्बिनीको अधिक प्रचार गर्नुपर्ने यद्योगी व्यवसायीहरू बताउँछन्। लुम्बिनी भ्रमण वर्षमा चारत र चीनबाट बढीभन्दा बढी पर्यटक भित्र्याउन सके भ्रमण वर्ष सफल हुने उनीहरूको भनाइ छ। भारतीय पर्यटकलाई पनि लुम्बिनी गन्तव्य बनाउन प्रचारप्रचार गर्न आवश्यक रहेको नाट्ट नेपाल प्रदेश ५ का अध्यक्ष विष्णु शर्माको भनाइ छ।

### जितेपछि फर्केर आएन मेयर पटेल

रौतहट। रौतहट जिल्लाको देवाही गोनाही नगरपालिका वडा नम्बर २ करूनियाको दलित समुदायका व्यक्तिहरूले नगर प्रमुखले समस्याप्रति चासो नलिएको बताएका छन्। बस्ती निर्माणको क्रममा स्थलगत निरीक्षण गर्न पुगेका स्थानीय विधायक रामकिशोर यादव समक्ष ती समुदायका बासिन्दाहरूले आफ्नो समस्या पोखेका हुन्। स्थानीयहरूले गास बास, कपासको ठूलो समस्या भएको बताएका छन्। मुसहर समुदायको दुःख सुनेपछि विधायक यादवले आफ्नो कोषबाट तत्काल खानेपानीको व्यवस्था र बाटो मर्मत गराउने घोषणा गरेका छन्। प्रदेश सरकारको जनता आवास कार्यक्रमअन्तर्गत एकीकृत बस्ती निर्माणका लागि चाहिने जग्गाको व्यवस्थाका लागि नगरप्रमुखलाई सामूहिक रूपमा आग्रह गर्नु पर्ने सुझाव समेत दिएका छन्। विद्यालय, बाटोघाटो, विद्युत, शिक्षाको अवस्था दयनीय भएको सो बस्तीमा निर्वाचन पछि मेयर धर्मेन्द्र पटेल एकचोटी पनि फर्केर नआएको स्थानीय शिवशरण माझीले बताएका छन्। स्थानीय तहको निर्वाचनको बेला ठुल-ठूला सपना बाचा गरेका मेयर पटेल निर्वाचित भएपछि समस्याको बारेमा भन्दा पनि चासो नलिएको गुनासो उनीहरूको रहेको छ। सामाजिक सुरक्षाको भत्ता अहिलेसम्म नपाएको महिलाहरूले बताएका छन्। दलित बालबालिकाले पाउने भत्तासमेत नगरपालिकाले नदिएको आरोप दलितहरूको रहेको छ।

### प्रदेश २ मा बेरोजगारी र गरिबी बढी : मुख्यमन्त्री

वीरगन्ज। प्रदेश २ का मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले अन्य प्रदेशभन्दा प्रदेश २ मा बेरोजगारी र गरिबीको समस्या बढी रहेको बताएका छन्। उजले गरिबी र बेरोजगारीको समस्या समाधान गर्नका लागि प्रदेश सरकार गम्भीर रहेको बताएका छन्। उनले निजी र सार्वजनिक क्षेत्र मिलेर प्रदेशको बेरोजगारी र गरिबी घटाउनुपर्ने बताएका छन्। त्यसका लागि सरकारको आगामी नीति तथा कार्यक्रम र बजेट महत्वपूर्ण हुने बताएका छन्। वीरगन्जमा आयोजित कार्यक्रममा उनले वैदेशिक रोजगारी जाने युवाहरूलाई सुरक्षित बनाउन सरकार गम्भिर रहेको बताए। 'बेरोजगारी र गरिबीको समस्या प्रदेश नं २ मा अन्य प्रदेशमा भन्दा बढी छ। सरोकारवाला सबै मिलेर अगाडि बढ्न सक्नुपर्छ। त्यसो भयो भने रोजगारी सृजना गर्न सक्छौं,' उनले भने, 'त्यसो नहुँदासम्म कम्तीमा अदक्ष कामदारहरूलाई दक्ष बनाएर त विदेश पठाउन सक्छौं।'

### इलाका प्रहरी कार्यालय आफ्नै भवनमा

अजय मिश्र, कपिलवस्तु। कपिलवस्तुको कृष्णनगरमा रहेको इलाका प्रहरी कार्यालय कृष्णनगर आफ्नै नयाँ भवनमा सरेको छ। नेपाल प्रहरी भौतिक संरचनाहरूको निर्माण गर्न एमआइपीपी प्रोजेक्ट डीएफआइडीको कोषमा युएनओपीएसद्वारा नेपाल आदर्श निर्माण प्रा.लि.काठमाडौंसँग १८ अप्रैल २०१६ मा सम्झौता भई ३० अक्टूबर २०१७ सालमा समपन्न गरि ३० मई २०१८ मा नेपाल प्रहरीलाई हस्तान्तरण गरेको भवनको आइतबार प्रहरी प्रधान कार्यालय प्रशासन तथा मानव श्रोत विकास प्रमुख प्रहरी अतिरिक्त महानिरिक्षक ठूले राईले कार्यालयको उद्घाटन गरे।

# माटोकलाको अवस्था, सम्भावना तथा चुनौतीहरू



हरि नारायण पण्डित

**प्लाष्टिकले जेलिएको आजको मानव जीवन**

खास गरी दोश्रो विश्वयुद्धको अन्तपछि प्लाष्टिक युगको शुरू भयो, त्यसपछि दैनिक प्रयोग हुने सबै खाले घरायसी सामग्रीहरू प्लाष्टिकका बन्न थाले । आज खाना र पेयहरू यिनै प्लाष्टिकको खोलमा पोको पारिन्छ । घर, कार्य क्षेत्र, सवारी साधन सबैतिर प्लाष्टिकको प्रयोग अनिवार्य नै बनेको छ । लुगा, पहिरन, चश्मा, दाँत, दन्त मञ्जन, कम्प्युटर, टेलिफोन, थाल, प्लेट, कचौरा, गिलास, खेलौना सबै प्लाष्टिकको नै बन्न थालेको छ । आजको दैनिकीको समिक्षात्मक अवलोकन गर्ने हो भने जीवनको कुनै पक्ष प्लाष्टिकबाट अछुतो भेटिदैन । आजको मानव जीवन प्लाष्टिक बिनाको वैकल्पिक जीवन कल्पना गर्न सक्ने अवस्थामा छैन ।

प्लाष्टिकको प्रयोगले अनपेक्षित वातावरणीय समस्याका साथै साना केटाकेटीमा विविध खाले स्वास्थ्य जन्य समस्या सिर्जना गर्नसक्छ । आजको युगमा प्लाष्टिकलाई विकराल वातावरणीय एवं पर्यावरणीय प्रकोपको रूपमा लिइन्छ । प्राय: जसो प्लाष्टिक अनविकरणीय श्रोत दोहन सघन उर्जा प्रविधीको प्रयोग गरी संवेदनशिल पर्यावरणीय प्रणालीमा क्षती पुऱ्याउने गरी पेट्रोलियम तथा प्राकृतिक ग्याँसको प्रयोगबाट बनाइन्छ । प्लाष्टिकको उत्पादन तथा यसलाई बालेर नष्ट गर्दा यसले हावा, जमिन, जलसतहमा प्रदुषण गराउँछ । साथै यसको उत्पादन श्रृँखलामा संलग्न मजदुरहरू विषालु रसायन तथा क्यान्सरजन्य स्वास्थ्य समस्याका जोखिममा पर्दछन । प्लाष्टिक प्याकेजीङग जुन सर्वत्र उपयोग भएका छन् मुलत: फोहरमैलाको प्रमुख स्रोतको रूपमा देखा परेको छ । जुन जलचर तथा घरपालुवा पशुहरूले यस्ता प्लाष्टिकमा पोका पारी फालेका फोहोर खाना खान पुग्दा घातक परिणाम वेहोर्ने स्थितिमा पुग्ने गर्दछन् ।

प्रशोधित प्लाष्टिकहरू गलेर नजाने किसिमका हुन्छन् । फोहरमैला फाल्ने ठाउँमा प्लाष्टिक थुप्रिदै जान्छन् र वातावरणलाई भौतिक रूपमा प्रदुषित गराउँदछ । आज महानगर, उप/नगर, नगरपालिका तथा अन्य स्थानीय निकायहरूका लागि सहरी फोहरमैला व्यवस्थापनमा प्लाष्टिक टाउको दुखाइको विषय बनिरहेको छ । यो समस्या हाम्रो परिवेशमा मात्र सिमीत छैन यो समस्या विश्वव्यापी नै रहेको छ । जसको परिणाम आज विश्वभरीका स्थानीय सरकारहरू प्लाष्टिकको झोलाको प्रयोगमा प्रतिबद्ध लगाउन थालेका छन् । प्लाष्टिकका कारण हुने प्रदुषण नाङगो आँखाले मात्र अवलोकन गर्न सकिन्न । अनुसन्धानले प्लाष्टिकका सुक्ष्म कण वातावरणीय वायु, नदि, ताल, आदिमा विश्वव्यापी रूपमा रहेको तथ्य सार्वजनिक गरेको छ । जुन स्वास्थ्य जोखिमको सन्दर्भमा पनि यो निकै घातक मानिन्छ ।

प्लाष्टिकले घेरिएको मानव जीवनले मानवलाई प्रकृतिबाट टाढा-टाढा लगि रहेको देखिन्छ । पश्चिमी समाज प्लाष्टिको भयावह पर्यावरणीय एवं मानवीय स्वास्थ्यमा पर्ने संकटको पुर्व आंकलन गरी प्लाष्टिक विनाको वैकल्पिक जीवनबारे सोच्न र जीवन बाँच्ने प्रयास सुरूवात गरेको पाइन्छ नेपालमा पनि यस्तो सर्वहानिकारक प्लाष्टिको विकल्प खोज्न सकिन्न र ?

**विकल्प दिन तयार छ नेपालको कुम्हार समुदाय !**

हिन्दुहरूको वर्ण व्यवस्था अनुसार प्राचीन कालदेखि नै समाजका सबै मानिसको लोकव्यवहारका लागि भाँडाकुडाँ बनाउने जिम्मेवारी पाएको जातिलाई सर्व प्रचलित भाषामा कुम्हार भनिएको छ, जसलाई संस्कृतमा कुम्भकार भनिन्छ । कुम्भकारहरूलाई पहाडमा कुमाल/कुमाले भनी सम्बोधन गरिन्छ भने तराई मधेशतिर कुम्हार शब्दले सम्बोधन गरिन्छ । नेपालमा देशव्यापी रूपमा कुम्हार जातिको जनसंख्याको राम्रै उपस्थिति रहेको छ । वि.सं २०६८ को जनगणना अनुसार भक्तपुरको नेवार प्रजापतिहरूको बाहेक पहाडी कुमालको जनसंख्या १२११९६ रहेको छ भने तराईको कुम्हारको जनसंख्या ६२३९९ रहेको छ । यसरी कुमाल र कुम्हार एवं भक्तपुरको प्रजापतिहरूको सरकारी तथयाङ्कलाई आधार मानेर ती जनसंख्याहरूको योग गर्दा त्यो नेपालको जनसंख्याको लगभग १.५ प्रतिशत हुन आउँछ । त्यस १.५ प्रतिशत नेपाली जनताको प्रमुख पेशा भनेको माटाको भाडाँकुडाँ बनाउनु रहेको छ । र त्यही बेचेर जीविकोपार्जन गर्नुपर्ने अवस्था रहेको छ । कुम्हारको जीवन माटो नै हो । माटोबिना कुम्हारको जीवन अपूरो छ ।

**नेपालमा माटोकलाको हालको उत्पादन र व्यापारको परिदृश्य**

नेपाल कमर्स क्याम्पस काठमाडौंका उपप्राध्यापक डा. प्रकाश श्रेष्ठले मात्र भक्तपुर जिल्लामा गर्नु भएको एक अध्ययन 'Challenges and scopes of pottery industry in Nepal' (सन् २०१८) को अनुसार अन्तराष्ट्रिय बजारमा नेपालबाट उत्पादित माटाका गुणस्तरीय वस्तुहरूको धेरै माग छ । नेपालबाट निर्यात हुने बस्तुहरू मध्ये सेरामिक्सको हस्तकलाहरूले प्रमुख स्थान ओगटेको देखिन्छ । सरकारी तथ्याङ्कहरूका अनुसार प्रतिबर्ष नेपालबाट एक करोड हाराहारीको सेरामिक्स हस्तकला विदेश निर्यात भईरहेको छ । नेपाल हस्तकला महासंघका अनुसार नेपाली सेरामिक्स हस्तकला निर्यात गर्ने देशहरूमा अमेरिका (१०.१ मिलियन, २०१८मा) प्रथम स्थानमा छ । त्यसपछि जर्मनी (२.६ मिलियन, २०१८ मा) र क्यानडा (२.५ मिलियन, २०१८ मा) को स्थान रहेको छ ।



मुर्तिकला र मिथिला भित्तेकला पनि कुम्हारहरूकै परम्परागत पेशा हो । नेपालमा भित्रै हुने विभिन्न चाडपर्व जस्तै सरस्वती पुजा, विश्वकर्मा पुजा, दशैं, लक्ष्मी पुजा, जितिया, आदिमा मुर्तिकलाको राम्रो व्यवसायिक सम्भावना रहेको छ । तराईमा विवाह आदि संस्कारको बेला मिथिला भित्तेकलाको व्यापक माग भएको देखिन्छ । अन्तराष्ट्रिय बजारमा पनि आधुनिक मुर्तिकला र मिथिला पेन्टिङको व्यापक माग रहेको पाइन्छ ।

नेपालमा सहज रोजगारी सर्जना गर्न माटोकला उद्योगको रूपमा विकास गर्न प्रचुर सम्भावना छ र सम्भव पनि छ, भएपनि वर्तमान समय र सन्दर्भमा यस बिषयमा सरकारी वा गैर सरकारी स्तरबाट खासै सक्रिय अध्ययन र चासो रहेको देखिन्न । यो क्षेत्र पुरा-पुरा सरकारी वेवास्तामा परेको छ ।

**माटोकला उद्योगको विकासका लागि सरकारको सहभागिता**

कुम्हारहरूलाई माटोकलाको पेशामा बजार एवं कच्चा पदार्थको अभाव प्रमुख समस्या हो, सुकाउने तथा भण्डारण गर्ने स्थानको अभाव रहेको छ भने प्रविधिको आवश्यता छ । यसर्थ कुम्हारहरू माटाको भाँडाँकुडा बनाउने पेशाबाट निरूत्साहित हुँदै गईरहेका छन् । आफ्नो पुस्तैनी व्यवसाय निरन्तर ओरालो लागी रहेको तर बजारको माग र आवश्यकतामा दिनानुदिन बढी रहेको भएपनि यसप्रति राज्यले ध्यान नदिएकोले कुम्हारहरूको आर्थिक जिवन कष्ट पुर्ण बन्दै गएको छ, धेरै विदेशीन बाध्य भएका छन् ।

नेपालमा कुम्हारहरूको परम्परागत पेशा माटोकलालाई उद्योगको रूपमा विकास गर्न सम्भावना रहेपनि यसलाई बेवास्ता गरेर छोड्नु सरासर गलत हुनेछ । यसलाई उद्योगको रूपमा विकास गर्नेतिर सबै पक्ष अग्रसर हुनुपर्दछ । यसका लागि सरकाले पहिले राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारको व्यवस्थापन गर्नुपर्ने हुन्छ । भन्सारमा पनि सहुलियत प्रदान गर्नुपर्ने हुन्छ । अर्को तिर कुम्हारहरूलाई यस उद्योगमा नयाँ नयाँ प्रविधिसँग जोडेर व्यापक प्रशिक्षण दिनु आवश्यक छ । सरकाले स्थानीय निकायहरूलाई यस उद्योगको प्रवर्द्धनमा सक्रिय गराउँदै पर्यटकीय क्षेत्रहरूमा सेरामिक्स प्रदर्शनी कक्षको निमार्ण गर्नु उचित हुनेछ । कच्चा पदार्थको अभावलाई पनि वैज्ञानिक तरिकाबाट व्यवस्थापन गर्नुपर्छ ।

**नयाँ प्रविधिमा जानैपर्छ**

अहिले जमाना बदलिएको छ, माटोका धेरै किसिमका वस्तुहरू उत्पादन गर्न सकिन्छ । समयानुसार माटोको भाँडो बनाउने हस्तकलामा आधुनिकीकरण गर्नु आवश्यक छ । परम्परागत प्रविधिमै रमाइरहेकाहरू माटोका भाडाकुँडाभन्दा अरू बनाउनेतर्फ अग्रसर देखिएका छैनन् । तराईका कुम्हारहरूमा माटोबाट के-के वस्तु बनाउन सकिन्छ भन्ने चिन्तन नै कम छ । माटोबाट पनि काठ, ढुंगा, बाँसलगायतबाट बन्नेजस्ता सामानहरू बनाउन सकिन्छ । यो कला नै हो त्यसैले यसमा निरन्तर नयाँ प्रयोग र सोचको आवश्यकता छ ।

कुम्हारहरू आधुनिकतामा जान नसक्दा धेरै पेशाकर्मीहरू परम्परागत पेसाबाट विस्थापित हुनु परेको छ । त्यतिमात्रै होइन हिजो बाबुबाजेले जे गरे, माटोका जे सामान बनाए, त्यसैलाई निरन्तरता दिँदा पनि उपलब्धी हात नलाग्दा कुम्हारहरू निराश भएका धेरै उदाहरणहरू समाजमा पाइन्छ । हिजो बाबुबाजेले प्रयोग गरेका बडेमानका काठका पांग्रा घुमाएर अहिले गुजारा गर्न सकिने अवस्था छैन । अहिले काठका पांग्रा घुमाउने शक्ति र समय छैन । बिजुली प्रयोग गरेर घुम्ने आधुनिक पांग्रा बजारमा धेरै पाइन्छन् । यसको प्रयोग गरेर कम समयमा नै धेरै उत्पादन लिन सकिन्छ । धेरै बल र शक्ति पनि लगाउनु पर्दैन । काठको पांग्रा राख्न धेरै फराकिलो ठाउँ आवश्यक पर्छ तर विद्युतीय पांग्राको लागि कम ठाउँ भए पुग्छ । आफूसँग भएको परम्परागत सीप एवं ज्ञानलाई निखार्दै र तिखार्दै नयाँ-नयाँ सीप र ज्ञान लिन जरूरी छ । इलम गरेरमात्रै हुँदैन, प्रविधिको प्रयोग गरी कुम्हाहरूले अरूलाई पनि इलम दिन सक्नुपर्छ ।

समस्या आउनेबित्तिकै परम्परागत रूपमा काम गरिरहेकाहरू, कुम्हारहरू हतास हुने र निराश हुने गरेको संस्कार छ । पेसा व्यवसाय गर्दा दैनिकजसो बाधा व्यवधान आउँछ नै तर यी बाधा व्यवधान पन्छाएर निरन्तर प्रयास गर्दै अघि बढ्ने हो भने मात्रै सफल हुन सकिन्छ । एकपटक असफल हुँदैमा निराश बन्नु हुँदैन, निरन्तर प्रयास गर्दै जानुपर्छ ।

**बजार र माग बुझ्नुपर्छ**

माटोका कलाले दैनिक जीवनमा प्रयोग हुने भाँडाकुँडासँगै घरको भित्री तथा बाहिरी सजावट एवं पर्यटकीय वस्तुहरू बनाउनेतिर नयाँ पुस्ता लागे माटोमै भविष्य सुनिश्चित हुन्छ । युरोपमा देशअनुसार त्यहाँका बासिन्दाको मनपर्ने रङ फरक हुन्छ । देशअनुसार उनीहरूको सजावटको वस्तु पनि फरकफरक हुन्छ । अझ विदेशमा चाडपर्व, दिवस, महिनाअनुसार उनीहरूको रूचि, रङ र वस्तु फरकफरक हुन्छन् । यी सबै बुझेर माटो कलालाई आधुनिकता दिन सकिए परम्परागत व्यवसायबाट पनि आफ्नो र आफ्नो पुस्ताको भविष्य सुरक्षित र सुनिश्चित गर्न सकिन्छ ।

युरोपेलीहरू हस्तकलाका सामानले आफ्नो घर र बगैंचा सिंगार्छन् । उनीहरू राम्रा-राम्रा सजावटका हस्तकला जम्मा गर्न रूचाउँछन् । उनीहरूमा एकअर्कालाई उपहार दिने बानी पनि छ । सोही बानीव्यहोरा र रहनसहन अनुसार माटोको हस्तकला उत्पादन गर्दा व्यापारमा सफलता हात लाग्छ । व्यवसाय गर्दा बजारको अध्ययन पहिलो सर्त हुनुपर्छ ।

बजारले नै कुनै पनि उद्योग व्यवसाय वा उत्पादनको भविष्य निर्धारण गर्छ । बजारको मागअनुसार कुम्हारहरूले स्वयंलाई तयार गर्न सकेन र उत्पादन गर्न सकेन भने जिरोमा पुग्ने निश्चित छ । त्यसैले बजारसम्बन्धी सोच विकास गर्नैपर्छ । बजार सँग-सँगै आफ्नो लक्षित वर्गको कला, संस्कृति, रहनसहन पनि माटोका कलाकारले जान्नुपर्ने हुन्छ ।

**नयाँ आयामहरूको खोजी**

माटोकला एउटा विज्ञान हो । विद्यालय तहदेखि नै यस विषयको पढाई गराउनु पनि जरूरी छ । यसले सीपमात्रै सिकाउँदैन मानिसलाई एकाग्र, तिक्ष्ण र सिर्जनशील समेत बनाउँछ । जसरी कुमालेले माटोबाट आकार दिएर एउटा वस्तु बनाउँछ, त्यसरी नै माटो कलामा रमाउने व्यक्तिले जीवनमा धेरै कुरा सिक्दछ । माटो कलाले साना बालबालिकाको बौद्धिक, मानसिक एवं शारीरिक विकासमा सकारात्मक सहयोग पुऱ्याउर्दछ । विदेशमा स्कुल तहका विद्यार्थीलाई माटोमा चल्न दिइन्छ । यसले बौद्धिक विकास मात्रै हुँदैन, एकाग्रता बढाउँछ । धैर्यवान हुन र मेहनती हुन पनि सिकाउँछ ।

वास्तुशास्त्रको अनुसार पनि माटोलाई महत्वपूर्ण भनिएको छ । माटोको घैलाबाट पानी पिउनु या घरमा माटोको भाँडाकुडाँ राख्नु अत्यन्त लाभदायक मानिन्छ । माटोबाट बनेका चीजहरू सुख, सौभाग्य र समृद्धिको कारक हुन्छ । हरेक व्यक्तिले माटोका निर्मित केही वस्तु आफूसँगै राख्नुपर्दछ । यसो गर्दा आपसमा सकारात्मक ऊर्जाको प्रभाव बनी रहन्छ । ज्योतिषशास्त्रको अनुसार जीवनमा सुख, समृद्धि तथा सफलता चाहने व्यक्तिले माटोको केही भाँडा, घैला, ग्लाश, कप, भगवान्को मूर्ति, दियो, खेलौना, आदि आफ्नो घरमा सजाएर राख्नुपर्दछ ।

समग्रमा माटोकलाले मानव जीवनको सामाजिक, आर्थिक, शारीरिक, मानसिक एवं आत्मिक स्वास्थ्यलाई समृद्ध बनाउँदछ । पर्यावरणलाई सन्तुलित राख्न सहयोग गर्दछ । मानव जीवनलाई प्रकृति समिप लैजान्छ । मानव समाजलाई व्याक टु नेटर तर्फ डोऱ्याउँछ । अत: आजको परिवर्तित सन्दर्भमा नेपाल सरकार र सम्पुर्ण कुम्हार समुदाय एकजुट भएर माटोकलाको पुनर्जागरण एवं उत्थानको मार्गमा सचेत रूपमा सक्रिय हुन जरूरी एवं आवश्यक छ । *(महासचिव, तराई कुम्हार समाज नेपाल)*

## संक्षिप्त समाचार

### जानकी मन्दिरमा विशेष पूजा

जनकपुरधाम । राष्ट्रपति विद्यादेवी भण्डारीले जानकी मन्दिरमा विशेष पूजाअर्चना गरेकी छन् । जानकी नवमीको अवसरमा उनी सोमबार विहान जनकपुर आएर जानकी मन्दिरमा दर्शन एवं पूजाअर्चना गरेकी हुन् । राष्ट्रपति भण्डारीलाई जानकी मन्दिरमा भव्य स्वागत गरिएको थियो । यसपटक शान्तिपूर्ण वातावरणमा उनी पूजाअर्चना गरेकी हुन् ।

### सिक्टा नहर मर्मत गरिने

नेपालगन्ज । बाँकेका किसानका लागि बहुप्रतिक्षित सिक्टा सिँचाइ आयोजनाको मूल नहरको मर्मत सम्भार हालका लागि आयोजनाले नै गर्ने भएको छ । परीक्षणको क्रममा भत्किएर क्षतिग्रस्त भएको मूल नहरको मर्मत तथा सुधारको काम हालका लागि आयोजनाले गर्ने प्रस्तावलाई सरकारले स्वीकृत गरेकोले अब मर्मत सम्भारको काम केही दिनभित्रै सुरू गरिने जनाइएको छ । क्षतिग्रस्त नहरको मर्मत तथा सुधारको काम सुरू गरिने तयारी भइरहेको जनाइएको छ ।

### तिलोत्तमामा जनजाति आन्दोलित

रूपन्देही । रूपन्देहीको तिलोत्तमा नगर परिषद्बाट विनियोजन गरिएको लक्षित वर्गअन्तर्गतको आदिवासी जनजाति समूहको बजेट आर्थिक वर्ष समाप्त हुँदासमेत नगरपालिकाले खर्च गर्नेतर्फ ध्यान नदिएको भन्दै नेपाल आदिवासी जनजाति महासङ्घ तिलोत्तमा आन्दोलित भएको छ । नगरपालिकाले आफूहरूलाई बेवास्ता गरेको भन्दै महासङ्घले चरणबद्ध रूपमा आन्दोलन गर्ने जनाएको छ । नगर परिषद्बाट विनियोजन भएको ४० लाख बजेट हालसम्म पनि खर्च गर्न नसक्नु आफैंमा विडम्बना भएको महासङ्घ तिलोत्तमा नगर समितिले जनाएको हो ।

### विमानस्थललाई सुरक्षा प्रमाणपत्र

नेपालगन्ज । अन्तर्राष्ट्रिय विमानस्थल बन्ने प्रक्रियामा रहेको नेपालगन्ज विमानस्थललाई नागरिक उड्डयन प्राधिकारणले 'विमानस्थल सुरक्षा प्रमाणपत्र' प्रदान गरेको छ । नेपालगन्ज विमानस्थलमा सोमबार आयोजना गरिएको एक औपचारिक कार्यक्रममा नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक सञ्जीव गौतमले नागरिक उड्डयन प्राधिकरण कार्यालय नेपालगन्जका प्रमुख प्रेमनाथ ठाकुरलाई सो प्रमाणपत्र हस्तान्तरण गरेका छन् । २०३७ सालमा नेपालगन्जको राँझामा स्थापना भएको सो विमानस्थलले स्थापनाको ३९ वर्षपछि सो प्रमाण पत्र पाएको हो ।

### स्थानीयको अवरोध

विराटनगर । दुहबी-कटहरी खण्डको ३३ केभी प्रसारण लाइन विस्तार कार्य स्थगित भएको छ । मोरङको ग्रामथानस्थित गिदनीय टोलमा स्थानीयवासीले अवरोध सिर्जना गरेका हुन् । दुहबी र कटहरी क्षेत्रको २६ किलोमिटर क्षेत्रमा सबै ठाउँमा लाइन विस्तार गर्ने कामसमेत सकिएको छ । अहिले कटहरी क्षेत्रमा टङ्कीसिनवरी र विराटनगर रानी सब-स्टेसनबाट ११ केभी प्रसारण लाइनबाट विद्युत् आपूर्ति गरिँदै आएको छ । उक्त क्षेत्रमा साना ठूला गरेर एक सयको सङ्ख्यामा उद्योग रहेका छन् ।

### नेपाल प्रहरीको प्रवक्तामा पोखरेल

काठमाडौं । नेपालप्रहरीद्वारा सम्पादित जनसरोकारका काम कारवाहीलाई यथार्थ तथा तथ्यगत रूपमासञ्चार माध्यमहरूमा सम्प्रेषण गर्नका लागि प्रहरी नायव महानिरीक्षक विश्वराज पोखरेललाई नेपाल प्रहरीको केन्द्रीय प्रहरी प्रवक्ता र सूचना अधिकारी तोकिएको छ । केन्द्रीय प्रहरी प्रवक्ता र सूचना अधिकारी प्रहरी नायव महानिरीक्षक पोखरेललाई मोबाइल नम्बर ९८५१२९२१११ मा सम्पर्क गर्न सकिने छ ।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

मोरङ । पथरी शनिश्चरे नगरपालिका ५ हसनदह बस्ने ८ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभीयोगमा सोही नगरपालिका ६ बस्ने ४६ वर्षीय देबिन्द्र खड्कालाई शुक्रबार साँझ प्रहरीले पक्राउ गरेको छ । सोही ठाउँस्थित मकैबारीमा लगेर जबरजस्ती करणी गरेको भन्ने खबर प्रहरी चौकी कुशेचौरीमा प्राप्त हुनासाथ खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### गोली लागेर घाइते अवस्थामा फेला

मोरङ । कटहरी गाउँपालिका १ महेशपुर बस्ने बिराटनगर नहानगरपालिका १२ घर भएका २४ वर्षीय रूपेश कामत कोठाभित्र छातीमा गोली लागेर गम्भीर घाइते अवस्थामा फेला परेका छन् । घाइते कामतको नोबेल अस्पताल बिराटनगरमा उपचार भइरहेको छ । घटनास्थलबाट प्रहरीले म्याग्जिन १ थान, ठुलो चाईनिज पेस्तोल, खोका २ राउण्ड र गोली १ राउण्ड फेला पारी यस सम्बन्धमा थप अनुसन्धान गरिरहेको छ ।

### नेपालगन्जमा वर्षकै सर्वाधिक गर्मी

नेपालगन्ज । नेपालगन्जमा शनिबार वर्षकै सर्वाधिक गर्मी भएको छ । विगत एक सातादेखि निरन्तर तातो हावा 'लु' चलिरहेको छ । ४३ दशमलव ५ डिग्री सेल्सियस तापक्रम पुगेको छ । नेपालगन्जमा शनिबार यो वर्षकै सर्वाधिक तापक्रम ४३ दशमलव ५ डिग्री सेल्सियस मापन भएको हो । न्यूनतम् तापक्रम भने २२.३ डिग्री सेल्सियस मात्र छ । लु चल्न थालेपछि यहाँको जनजीवन प्रभावित भएको छ ।

संघीयताको महत्वपूर्ण सार :
मानव बेचबिखन अन्त्यका लागि जिम्मेवार र सहकार्यसहित गरौं
खबरदार ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# विवाद होइन विकास चाहिन्छ : उपमेयर गिरी

राकेश यादव, रौतहट । रौतहट जिल्लाको परोहा नगरपालिकाका उपप्रमुख सुगान्धी देवी गिरीले कुनै किसिमको विभेद भेदभाव नरहेको बताएकी छन् । रौतहटका केही स्थानीय तहका उपमेयर र उपाध्यक्षहरू नगरप्रमुखले अधिकार कुण्ठित गर्नुको साथै विभेद गरिरहेको भनि रहेको अवस्थामा उपप्रमुख गिरीले यस्तो प्रतिकिया दिएकी छन् ।

परोहा नगरपालिका वडा नं.६ भेडियाहीस्थित श्री प्राथमिक विद्यालयमा छाया नेपालको सहयोगमा निर्मित शिशु कक्षाको भवनको उद्घाटनपछि संचारकर्मीसित छोटो कुरा गर्दै उपमेयर गिरीले नगरपालिकामा कुनै किसिमको विवाद विभेद नरहेको दावी गरिन् । उनले भने हाम्रो नगरपालिकामा मेयर उपमेयरबीच



मतभेद छैन । अरू नगरपालिकामा जे जस्तो भएपनि मेरो नगरपालिकामा कुनै समस्या रहेको छैन ।

पत्रकारले उपमेयरहरूले विभेद भयो भनिरहेको छ नि भनि सोधेको प्रश्नको जवावमा उपमेयर गिरीले अरूले केही भने पनि मलाई कुनै अप्ठयारो नरहेको छ । मेरो सम्बन्ध मेयर, प्रमुख प्रशासकिय अधिकृतसँग सुमधुर रहेको छ । निर्वाचित जनप्रतिनिधिको चाहना विकास हेर्नुपर्ने धारणा राखिन् । मेरो नगरपालिकामा विकास होस् इच्छा रहेको बताउँदै नगरपालिकाको विकसित कसरी बनाउने अवधारणा लिएर नगर प्रमुखसँग सहकार्य गरी अगाडी बढ्नुको विकल्प नरहेको जिकिर गरिन् ।

बाटोघाटो, नाला, विद्युत, सिचाई, आर्थिक उन्नतिका लागि कलकारखानाको स्थापना, मानवको स्वस्थ्य जीवनका लागि स्वास्थ्य अधारभूत आवश्यकता रहेको जोड दिँदै लोप हुँदै गएको कला सांस्कृतिकको सम्वर्द्धन, संरक्षण गर्न सबैले हातोमालो गरी जानुपर्ने सुझाव उपमेयर गिरीको रहेको छ ।

निर्वाचनको बेला अधिकारको साथसाथै विकासको जनताबीच प्रतिवद्धता गरेकोले सो तर्फ ध्यान दिनु जरूरी रहेको उनको कथन रहेको छ ।

अरू नगरपालिकाका उपमेयरले जे गरे पनि उनीहरूको लोकतान्त्रिक अधिकार रहेको बताए । विकासमा प्रतिस्पर्धा गरेमा राम्रो हुने छ । विना कारण विवाद सृजना गरे जनताको काम समेत प्रभावित हुने बताउँदै उपमेयर गिरीले विवाद होइन विकास हाम्रो चाहना रहेको प्रष्ट पारेकी छन् ।

# नीति तथा कार्यक्रममा मधेश

- हावाहुरीपीडित जनताका लागि आवास निर्माणको योजना लिएर सरकार बारा र पर्सा पुगेको छ ।
- पूर्व-पश्चिम राजमार्गको नारायणघाट-बुटवल खण्ड चार लेनमा विस्तार गर्ने कार्य सुरू भएको छ ।
- निर्माणाधीन गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको ७५ प्रतिशत सम्पन्न भएको छ ।
- निर्माणाधीन गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको बाँकी कार्य सम्पन्न गरी सन् २०१९ भित्रै सञ्चालनमा ल्याइनेछ ।
- जनता आवास कार्यक्रमअन्तर्गत यस आर्थिक वर्षमा ८ हजार आवास एकाइ निर्माण गरी विपन्न जनतालाई आवास सुविधा उपलब्ध गराइएको छ ।
- भैरहवा विशेष आर्थिक क्षेत्र सञ्चालनमा आएको छ ।
- सिमरामा विशेष आर्थिक क्षेत्रभित्र निर्माणाधीन गार्मेण्ट प्रशोधन केन्द्रको निर्माण कार्य निर्धारित अवधिभन्दा ६ महिनाअगावै सम्पन्न हुने निश्चित भएको छ ।
- निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण कार्य शीघ्र प्रारम्भ गरिनेछ ।
- आगामी चार वर्षभित्र काठमाडौं-निजगढ द्रुतमार्ग र हुलाकी राजमार्गको निर्माण कार्य सम्पन्न गरिनेछ ।
- आगामी वर्ष पूर्व-पश्चिम विद्युतीय रेलमार्ग निर्माण कार्य सुरू गरिनेछ ।



- सरकारले आगामी आर्थिक वर्षदेखि नवलपरासीको धौबादीमा रहेको फलाम खानीबाट व्यावसायिक उत्पादन सुरू गर्नेछ ।
- प्रदेश तथा स्थानीय तहको सहभागितामा तराई-मधेशका कृषियोग्य पकेट क्षेत्रहरूमा सौर्य ऊर्जामा आधारित भूमिगत सिँचाइ सुविधा उपलब्ध गराइनेछ ।
- भावर र भित्री मधेशमा कृषि वन र तराईमा व्यापक वृक्षारोपणसहितको वन विकास कार्यक्रम सञ्चालन गरिनेछ ।
- चुरे तथा भित्री मधेशका उपत्यकाहरूलाई आर्थिक तथा औद्योगिक कोरिडोरको रूपमा विकास गर्न झापाको शान्तिनगरदेखि डडेलधुराको रूपालसम्म निर्माणाधीन मदन भण्डारी राजमार्गको निर्माण कार्यलाई तीब्रता दिइनेछ ।
- जयनगर-बिजलपुरा र भारतको बथनाहादेखि विराटनगरसम्म आगामी आर्थिक वर्षभित्रै रेल सेवा सञ्चालन गरिनेछ । बिजलपुरा-बर्दिबास खण्डको रेलमार्ग निर्माण कार्य सम्पन्न गरिनेछ ।
- पूर्व-पश्चिम राजमार्ग र रसुवागढी-काठमाडौं-वीरगञ्ज कोरिडोरहरूमा ४ सय के.भी. क्षमताका प्रसारण लाइन निर्माण कार्यलाई तीब्रता दिइनेछ ।
- तराई-मधेश समृद्धि कार्यक्रमको समीक्षा गरी प्रभावकारिता वृद्धि गरिनेछ ।
- आगामी चार वर्षभित्र मुक्त कमैया, मुक्त हलिया, सुकुम्बासीलगायत सबै भूमिहीन र सीमान्तकृत परिवारहरूको बसोबास व्यवस्थित गरिनेछ ।
- राष्ट्रपति चुरे संरक्षण कार्यक्रमलाई समीक्षा र मूल्याङ्कन गरी प्रभावकारी पुनर्व्यवस्थापन गरिनेछ । चुरे र भावर क्षेत्रका खोंचहरूमा जल पुनर्भरणका लागि पोखरीहरू निर्माण गरिनेछन् ।
- धार्मिक र पर्यटकीय दृष्टिले महत्त्वपूर्ण ठाउँहरू देवघाट, चतरा र रामायण सर्किटअन्तर्गत निर्माणाधीन सडकलाई प्राथमिकताका साथ निर्माण गरिनेछ ।
- निर्माणाधीन खानेपानी आयोजनाहरू सम्पन्न गरी तराईका जिल्लामा आर्सेनिकमुक्त सुरक्षित खानेपानी उपलब्ध गराइनेछ ।
- तराई-मधेश नजिकका महाभारत क्षेत्रका सम्भाव्य पर्यटकीय स्थानहरूलाई बिदा मनाउन उपयुक्त शीतल आवासको रूपमा विकास गरिनेछ ।
- पश्चिम तराईमा स्वास्थ्य समस्याको रूपमा रहेको सिक्कलसेल एनिमिया रोगको रोकथाम गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
- लामखुट्टेको टोकाइबाट फैलिने रोग नियन्त्रण तथा रोकथामका लागि प्रभावकारी कदम चालिनेछ ।
- समाजमा रहेका दाइजो, तिलक, बालविवाह, छुवाछुतजस्ता कुरीति र कुप्रथा अन्त्य गर्न सचेतनामूलक सामाजिक जागरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- शीतलहर, बाढीपहिरो, डुबान तथा आगलागीलगायतका विपद्को अवस्थामा न्यूनतम सेवाको अभावमा अकालमा ज्यान गुमाउनुपर्ने अवस्थाको अन्त्य गरिनेछ ।

# आन्दोलन गर्नुपर्ने बेला आएको छ : उपराष्ट्रपति

राकेश यादव, रौतहट । उपराष्ट्रपति नन्द बहादुर पुन पासाङ्गले नेपाली जनताले लामो समय राजनितिक संघर्षमा बिताएर गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता, सामाजिक न्याय सहितको समानुपातिक समावेशी शासन व्यवस्थाका लगायतका उपलब्धिहरू प्राप्त गर्नुमा नेपाली सपूतहरूको धेरै योगदान रहेको बताएका छन् । उनले विभिन्न कालखण्डमा जनआन्दोलन, मधेश आन्दोलनहरूबाट मधेशी जनजाति, आदिवासी, पिछडावर्गहरू गरेका संघर्षबाट धेरै हदसम्म प्राप्त भएका अधिकारहरू संविधानमा सस्थागत भइसकेको दावी गरेका हुन् । रौतहट जिल्लाको कटहरियामा सोमवार आयोजित जानकी जयन्ती समारोहमा सम्वोधन गर्दै उपराष्ट्रपति पुनले संविधानमा सस्थागत भइसकेको उपलव्धीहरू प्रति गौरव गर्न अपील गरेका छन् । हरेक समुदायको आ आफ्नो पहिचानहरू रहेको बताउँदै उनले मधेशको रीतिरिवाज, भाषा संस्कृति र पहिचान रहेको जिकिर गरे । मधेशले ठूलो विभूतिहरू जन्माएको बताए । सीमामा कुनै समस्या हुँदा मधेशीहरूले सच्चा पहरेदारको रूपमा पर्खाल बनेर देश र सिमानाको रक्षा गर्दै आएको स्मरण गरे । उपराष्ट्रपति पुनले सबैको पहिचानलाई सम्मान गर्नु पर्ने सुझाव दिए । उनले भने हामीले एक अर्काको स्वाभिमान, पहिचानको सम्मान गर्ने सक्नु पर्छ अनि, मात्र एकता बलियो हुनसक्छ ।

राष्ट्रिय एकता, स्वाधीनता, भौगोलिक अखण्डता, सार्वभौमिकतालाई सुढृढ बनाउन बलियो बनाउन हरेक नेपालीले योगदान गर्नुपर्ने धारणा राखे । देश यथास्थानमा दिगो विकास र आर्थिक समृद्धिको मार्गमा अग्रसर रहेको भन्दै विकास, समृद्धि मुख्य प्राथमिकता रहेको बताए । समृद्ध नेपाल सुखी नेपाली राष्ट्रिय अभियानलाई सार्थक रूपमा सबैको योगदान रहनुपर्ने जोड दिँदै उपराष्ट्रपति पुनले सम्पूर्ण नेपाली जनता समृद्ध सुखी र खुसी हुन सके मात्र समृद्ध नेपाल बन्ने बताए । समृद्ध नेपालका लागि तराई-मधेश समृद्ध बन्नू पर्दछ, पहाड, हिमालको साथै रौतहट जिल्ला पनि समृद्ध बन्नू पर्ने टिप्पणी गरे । समृद्धिका लागि प्रशस्त आधारहरू रहेको बताए । हिमाल पहाडबाट झरेका नदीहरूलाई सिचाईमा परिणत गर्न सक्ने उल्लेख गरे । प्रकृतिको अनुपम उपहारको रूपमा रहेका प्राकृतिक संस्कृतिलाई पर्यटनको रूपमा रूपान्तरण गर्न सक्ने बताए ।

विकास समृद्धिका लागि आन्दोलन गर्नुपर्ने बेला आएको बताए । प्रदेश प्रदेश तथा स्थानीय तह अर्को स्थानीय तहसँग विकास र समृद्धिका लागि प्रतिस्पर्धा गर्नु पर्ने बताए । उनले प्रदेश २ का सरकारलाई विकास र समृद्धिको कार्यमा मात्र प्रतिस्पर्धा गर्नुपर्ने सुझाव दिएका छन् । सुशासन, विकास र समृद्धिको बाहेक कुनै विषयमा प्रतिस्पर्धा गर्न नहुने उनको भनाइ रहेको छ ।

भ्रष्टाचार, अनियमितता विकासको र समृद्धिको शत्रु भएकोले न्यूनीकरणका लागि तल्लोभन्दा तल्लो निकायले खबरदारी गर्नुपर्ने जरूरी रहेको बताए । प्रदेश २ विकास र समृद्धिको यात्रामा अवल सावित हुने विश्वास व्यक्त गर्दै उपराष्ट्रपति पुनले विकास समृद्धिको लागि प्रचुर सम्भावना बोकेको प्रदेश समेत रहेको जिकिर गरे । सीताको नामले जीवन धन्य हुने बताउँदै सीता माताको आचरण, त्याग, व्यवहार, सतीत्वले नारीको सम्मान बढाएको बताए ।

त्रेता युगमा जन्मेकी महान नारीका विचारहरूलाई पूर्ण स्मरण र मनन गर्न जरूरी रहेको बताउँदै सीता जयन्ती समारोहले महिलामाथि हुने घरेलु, पारिवारिक, सामाजिक हिंसामा न्यूनीकरण हुनेमा आफु विश्वस्त रहेको बताए । उपराष्ट्रपति पुनले महान नारीको रूपमा रहेकी माता सीताको आदर्श विचारलाई मनन् गरेमा मानवको विचारमा परिवर्तन आउने दावी गरेका छन् ।

कटहरिया नगरपालिकाको आयोजनामा भएको महोत्सवमा सामाजिक क्षेत्रमा विशेष योगदान पुऱ्याएका महिलाहरूलाई सम्मानित गरिएको थियो ।




# क्यान्सर

**शरीरमा अनियन्त्रित रूपमा कोषहरूको असमान्य बृद्धि हुनुलाई क्यान्सर भनिन्छ । यो सरूवा रोग होइन ।**

**क्यान्सर रोग चेतावनीका चिन्हहरू :**

- स्तनमा गिर्खा आउनु/गाँठागुँठी आउनु ।
- मुसा, कोठीमा परिवर्तन आउनु ।
- पाचनकृया र दिशा गर्ने बानीमा बारम्बार परिवर्तन आउनु ।
- लामो समयसम्म खोकी लाग्नु र स्वर परिवर्तन हुनु ।
- महिनाबारीमा धेरै रगत बग्ने अथवा अनियमित रगत बग्ने ।
- अन्य शरीरको भागबाट अनियमित रगत बग्ने ।
- कुनै घाउ वा सुजन निको नहुने ।
- शरीरका कुनै पनि अंगको कोषमा अनियन्त्रित बृद्धि हुन गई क्यान्सर हुन सक्दछ ।

तसर्थ क्यान्सर रोग लागेको शंका लागेमा तुरून्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखी उपचार बारे आवश्यक जानकारी लिनु पर्दछ ।

**स्वास्थ्य कार्यालय, काठमाडौं, टेकू**


स्थानीय सम्वाद

# पशुपालनमा विशेष जोड दिएका छौं



**मंगल प्रसाद थारू**

**मेयर, वाणगंगा नगरपालिका, कपिलवस्तु**

पावन भूमि जहा□ शाँख्य दर्शनका प्रणेता महर्षी कपिलमूनीको तपोभूमि तथा शान्तिका प्रतिक भगवान् गौतम बुद्धको गृहनगर तथा ऐतिहासिक प्राचिन कपिलवस्तु राज्यको राजधानी, कनकमुनी बुद्ध र कक्रकुछन्द बुद्धको जन्म तथा कर्मभूमि, शिवगढिको पवित्र मन्दिर, श्रृङ्गि ऋषिको जन्म तथा कर्मभूमि मधुवन लगायतका पुरातात्विक तथा ऐतिहासिक स्थलहरू भएको खुल्ला संग्राहालय, उत्तरमा वाणगंगा नदीको उद्‌गम स्थल, चुरेपर्वतको श्रृंखलामा पर्ने चारकोशे झाडी अर्घाखा□ चीको सिमाना र दक्षिणमा खेतीजन्य भुभाग, पूर्वमा कोठी नदी, पश्चिममा कोइली नदी, पूर्व पश्चिम राजमार्गस□ग जोडिएको, अमूल्य वन सम्पदा तथा वन्यजन्तु पाइने यस वाणगंगा नगरपालिका ऐतिहासिक तथा धार्मिक दृष्टिले पनि महत्वपूर्ण छ । वाणगंगा नगरपालिका जिल्ला सदरमुकाम तौलिहवादेखि उत्तरतर्फ १५ कि.मि.को दूरीमा अवस्थित छ । १५,८९४ घरधुरी रहेको वाणगंगा नगरपालिकाको कुल जनसंख्या ७५२४२ रहेको छ । जसमा महिला जनसंख्या ४०३०९ रहेको छ भने पुरूष जनसंख्या ३४९३३ छ । हाल वाणगंगा नगरपालिका ११ ओटा वडामा विभाजन भएको छ ।

**० वाणगंगा नगरपालिकाका जनताले स्थानीय सरकारको उपस्थिति महसुस गरेका छन् ?**

– हामी २०७४ सालमा निर्वाचित भई जनप्रतिनिधिको रूपमा आएका छौं । नगरवासीको आशा, विश्वास हामीप्रति छ र त्यसलाई टुट्न दिएका छौं । हामीले सुन्दर र समृद्ध नगर बनाउने वाचा गरेका छौं । त्यहींअनुसार हामीले काम पनि गरिरहेका छौं ।

**० स्थानीय सरकारको उपस्थिति महसुस हुने गरी केकस्ता कामहरू गर्नुभएको छ ?**

– हामीले विकास निर्माणका पूर्वाधार लगायत हरेक क्षेत्रमा काम गरिरहेका छौं । कृषि, पर्यटन, शिक्षा, स्वास्थ्यलगायतका क्षेत्रलाई विशेष प्राथमिकतामा राखेका छौं । जेष्ठ नागरिक, बालबालिका, महिला, युवा सबैलाई लक्षित गरी काम गरिरहेका छौं । वाणगंगा नगरवासी सचेत र शिक्षित छन् । हामीले गत आर्थिक वर्षमा लगभग २० किलोमिटर कालोपत्रे सडक गरेका छौं । त्यसैगरी, हामीले ग्राभेल सडक पनि बनाएका छौं । त्यस्तै, हामीले छाडा चौपायाहरूको व्यवस्थापन, फोहोरमैला व्यवस्थापन लगायतका कार्यलाई पनि प्राथमिकतामा राखेका छौं ।

**० चालु आर्थिक वर्षका कति योजनाहरू पूरा भएका छन् ?**

– चालू आर्थिक वर्ष २०७५/७६ को लगभग ५० प्रतिशत योजनाहरू सम्पन्न भइसकेको छ । प्रदेशले जुन कार्यविधि बनाएको छ, त्यसको आधारमा ठेक्कापट्टा गर्दा अलिकति ढिलो भएको थियो । त्यसलाई हामीले तीव्रताका साथ अगाडि बढाइरहेका छौं । यो आर्थिक वर्षको अब एक महिना मात्रै बाँकी छ । गत आर्थिक वर्षमा हामीले ९८ प्रतिशत काम गरिसकेका थियौं । त्यहींअनुसार यस आवमा पनि काम गर्छौं भन्ने लक्ष्य रहेको छ । त्यहींअनुरूप नेपाल सरकारले दिनुपर्ने अनुदान यस नगरपालिकालाई बढी नै बजेट परेको छ ।

**० आगामी आर्थिक वर्ष ०७६/७७ का महत्वाकांक्षी योजनाहरू के-के छन् ?**

– विशेषगरी यहाँ नदी कटानको समस्या बढी छ । त्यसलाई नियन्त्रण गर्ने योजनाहरू बनाइरहेका छौं । त्यस्तै, शिक्षातर्फ पनि सुधारका लागि योजनाहरू बनाइरहेका छन् । कुनै विद्यालयमा विद्यार्थी संख्या कम छ तर शिक्षक दरबन्दी भएका विद्यालयहरू मर्ज गर्ने उद्देश्य राखेका छौं । यसैगरी, प्रत्येक वडामा स्वास्थ्य चौकी स्थापना गर्ने र गुणस्तरीय स्वास्थ्य सेवा पाउने व्यवस्था गर्ने योजना बनाउँदैछौं । प्रत्येक स्वास्थ्य चौकी प्रसूती गृह पनि सञ्चालन गर्ने उद्देश्य हामी लिएका छौं ।

**० वाणगंगा नगरपालिकाको मुख्य आयका स्रोत के हो ?**

– यहाँको जनजीवन मुख्यगरी कृषि पेशामा नै आधारित छ । हामीले पशुपालनतर्फ पनि विशेष जोड दिएका छौं । कृषकहरूलाई अनुदान दिएर पशुपालनमा विशेष जोड दिएका छौं । त्यस्तै, तरकारी उत्पादन, बेमौसमी तरकारी उत्पादन, फलफूल खेती लगायतका योजनाहरू हामी बनाइरहेका छौं । त्यसैगरी, हामीले लक्षितका लागि पनि विभिन्न किसिमका सीपमूलक तालिमहरू गराएका छौं । महिलाहरूका लागि बुटिक तालिम, सिलाईकटाई तालिमलगायत दिँदै आत्मनिर्भर बनाउन लागेका छौं ।

**० वाणगंगा नगरपालिकाको ऐतिहासिकता के हो ?**

– पावन भूमि जहाँ शाख्य दर्शनका प्रणेता महर्षी कपिलमूनीको तपोभूमि तथा शान्तिका प्रतिक भगवान् गौतम बुद्धको गृहनगर तथा ऐतिहासिक प्राचीन कपिलवस्तु राज्यको राजधानी, कनकमुनी बुद्ध र कक्रकुछन्द बुद्धको जन्म तथा कर्मभूमि, शिवगढिको पवित्र मन्दिर, श्रृङ्गि ऋषिको जन्म तथा कर्मभूमि मधुवन लगायतका पुरातात्विक तथा ऐतिहासिक स्थलहरू भएको ठाउँ हो । खुल्ला संग्राहालय, उत्तरमा वाणगंगा नदीको उद्‌गम स्थल, चुरेपर्वतको श्रृंखलामा पर्ने चारकोशे झाडी अर्घाखाँचीको सिमाना र दक्षिणमा खेतीजन्य भूभाग, पूर्वमा कोठी नदी, पश्चिममा कोइली नदी, पूर्व पश्चिम राजमार्गसंग जोडिएको, अमूल्य बन सम्पदा तथा बन्यजन्तु पाइने यस वाणगंगा नगरपालिका ऐतिहासिक तथा धार्मिक दृष्टिले पनि महत्वपूर्ण छ ।

**० यहाँ पर्यटकलाई कसरी लोभ्याउन सकिन्छ ?**

– यो नगरपालिका सांस्कृतिक तथा धार्मिक महत्व बोकेको नगरपालिका हो । यहाँ पर्यटनका धेरै सम्भावनाहरू छन् । यहाँ बाल उद्यान बनाउने योजना छ । यहाँ नजिकै कपिलधाम पनि छ, त्यस्तै मधुवनधाम, नन्दनगरधाम, लक्ष्मणघाट लगायतका लोभलाग्दो स्थलहरू छन् । हामीले यी सबैलाई संरक्षण र सम्बर्द्धन गर्दै पर्यटकलाई लोभ्याउन सक्छौं । हामीले आगामी आर्थिक वर्षमा पर्यटक भित्र्याउने योजनाहरू बनाइरहेका छौं ।

**० तराई मधेश समृद्धि कार्यक्रमअन्तर्गत वाणगंगामा कतिको परियोजनाहरू आएका छन् ?**

– कपिलवस्तुमा सूचांकको आधारमा सबभन्दा राम्रो मानिने कपिलवस्तु नगरपालिका नै हो । हामीले जेजति नीतिहरू बनाएका छौं त्यसलाई सफल बनाउन सबैसँग सहकार्य गर्दै आएका छौं । हामीले प्रदेश र संघ सरकारबाट पनि पाउनुपर्ने सहयोग पाइरहेका छौं ।

**० सिंहदरबार गाउँ-गाउँमा आएको छ ?**

– सिंहदरबारका कतिपय अधिकारहरू हामीले पाएका छौं । तर केही ऐन, नीतिहरू बाँझेका कारण सबै अधिकार आइसकेको छैन । मुख्य कुरो शिक्षा र वनतर्फ केही कुराहरू बाझिएको छ । जुन अधिकार हामीले प्रयोग गर्न पाउने हो, त्यो हामीले प्रयोग गर्न पाइरहेका छैनौं । करार नियुक्ति, बढुवा, सरूवा सबै स्थानीय तहलाई जिम्मा दियो तर पछि फेरि केही कुराहरू बाँझदा अलि अप्ठ्यारो भइरहेको छ । तर, अरू कुराहरूमा सिंहदरबार गाउँ-गाउँमा महसुस गरिएको छ ।

राष्ट्रिय साप्ताहिक मधेशवाणी



# निगमले चीन निर्मित हवाईजहाजहरू थन्कायो

नेपाल वायुसेवा निगमका अधिकारीहरूका अनुसार चीनमा निर्मित १७ सीट क्षमता भएको तीनवटा वाई १२ इ विमान र एक एक ए.६० नेपाल वायुसेवा निगमका विमानहरू निर्देशक विमान चालकको अभावमा मर्मत सम्भार नगरिएकोले थन्क्याइएको छ । बी विमानहरू संचालनका लागि चीनमा प्रशिक्षण निमित्त पठाइएको आङ्ग नूरी शेर्पा त्यहाबाट फर्केको २ महीना पछि राजीनामा दिई अमेरिका गै सकेको कारण नेपाल वायुसेवा निगमले शेर्पाले गरेको सम्झौता उल्लंघन गरेपछि पनि निजमाथि कारवाई गर्न नसक्नु मात्र रहेको छ । शेर्पाले राजीनामा दिएको कारण वाई १२ ई का दुई जना क्याप्टेन नगेन्द्र भट्टराई र संजय वादे श्रेष्ठ आफ्नो विमान चालक प्रमाणपत्रको अनुदेशक वा निर्देशकबाट प्रवीणता प्रमाणित नगराएको कारण विमान संचालन गर्न योग्य रहन गएका छैनन् किनकि निगमका प्लेन चालकहरूले हरेक छ महीना पछि अनुदेशक चालकबाट आफ्नो प्रवीणता प्रमाणीत गराउनु पर्ने व्यवस्था रहेको छ ।

**इमिसैट**

(१) भारतीय भू-अनुसन्धान संगठन (इसरो) ले अप्रिल १ मा इमिसैटलाई छाडेको थियो जसमा एक नयाँ पि.एस.एल.भी. रकेटले २९ वटा उपग्रहहहरूलाई सँगै बोकेर लगेको थियो । (२) थुप्रै दृष्टिले त्यो पहिलो अभियान थियो जसको एउटै अभियानमा इसरोले तीनवटा ग्रहपथहरू संचालित गरिएका थियो । त्यस्तै पी.एस.एल.भी.ले ४ यौ चरणमा पहिलो पटक भू-उपग्रह अनुसन्धान भू-पथ अनुसन्धानका रूपमा संचालित गरिनेछ ।

**मिशन शक्ति**

- भारतले मार्च २९, २०१९ मा शक्ति (पावर) नामले एक एन्टी-सैटेलाइट (ए-सैट) संचालित गरे पछि अमेरिका, रूस र चीन पछिको चौथो भू-उपग्रह सर्वोच्च शक्तिका रूपमा भारत प्रतिस्थापित हुन पुगेको छ ।

- प्रतिरक्षा अनुसन्धान तथा विकास संस्थान (डी.आर.डी.ओ) द्वारा विशिष्ट रूपले आविष्कार गरी परीक्षण गरिएको भएपनि पृथ्वी मिसाइल भन्दा फरक नरहेको कुरा केही संचार माध्यमद्वारा जानकारी गराइएको थियो ।

- वर्तमान परीक्षण ३०० किलोमीटरको उचाइमा संचालित गरीएको भए पनि




त्यसको प्रदर्शन क्षमता ३०,००० किलोमीटर सम्म पुग्ने खालको रहेको छ ।

**जिम्मेवार शक्ति**

- चीनले २००७ मा ८०० किलोमीटरको उचाईमा गरेको त्यस्तो परीक्षणको विपरीत 'ए-सैट' को परीक्षण ३०० किलोमीटरको उचाइमा गरिएको थियो । यहाँसम्म कि चीनले गरेको परीक्षणका अणुकणाहरू बाहिरी भू-पथमा शताब्दीसम्म नरहेपनि दशकौं सम्म वायुमण्डलमा रहनेछ जबकि मिशन शक्ति संचालनको क्रममा रहेका अणुकणहरू केही साताभित्र नै बिलाएर जानेछ वा त्यसले अवशेष देखा पर्ने छैन ।

- भारतीय प्रधानमंत्रीले परीक्षणको लगत्तै पछि विश्वलाई तत्कालै खुदै जानकारी दिएका थिए जबकि चीनले त्यसलाई तबसम्म गुप्त राखेको थियो जबसम्म अन्य श्रेतहरू मार्फत खुलासा गरिएको थिएन अर्थात् अन्य श्रोतले खुलासा गरेपछि मात्र चीनले सार्वजनिक गरेको थियो ।

- मिशन शक्तिले भारतको उपग्रह शक्तिलाई मात्र प्रदर्शित गरेन कि त्यसले अन्तर्राष्ट्रिय स्तरमा रहेको भारतको विश्वसनीयता तथा सम्मान समेतलाई प्रदर्शित गरेको थियो । अमेरिकाले भारतीय परीक्षणको प्रशंसा गर्दै त्यसको अणुकणले भू-उपग्रहमा सुरक्षा र सुनिश्चित समेतको प्रशंसा गरेको थियो । यस प्रसंगमा चीनले बाहिरी जोर तथा हो-हल्ला पश्चात् मात्र आफ्नो परीक्षण बारे स्पष्ट पारेको थियो ।

**उपयुक्त अभिव्यक्ति**

- त्यस अभियानले भारतको स्वचालित क्षमता सँगै उपग्रह कार्यक्रम सम्बन्धमा स्वयं सुस्थापित अर्को उपलब्धि समेत दर्शाएको थियो । त्यस अभियानले देशको आर्थिक संभाव्यता र उपलब्दि समेत प्रदर्शित गरको थियो ।

- चीनद्वारा २००७मा त्यस्तै परीक्षण गर्दा भारत-प्रशान्तीय क्षेत्रमा रणनीतिक सन्तुलन देखिएको थिएन तर भारतले आफ्नो संचालन द्वारा त्यस सन्तुलनलाई फर्काउने काम गरेको छ ।

- भारतको असंलग्न शान्ति सम्झौता सम्बन्धी अनुभवले यो प्रदर्शित गरी दिएको छ । भरत शक्ति-संतुलित मध्येको एक अपरिहार्य शक्ति हो, जो निर्णायक क्षमताका कारण निर्णय गर्नेहरू बीच बस्न योग्य छ ।

**शान्तिपूर्ण उपग्रह सम्बन्धी नीतिको निरन्तरता**

- भारतीय प्रधानमंत्री द्वारा खुदै उपग्रह सम्बन्धी गतिविधि संचालन बारेको सम्बोधनले उपग्रह कार्यक्रम सम्बन्धी उच्च स्तरीय शान्तिपूर्ण उपग्रह नीतिको निरन्तरता समेत प्रदर्शित गर्दछ ।

- भारत एक नयाँ 'उपग्रह सिद्धान्त' साथ अग्रसर हुने संभावना देखिएको बाट त्यसले प्रेरणादायी प्रविधिलाई आश्वाश्त पार्ने खालको समेत प्रदर्शन गर्छ ।

**स्थापित उपग्रह शक्ति**

- भारतले आफै भारत-प्रशान्त क्षेत्रमा सबभन्दा ठूलो नागरिक उपग्रहहरू सम्बन्धी गोष्ठी आयोजना गरेर उपग्रह तथा मिसाइल प्रविधिमा ठूलो उपलब्धि स्वरूप अधिकतम् १०४ उपग्रह संचालन गरेर विश्व कीर्तिमान कायम गरी सकेकोछ भने मंगलग्रहमा समेत प्राविधिक रूपमा सबभन्दा चुनौतीपूर्ण अभियान संचालित गरी सकेको छ ।

- जे जस्तो भए पनि भारतले सामान्य रूपमा पूरै विश्वसँग वैज्ञानिक कार्यक्रमहरू सहभमगिताको निरन्तरता दिदै दक्षिण एशियाई प्रतिस्पर्धीहरूसँगको सहभागिता समेतमा निरन्तरता कायम गर्दै आएको छ । सार्क देशका समूहका लागि भारतले मुफ्त रूपमा उपग्रह संचालन गर्ने एकमात्र देश रहेको छ ।

## विश्व परिवेश

# भारतमा लोकसभा निर्वाचन : छैटौं चरणको मतदान सम्पन्न

भारतमा जारी लोकसभा निर्वाचनअन्तर्गत आइतबार छैटौं चरणको मतदान भएको छ । आइतबार उत्तर प्रदेशका १४, हरियाणाका १०, मध्यप्रदेश, बिहार र पश्चिम बंगालका ८र८, दिल्लीका ७ र झारखन्डका ४ लोकसभा निर्वाचन क्षेत्रमा मतदान भएको छ। बेलुकी ६ बजेसम्म सबैभन्दा धेरै मतदान पश्चिम बंगालमा भएको चुनाव आयोगले जानकारी दिएको छ । त्यहाँ ८० दशमलव १३ प्रतिशत मत खसेको छ । झारखन्ड, मध्य प्रदेश र हरियाणामा पनि ६० प्रतिशत मत खसेको छ । राजधानी दिल्लीमा ५५ दशमलव ४४ प्रतिशत मतदान भयो । उत्तर प्रदेश मा ५० दशमलव ८२ र बिहारमा ५५ दशमलव ०४ प्रतिशत मत खसेको छ ।

छैटौं चरणको निर्वाचनमा केन्द्रीय मन्त्री मेनका गान्धीसहित भाजपाका उम्मेदवारहरू वरूण गान्धी, रिता बहुगुणा जोशी, दिलीप घोष, मीनाक्षी लेखी र प्रज्ञा सिंह ठाकुरलगायत मैदानमा छन् । भारतमा अप्रिल ११ देखि यस पटकको लोकसभा



निर्वाचन भइरहेको छ । ७ चरणमा हुने लोकसभा निर्वाचनको अन्तिम चरणको मतदान यही मे १९ मा हुनेछ । यसअघि अप्रिल १८ मा दोस्रो चरणको, अप्रिल २३ मा तेस्रो चरणको, अप्रिल २९ मा चौथो चरणको र मे ६ मा दिन पाँचौं चरणको निर्वाचन भइसकेको छ । पाँचौं चरणको निर्वाचनमा ७ राज्यका ५१ सिटका लागि मतदान भएको थियो। त्यसमा उत्तर प्रदेशबाट गृहमन्त्री राजनाथ सिंह, कांग्रेस नेत्री सोनिया गान्धी, कांग्रेस अध्यक्ष राहुल गान्धी तथा मन्त्री स्मृति इरानी निर्वाचन प्रतिस्पर्धामा थिए ।

यसअघि सन् २०१४ को चुनावमा यी क्षेत्रका कुल ५१ सिटमध्ये भाजपाले ४० जितेको थियो भने कांग्रेसले २ सिट मात्र जितेको थियो। उसले रायबरेली र अमेठीमा मात्र विजय हासिल गरेको थियो। भारतमा आगामी मे १९ मा सातौं तथा अन्तिम चरणको निर्वाचन हुनेछ। चुनाव सकिएको ४ दिनपछि अर्थात आगामी मे २३ मा मतगणना हुनेछ । भारतीय राष्ट्रपति रामनाथ कोविन्दले राष्ट्रपति कार्यालयको मतदान केन्द्रमा मतदान गरे ।

# भारत र अमेरिकाको संयुक्त सैन्य अभ्यास

एजेन्सी । अमेरिका, जापान, भारत र फिलिपिन्सले दक्षिण चीन समुद्रमा संयुक्त सैन्य अभ्यास गरेका छन् । सातदिने सैन्य अभ्यासले त्यस जलक्षेत्रमा चिनियाँ प्रभुत्वलाई चुनौती दिएको सुरक्षाविद्को धारणा छ ।

संयुक्त अभ्यासमा एउटा अमेरिकी मिसाइल डेस्ट्र्योयर, एउटा बमवर्षक विमानवाहक जापानी युद्धपोत, दुई भारतीय युद्धपोत र फिलिपिन्सको सामुद्रिक गस्ती जहाज सहभागी थिए । अमेरिकी जलसेनाले बिहीबार जारी गरेको विज्ञप्तिमा संयुक्त सैन्य अभ्यास चीनले दाबी गर्दै आएको समुद्री क्षेत्रमा गरिएको छ ।

दक्षिण चीन जल क्षेत्रमा यस्ता संयुक्त अभ्यास यसअघि पनि गरिँदै आएका थिए। तर यसपल्ट अमेरिका, जापान, भारत र फिलिपिन्स चार देशको संयुक्त अभ्यासले भने चीनलाई दक्षिण चीन समुद्रमा ठाडै चुनौती दिएको मानिएको छ । यतिबेला अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले २ खर्ब अमेरिकी डलर बराबरका चिनियाँ वस्तुमाथि आयात शुल्क बढाउने चेतावनी दिइरहेका छन्। समस्या सुल्झाउन दुवै देशबीच व्यापार वार्ता पनि भइरहेको छ ।



'संयुक्त सैन्य अभ्यास अमेरिकाका लागि यस क्षेत्रका हाम्रा सहयोगी, साझेदार र मित्रबीच सम्बन्ध सुदृढ पार्ने सुअवसर हो', अमेरिकी डेस्ट्र्योयर यूएसएस विलियम पी लरेन्सका कमान्डर क्याप्टेन एन्ड्र्यू जे क्लगले अमेरिकी जलसेनाका तर्फबाट जारी गरेको विज्ञप्तिमा उल्लेख छ । एक साताको सैन्य अभ्यास बुधबार सकिएको छ ।

जापानले आफूसँग भएका सबैभन्दा ठूला दुईमध्ये एउटा बमवर्षक विमानवाहक युद्धपोत इजुमो अभ्यासमा पठाएको थियो। भारतको एउटा ट्यांकर आइएनएस शक्ति र एउटा डेस्ट्र्योयर युद्धपोत आइएनएस कोलकाता अभ्यासमा सहभागी थिए ।

चीनले स्वामित्व दाबी गरेका दुई टापुको छेउबाट दुई अमेरिकी युद्धपोत ओहोरदोहोर गरेलगत्तै यी चार देशले सैन्य अभ्यास गरेका छन् । अमेरिकी युद्धपोतहरू ताइवान र चीनको बीचबाट यात्रा गरेलगत्तै चीनले गएको सोमबार ती दुई टापुको स्वामित्व दाबी गरेको थियो । उसले आफ्नो जलसीमाभित्र अनधिकृत प्रवेश गरेर अमेरिकी युद्धपोतले अन्तर्राष्ट्रिय कानुन र आफ्नो सार्वभौमसत्ताको ठाडो उल्लंघन गरेको आरोप लगाउँदै आपत्ति जनाएको थियो ।

उता अमेरिकी जलसेनाले विश्वभरि नै अन्तर्राष्ट्रिय जलक्षेत्रमा सबैले स्वतन्त्रतापूर्वक आवागमन गर्न पाउनुपर्ने र त्यसैअनुसार आफ्ना युद्धपोतले दक्षिण चीन समुद्रको बाटो हुँदै यात्रा गरेको दाबी गरेको छ ।

चीनले सामरिक दृष्टिबाट अत्यन्त महत्वपूर्ण लगभग पूरै दक्षिण चीन समुद्र आफ्नो जलसीमाभित्र पर्ने दाबी गर्दै आएको छ । चीनको दाबीले त्यस क्षेत्रका ब्रूनाई, इन्डोनेसिया, मलेसिया, फिलिपिन्स, ताइवान र भियतनामसँग जलसीमा विवाद हुँदै आएको छ। त्यस जलक्षेत्रमा अमेरिका, जापान र भारतले भने कुनै दाबी गरेका छैनन् ।

## जिल्ला समाचार

### प्रदेश १ को सरकारले दियो एक करोड

जनकपुरधाम । बारा र पर्साको हावाहुरी पीडितका लागि प्रदेश नं. १ को सरकारले घोषणा गरेको एक करोड सहयोगको चेक हस्तान्तरण गरेको छ । प्रदेश नं. १ का मुख्यमन्त्री शेरधन राइले सोमबार प्रदेश २ का मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीलाई राहत रकमको चेक हस्तान्तरण गरेका हुन् । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आयोजित कार्यक्रममा प्रदेश नं. १ का मुख्यमन्त्री राईले हावाहुरीले निम्त्याएको विपदमा प्रदेश नं. १ ले सानो सहयोग गरेर प्रदेश नं. २ को विपतमा हामी सबै एकजुट रहेको सन्देश दिन खोजेको बताए । कार्यक्रममा प्रदेश नं. २ का मुख्यमन्त्री राउतले प्रदेश नं. १ को सहयोगप्रति आभार व्यक्त गर्दै मुलुक संघीय संरचनामा गएपछि प्रदेश-प्रदेश बीचको सहकार्य र सम्बन्धमा मजबुत बनाउने आधार प्रारम्भ गरेको बताए । बारा र पर्सामा चैत १८ गते आएको हावाहुरी २९ जनाको मृत्यु भएको थियो भने करोडौंको धनमाल क्षति भएको छ ।

### प्रशासनिक संरचनाको प्रतिवेदन हस्तान्तरण

जनकपुरधाम । प्रदेश नं. २ को सरकारले गठन गरेको प्रदेश प्रशासनिक संरचना सुझाव आयोगले आफ्नो प्रतिवेदन मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीलाई हस्तान्तरण गरेको छ । प्रदेश सरकारले गत वर्ष असार महिनामा गठन गरेको विद्याधर मल्लिक नेतृत्वको एकल सुझाव आयोगले सोमबार अन्तिम प्रतिवेदन सरकारलाई हस्तान्तरण गरेको हो । आयोगलाई तत्कालिक र दीर्घकालिक गरी दुई चरणमा प्रतिवेदन बुझाउन कार्यादेश दिइएको थियो । सोही अनुरूप आयोगले तत्कालिक प्रतिवेदन भदौको अन्तिम साता सरकारलाई बुझाएको थियो भने दीर्घकालिक प्रतिवेदन बुझाएको हो । प्रतिवेदन हस्तान्तरण गर्दै विद्याधर मल्लिकले प्रदेशको प्रशासनिक संरचनालाई दुरूस्त बनाउन कम्तिमा ५ हजार कर्मचारीको आवश्यकता रहेको बताए । कार्यक्रममा मुख्यमन्त्री राउतले प्रतिवेदनमा आएका सुझावहरूमाथि छलफलपछि कार्यान्वयनको चरणमा लाग्ने बताए ।

### कैलालीमा मल अभाव

धनगढी । कैलालीमा रासायनिक मलको अभाव भएको छ । पर्याप्त मात्रामा आपूर्ति हुन सकेपछि धानको बीउ छर्ने समयमा रासायनिक मलको अभाव भएको हो । गहुं लगाउने समयमा पनि किसानले मलको चरम अभाव भोगेका थिए । मल जोहोका लागि कृषकको दौडधुप बढेको छ । किसानहरू मल खोज्नका लागि भारतयि बजारसम्म पुग्ने गरेको बताउँछन् । स्थानीय कृषक राजेश चौधरीले भन्नुभयो, खेती लगाउने समयमा सधैं मलको अभाव हुन्छ । हामीले अहिले मल पाएनौं भने कसरी धानको बीउ छर्न सकिन्छ ।

### छात्रावास भवनको शिलान्यास

राकेश यादव, रौतहट । रौतहट जिल्लाको राजपुर नगरपालिका वडा नम्बर ९ बैरियामा रहेको जो बैरिया गर्ल्स स्कुलमा निर्माण हुने ७ कोठे छात्रावास भवनको रौतहट निर्वाचन क्षेत्र नम्बर २ ख प्रदेशसभाका सांसद रामकिशोर यादवले बिहीबार शिलान्यास गरेका छन् । प्रदेश सरकारको २५ लाखको लागतमा निर्माण हुने छात्रावास भवनको प्रदेश सांसद यादवले शिलान्यास गरेका हुन् । शिलान्यास पछि संचारकर्मीसँग संक्षिप्त कुरा गर्दै सांसद यादवले प्रदेश सरकार शिक्षा, स्वास्थ्यको विकासप्रति चासो लिएको बताएका छन् । विद्यालयको साथै मुस्लिमहरूको मदरसाको स्तरोन्नति हुनु पर्ने सरकारको मुख्य उद्देश्य रहेको बताए । आफूले भएसम्म विकासको कार्यमा सहयोग गर्ने बताए । सुरक्षा तथा पर्याप्त भवन भएको उक्त गर्ल्स स्कुलमा ८ सय हिन्दू मुस्लिम समुदायको बालिका अध्यन गरिरहेको प्राध्यानध्यापक अनवारूल हक़ले बताए । अनाथ बालिकाहरूको रहने व्यवस्था समेत भएको उनले बताए ।

### कपिलवस्तुमा युरिया मल बरामद

कपिलवस्तु । किसानलाई खेती गर्नका लागि मलखाद्यको चरम अभाव भएको बेला मिलोमतोमा उद्योगपतिलाई व्यवसायिक रूपमा मलखाद्य वितरण गरिएको रहस्य खुल्न आएको छ । कृषि तथा पशुपंक्षी विकास मन्त्री चक्रपाणी खनालको गृह जिल्लाका किसानले मल नपाएको बेला सोही जिल्लामै व्यवसायिक प्रयोजनका लागि भने निर्वाध आपूर्ति भइरहेको छ । जिल्लामा ६६ मेट्रिक टन युरिया मल बरामद गरिएको छ । कपिलवस्तुको शिवराज नगरपालिका वडा नं ७ मा रहेको जय अम्बे प्लाइउड इन्डष्ट्रिज र पशुपति प्लाइउड इन्डष्ट्रिज कम्पनी लोहरौलाबाट भारी मात्रामा युरिया मल नियान्त्रण गरिएको छ । जिल्ला प्रशासन कार्यालय कपिलवस्तुले विभिन्न सुराकी आधारमा २६ सय ४० बोरा मल नियन्त्रणमा लिएको हो । ४ सय ४० बोरा मल कम्पनीमै शील गरिएको छ भने अन्य मल कन्टेनरसहित प्रशासनको नियन्त्रणमा रहेको छ । चीनमा उत्पादन भएको युरिया मल प्लाइउड कम्पनीले भारतको कलकता बन्दरगाह हुँदै भैरहवा भन्सार कार्यालयमार्फत नेपाल प्रवेश गरेको थियो । शनिबार बिहान कम्पनीमा मल पुगेपछि प्रशासनले कन्टेनरसहित नियन्त्रणमा लिएको प्रमुख जिल्ला अधिकारी अर्जुन प्रसाद पोखरेलले जानकारी दिए ।

### छुट्टाछुट्टै दुर्घटनामा दुईको मृत्यु

कैलाली । कैलाली जिल्लाको दुई छुट्टाछुट्टै दुर्घटनामा दुई जनाको मृत्यु भएको छ । धनगढी उपमहानगरपालिका १३ राजपुरस्थित सडकखण्डमा युपी३१पि४ ८१७ नम्बरको ट्रिपरले से.६ प ३२१७ नम्बरको स्कुटरलाई शुक्रबार साँझ ठक्कर दिंदा स्कुटर चालक सोही उपमहानगरपालिका ३ बस्ने २५ वर्षीय टेकु बलायरको घटनास्थलमै मृत्यु भएको छ । दुवै सवारी साधन र ट्रिपर चालक भारत लखिमपुर खिरीमैलानी थाना ५ बस्ने २६ वर्षीय रबि शंकरलाई प्रहरीले नियन्त्रणमा लिएको छ । यसैगरी, लम्की चुहा नगरपालिका-१० स्थित पूर्वपश्चिम राजमार्गमा से.२ प ७३०६ नम्बरको मोटरसाइकल शुक्रबार राति अनियन्त्रित भई से.१ त ९८८४ नम्बरको ट्याक्टरमा ठोक्किन जाँदा गम्भीर घाइते भएका मोटरसाइकल चालक बर्दगोरीया गाउँपालिका ४ बस्ने २७ वर्षीय मनोज न्यौपानेको मालिका अस्पताल लम्की हुँदै थप उपचारको लागि मेडिकल कलेज कोहलपुर बाँकेतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको छ । दुवै सवारी साधन नियन्त्रणमा लिई फरार ट्याक्टर चालकको प्रहरीले खोजी गरिरहेको छ ।

### क्षमता अभिबृद्धि तथा पत्रकारिता तालिम

अजय मिश्र, कपिलवस्तु । चित्राँश मिडिया प्रा.लि को आयोजना तथा कृष्णनगर नगरपालिका कार्यालयको सहयोगमा ५ दिनको क्षमता अभिबृद्धि तथा पत्रकारिता तालिम सम्पन्न भएको छ । बैशाख २७ गतेदेखि सुरू भएको तालिममा कृष्णनगर नगरपालिकाका नगरप्रमुख रजत प्रताप शाहले मिडिया मैत्री नगर बिकासका लागि कटिबद्ध रहेको बताए । नगरप्रमुख शाहले सञ्चारकर्मी र सञ्चार माध्ययम सधै सत्यतथ्य समाचार उठान गर्नुपर्ने बताए । बैशाख २७ गतेदेखि सुरू भएको तालिम बुधबार सम्पन्न भएको हो । कृष्णनगर नगरपालिका भित्र रहेका क्रियाशील पत्रकारहरूलाई तालिम दिइएको हो । कार्यक्रममा कृष्णनगरका प्रमुख प्रशासकीय अधिकृत राज प्रसाद त्रिपाठी, उपमेयरका सल्लाहकार तुफेल अहमद खान, महेन्द्र मा.बि का प्रधानाध्यापक अनिल कुमार श्रीवास्तव, चित्रांश मीडियाका संचालक अंकुश श्रीवास्तव लगायतको सहभागिता रहेको थियो । तालिममा सहभागी प्रशिक्षर्थीहरूलाई खोज पत्रकारिता, फोटो पत्रकारिता, समाचार लेखन उद्घोषण लगायतका बिषयबस्तुका बारेमा प्रशिक्षण दिइएको हो । तालिममा सहभागी भएकाहरूले आफूले सिकेका सिप व्यवहारमा उतार्ने बताएका छन् । उक्त तालिममा २० जनाको सहभागिता रहेको थियो ।

### शहीद दुर्गानन्द अस्पतालको काम सुरू

जनकपुरधाम । शहीद दुर्गानन्द झा अस्पतालको कार्य थालनी भएको छ । धनुषाको नगराइन नगरपालिका वडा नं. २ स्थित जटहीमा १० वर्ष पूर्वदेखि छुट्याएर राखिएको जग्गा घेरवार गर्नका लागि कार्य संघीय संसद राजेन्द्र महतोले पहिलो चरणमा पर्खाल निर्माणको कामको थालनी गरेको छ । वर्षौदेखि शहिद दुर्गानन्द झाको जन्मथलोमा उनको नाममा अस्पताल निर्माणका लागि स्थानीयवासीले देखेको सपना बल्ल साकार हुने भन्दै स्थानीयवासीहरू समेत खुसी भएका छन् । धनुषाको क्षेत्र नं. ३ का सांसद राजेन्द्र महतोको संसदीय विकास कोषबाट ५० लाख रूपैयाँको लागतमा शहीद दुर्गानन्द झाको अस्पतालको पर्खाल संरचनाको कार्य सुरू भएको उपभोक्ता समितिका कोषाध्यक्ष रोहित चौधरीले जानकारी दिए । तत्काल अस्पतालको पर्खालले घेर्ने कार्य मात्रै भएकाले पूर्वाधार लगायत अन्य संरचनाका लागि पनि स्थानीयवासीहरूकै पहलमा हुने भएकाले प्रथम चरणमा अस्पतालको जग्गा घेरेर सुरिक्षत गर्ने कार्य भईरहेको यस उपभोक्ता समिति कोषाध्यक्ष रोहित चौधरीले बताए । दुर्गानन्द झाले तत्कालिन समयमा जनकपुरमा जानकी मन्दिर दर्शन गर्न आएका राजा महेन्द्र शाह माथि बम प्रहार गरेका थिए । बम प्रहारको आरोपमा उनलाई मृत्यूदण्डको सजाय दिइएको थियो ।


प्रम ओलीले संसदमा अमर्यादित वचन बोलेर सभामुखले रेकर्डबाट मेट्न लगाए। प्रमबाट प्रभावित भई एभिन्यूजका बालक सुशीलले उपेन्द्र ब्रोलाई यसो केही भन्दा दुनियाँले कति साह्रो खेदेको, अमर्यादित मुहानलाई केही नभनी फोहोर प्रवाहको दोहोलो काड्नु त कारवाहीको असमान वितरण हो है मान्यवर। **खगेन्द्र संग्रौला**


मधेश विद्रोहका धेरै सारथिहरू शासनसत्तामा पुगे। आन्दोलनका पक्षमा वकालत र लबिङ गर्ने अभियन्ताहरू शासकीय छनोटमा परे र सुखसयलका साथ जीवनयापन गरिरहेका छन्। उनीहरूसँग सरकारी सुविधा छ र ठाउँमा पुगेको 'मानप्रतिष्ठा' पनि। संविधान संशोधनको माग राख्दै जनकपुरमा आन्दोलन गरेका एक युवा भने अहिले बेचैन छन्। **अनिल कुमार कर्ण**


नव गठित समाजवादी पार्टीका नेताहरू आज भोलि मधेशको ठाउँमा प्राय: तराईको प्रयोग गर्न थालेका छन्। के उनीहरू पहिचान (अस्मिता) को राजनीतिलाई विराम दिएकै हो ? **कासिन्द्र यादव**


जबसम्म मधेशीलाई विदेशी देख्ने आँखामा परिवर्तन हुँदैन, तबसम्म देशमा दन्द्व रहिरहन्छ। मधेशीहरू राष्ट्रको जुनसुकै ओहदामा पुगे पनि पहाडी मनोविज्ञानमा परिवर्तन हुँदोरहेनछ। **रिता साह**


राष्ट्रपतिज्युको पहिलो जनकपुर भ्रमणको समयमा आफ्नो निहित स्वार्थका लागी युवाहरू प्रयोग गरि बिरोध गराएर अहिले मुद्दा खेप्न बाध्य बनाउने अहिले आराम गरि स्वागत गर्ने मधेशी नेतृत्व माथी भोलीका दिनमा युवाहरूले कसरी बिश्वास गर्लान् ? **अन्नत अनुराग**


चर्काचर्की र ठाडो प्रश्न गरे ठूलो पत्रकार भईन्छ भन्ने मानक तयार भएको छ। view का आधारमा कार्यक्रमको वजन नाप्ने हाम्रो सतही अल्पज्ञान, हरेक ठूला भनिएका पत्रकारको दिमागमा छ, शिर्षकहरू TRP का लागि तय हुन्छ जबसम्म हामी यस्ता हर्कत endorse गर्छौं पत्रकार गलत भन्ने नैतिकता हामीमा हुन्न। समा थापा


मैले पनि पटक-पटक उपेन्द्र यादवको अन्तवार्ता लिएको छु, उनी सभ्य र शिष्ट नेता मध्ये नै पर्छन तर एभिन्युज टिभीमा बोलाएर जसरी उनी माथी हुर्मत लिने काम गरियो, "तपाई जानुहोस" समेत भनियो, यो खेदजनक छ। पत्रकार भन्दैमा सबै कुरामा छुट हुन्न, म यस्तो पत्रकारिताको बिपक्षमा छु। **प्रकाश तिमिल्सिना**


जहाँ जनप्रतिनिधिले स्वंयम बहुविवाह गराउन समर्थन र साथ दिने गर्दछ, बालविवाह गराउन अभिभावकसँग मिलि विवाह गराउँछन्। आफु स्वंयम छोराछोरीको विवाहमा दाईजो दिएर समाजलाई मानसिक रूपमा ठुलो चुनौती दिने गर्दछन्। भाषण गरेर मात्र समस्याको समाधान हुन्छ र ? आफ्नो व्यवहार परिवर्तन गर्न सके मात्र समाज परिवर्तन सम्भव छ। **सुनिता साह**


उपेन्द्र यादवको सट्टा शेरबहादुर देउवा वा गोकुल बाँस्कोटा थिए भने पत्रकारलाई थप्पड हान्न बेर लाउँदैन थिए। पत्रकारसँग कुरा गर्नैका लागी कोही मान्छेले आफ्नो जन्मजात स्वभाव परिर्वतन गरेर ठाँट्टिदैनन्। जोसँग अन्तरवार्ता लिइन्छ, उसको व्यक्तिगत स्वभावसमेत पत्रकारले ख्याल गर्नुपर्छ। **रञ्जित तामाङ्ग**

# 'नेपाल-भारत सम्बन्ध नयाँ उचाइमा'

काठमाडौं। भारतका उच्च अधिकारीहरूले विगत डेढ वर्षमा नेपाल-भारतबीचको सम्बन्ध नयाँ उचाइमा पुगेको बताएका छन्। भारतको दुई दिने भ्रमणका लागि दिल्ली आइपुगेको नेपाली पत्रकारहरूको प्रतिनिधिमण्डलसँगको अनौपचारिक भेटमा भारतीय विदेश मन्त्री सुष्मा स्वराजले विगत डेढ वर्षयता दुई देशबीचको सम्बन्ध नयाँ उचाइमा पुगेको बताइकी हुन्। उनले नेपाल-भारत सम्बन्धमा अहिलेसम्मकै उचाइमा पुगेको बताइन्।



यसैगरी नेपाली पत्रकारहरूसँगै भएको बेग्लै भेटमा भारतीय विदेश सचिव विजय शेखर गोखलेले पनि भारतले सँधै नै छिमेकमा लोकतन्त्रको समर्थन हुँदै आएको र नेपालमा १९५० देखि सुरू भएको सम्पूर्ण लोकतान्त्रिक प्रक्रियाको सकारात्मक निष्कर्षमा पुगेको भारत खुशी रहेको बताए।

त्यसैगरी नेपालमा डेढ वर्षअघि स्थिर सरकार बनेयता भएका समझदारी र सम्झौताहरूको कार्यान्वयन पक्षप्रति पनि गोखलेले सन्तोष व्यक्त गरे। नेपाली पत्रकारहरूसँगको भेटमा गोखलेले विगत पाँच वर्षमा नेपाल-भारतसम्बन्धमा देखिएको उतार चढावतर्फ संकेत गर्दै विगत बिर्सन नसकिने भए पनि सँधै त्यसमा अडिन नहुने समेत उल्लेख गरे।

भारतीय विदेश सचिवले विगत डेढ वर्षमा पशुपति धर्मशाला, वीरगञ्ज एकीकृत जाँच चौकी, दुईवटा अन्तरदेशीय प्रसारण लाइन, दुई वटा अन्तरदेशीय रेलमार्ग, ६ महिनाभित्रै रक्सौल-काठमाडौं रेलमार्गको प्रारम्भिक इन्जिनियरिङ र ट्राफिक सर्भेजस्ता उल्लेख्य कामहरू सम्पन्न भएको जानकारी दिए।

त्यसका अतिरिक्त नेपाल र भुटानको अनुरोधअनुसार विद्युत व्यापारसम्बन्धी निर्देशिकाको समीक्षा भइसकेको र जलमार्ग सन्दर्भमा वाराणसी मल्टिमोडल टर्मिनल सञ्चालनमा आइसकेको र कालुघाट र शाहिबगंन्ज पनि तयार भइसकेको हुँदा त्यसलाई कसरी उपयोग गर्ने भन्ने नेपाल सरकारमा निर्भर रहने समेत गोखलेको भनाई थियो।

साथै जग्गाअधिग्रहणलगायत जस्ता विषय कारण हुलाकी मार्ग र पाइपलाइनमा पनि केही ढिलाई भने परियोजना कार्यान्वयनका लागि नेपाल सरकारले देखाएको तत्परताको गोखलेले प्रशंसा गरे।

# दुई सेट रेल किन्ने सम्झौता

काठमाडौं। नेपालले दुई सेट रेल खरिद गर्न रेल विभाग र भारतको सरकारी कम्पनी कोंकण रेलवेज कर्पोरेशन लिमिटेडबीच सम्झौता भएको छ। भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा नेपाल र भारतका उच्च सरकारी अधिकारीहरूको उपस्थितिमा खरिद सम्झौता भएको हो। भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव मधुसूदन अधिकारीका अनुसार सम्झौतामा २ सेटमध्ये पहिलो सेट ३ महिनाभित्र उपलब्ध गराउने भनिएको छ। नेपालले पेश्की दिएको मितिबाट १ सय २० दिनभित्र रेलको सेट ल्याउनुपर्ने सम्झौता भएको छ। दोस्रो सेट रेल खरिदका लागि पेश्की रकम दिएको १ सय २० दिनमा उपलब्ध गराउनु पर्ने हुन्छ। भारतीय कम्पनीले रेलको सेट पठाएपछि सञ्चालनमा ल्याइने छ। विभागका सिनियर डिभिजनल इन्जिनियर एवं प्रवक्ता अमन चित्रकारका अनुसार जनकपुर-जयनगर खण्डमा रेल सञ्चालनका लागि सेट खरिदको सम्झौता भएको हो। उनका अनुसार पहिलो सेट ३ देखि ४ महिना भित्रमा आउने छ। दोस्रो सेटका लागि भने केही समय लाग्ने छ। रेलको एक सेटमा पाँच वटा डिब्बा रहने छ। ति डिब्बामा एकपटकमा करिब १३ सय यात्रु अटाउने छन्। सरकारले ८४ करोड ६५ लाख खर्चिएर खरिद गर्न लागेको हो।

# ऊर्जा सचिवस्तरीय बैठक जुनमा

काठमाडौं। बुटवल-गोरखपुर अन्तरदेशीय प्रसारण लाइन निर्माणका लागि लगानीको मोडालिटी आगामी महिना भारतमा आयोजना हुने नेपाल-भारत ऊर्जा सचिवस्तरीय बैठकले टुंगो लगाउने भएको छ। नेपाललाई अमेरिकाले मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) मार्फत दिन लागेको ५० करोड अमेरिकी डलरमध्ये ठूलो हिस्सा खर्च हुने प्रसारणलाइन परियोजनाका लागि बुटवल-गोरखपुर (नेपाल-भारत) अन्तरदेशीय प्रसारण लाइन निर्माण अघि बढ्नुपर्ने हुन्छ।

नेपाल र भारतका अधिकारीलाई वार्तामा सहजीकरणका लागि अमेरिकी ऊर्जा मन्त्रालय मातहतको 'नेसनल रिनेवल इनर्जी ल्याब्रोटोरी' ले नेपाल-भारत विद्युत् व्यापार अवसरका सम्बन्धमा अध्ययन गरेको छ।

भारतले विद्युत् क्षेत्रमा सुधारका लागि थालेको कदमले उपक्षेत्रीय र क्षेत्रीय तहमा विद्युत् व्यापारबाट नेपाल लाभान्वित हुने उनको भनाइ छ।

अमेरिकाले एमसीसी सहयोग अन्तर्गत ३ सय किमि उच्च क्षमताको प्रसारण लाइन निर्माणका लागि अनुदान सहयोग दिने भएको छ। ३ सय ५ किमि सडक स्तरोन्नति र ४ सय केभी क्षमताको प्रसारणलाइन हेटौंडा-गल्छी-दमौली-सुनवलसम्म निर्माण हुँदैछ। यही उच्च क्षमताको प्रसारणलाइन उच्च क्षमताको बुटवल-गोरखपुर प्रसारणलाइनमा जोडिएपछि नेपालमा उच्च क्षमताको प्रसारणलाइनको राजमार्ग तयार हुनेछ। यसले विद्युत् व्यापारलाई सहजीकरण गर्नेछ।

आउँदो सचिवस्तरीय बैठकमा प्राविधिक विषय टुंग्याउने र अन्तरदेशीय प्रसारण लाइन निर्माण कार्यअघि बढाउने गरी छलफल अघि बढेको ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका प्रवक्ता प्रवीणराज अर्यालले जानकारी दिए।

नेपाल र भारतको ऊर्जा सचिव स्तरीय बैठक आउँदो जूनमा नयाँ दिल्लीमा आयोजना गर्ने तयारी भएको छ। नेपालले एमसीसी सहयोगका परियोजना सुरू हुने सेप्टेम्बर २०१९ लाई लक्षित गर्दै भारतसँग अन्तरदेशीय प्रसारण लाइन निर्माणको विषय टुंग्याउन लामो समयदेखि छलफलरत छ।

## फ्रेन्चाइज इन्भेस्टमेन्ट

काठमाडौं। नेपाल-भारत फ्रेन्चाइज इन्भेस्टमेन्ट एक्स्पो र कन्क्लेभ काठमाडौंमा भएको छ। नेपाल उद्योग वाणिज्य महासंघ, भारतीय राजदूतावास र फ्रेन्चाइज इन्डियाको सहकार्यमा होटल याक एन्ड यतीमा एक्स्पो आयोजना भएको हो। नेपाल र भारतबीच आपसी सम्बन्ध विस्तार र नेपालमा उद्यमशीलता विकास गर्न विभिन्न विदेशी ब्रान्ड नेपाल ल्याउने कार्यक्रमको उद्देश्य रहेको थियो। दुई दिनसम्म चलेको एक्स्पोमा थुप्रै अन्तर्राष्ट्रिय ब्रान्डको प्रदर्शनी रहेको थियो।

## भारतीय पर्यटक बढी

काठमाडौं। मुस्ताङका गन्तव्यस्थलमा पर्यटकको चाप बढेको छ। होटल पाहुनाले भरिभराउ छन्। फागुन-जेठ दोस्रो मुख्य पर्यटकीय याम हो। विदेशी पर्यटकमध्ये बढी भारतीय छन्। पदयात्रामा रमाउनेदेखि मुक्तिनाथ दर्शनका लागि पर्यटक मुस्ताङ आएका छन्। मुक्तिनाथ क्षेत्र धार्मिक पर्यटनको प्रसिद्ध गन्तव्य हो। म्याग्दी हुँदै सडक मार्ग र पोखराबाट हवाइमार्ग भएर मुस्ताङ छिर्ने पर्यटकको सङ्ख्या बढी छ।

## आर्थिक समाचार

### एनसेलले ल्यायो "ट्राभलर्स सिम"

काठमाडौं। विश्वका विभिन्न कुनाबाट बिदा मनाउन वा व्यवसायिक कामको लागि नेपाल भ्रमणमा आउने पर्यटकले अब एनसेलको 'ट्राभलर्स सिम' मार्फत आकर्षक भ्वाइस तथा डेटा बण्डलिङ्ग सेवाको फाइदा लिन सक्नेछन्। एनसेल प्रा. लि.ले यहि मंगलबार (बैशाख ३१) देखि लागु हुने गरी 'ट्राभलर्स सिम' योजना ल्याएको छ। यस अन्तर्गत, नेपाल भ्रमणमा आउने विदेशी पाहुनाले मात्र रू ११० (कर सहित) मा सजिलै ट्राभलर्स सिमको स्टार्टर प्याक खरिद गर्न सक्नेछन्। यसका साथै पर्यटकले आफ्नो आवश्यकता तथा नेपालमा रहने अवधि अनुसार विभिन्न भोल्युमका कम्बो प्याकहरूबाट फाइदा लिन सक्नेछन्। स्टार्टर प्याकको खरिदमा पर्यटकले ट्राभलर्स सिम सहित रू ३० को मेन ब्यालेन्स र तीन दिनको लागि मान्य हुने ३०० एमबी डेटा प्राप्त गर्नेछन्। यसरी प्राप्त हुने मेन ब्यालेन्स एनसेल नेटवर्क भित्र कुरा गर्न प्रयोग गर्न सकिनेछ।

### ग्लोबल आइएमईको शाखारहित सेवा

काठमाडौं। ग्लोबल आइएमई बैंकले थप ६ वटा शाखारहित बैंकिङ्ग सेवा सञ्चालनमा ल्याएको छ। बैंकले रोल्पा जिल्लाको सुनिल स्मृति गाउँपालिका - ७, तेबाङ्गमा १३३औं, कैलाली जिल्लाको बर्दगोरीया गाउँपालिका -४, मुढा बजारमा १३४औं, बाग्लुङ्ग जिल्लाको बाग्लुङ्ग नगरपालिका- १४, हटियामा १३५औं, सिराहा जिल्लाको अर्नामा गाउँपालिका - ३, रामजानकी बजारमा १३६औं, पाल्पा जिल्लाको पुर्वखोला गाउँपालिका -४, देवीनगरमा १३७औं र बाग्लुङ्ग जिल्लाको काठेखोला गाउँपालिका -७, रेश नुन्थलामा १३८औं शाखारहित बैंकिङ्ग सेवाको शुरूवात गरेको छ। यी छ वटै शाखारहित बैंकिङ्ग सेवाहरू स्थानीय जनप्रतिनिधि, समाजसेवी, बुद्धिजीवि तथा स्थानीयवासीहरूको रोहवरमा उद्घाटन भएका छन्। यसका साथै बैंकले अत्तरीया शाखामा १४५औं ए.टि.एम. पनि सञ्चालनमा ल्याएको छ।

### सिद्धार्थको शाखा खजुरामा

नेपालगन्ज। सिद्धार्थ बैंकले आइतबार बाँकेको खजुरास्थित शाखाको औपचारिक उद्घाटन गरेको छ। बैंकको खजुरा शाखाको उद्घाटन खजुरा गाउँपालिकाका अध्यक्ष किस्मत कुमार कक्षपतिबाट भएको थियो। सबै क्षेत्र र वर्गसम्म बैंकिङ सेवाको पहुँच पुऱ्याउने उद्देश्यले बैंकले देशभर एक सय ५३ वटा शाख (चार वटा एक्सटेन्सन काउन्टरसहित), एक सय शाखारहित बैंकिङ सेवा, सय ६५ एटीएम र १३ सयभन्दा बढी पस मेसिनमार्फत उच्चस्तरीय बैंकिङ सेवा प्रदान गर्दै आएको छ।

### लक्ष्मी बैंकको नयाँ शाखा तीनपैनीमा

विराटनगर। लक्ष्मी बैंकले विराटनगरको तीनपैनीमा आफ्नो नयाँ शाखा संचालनमा ल्याएको छ। आफ्नो शाखा सञ्जाल विस्तार गर्ने क्रममा लक्ष्मी बैंकले विराटनगरमा १०३ औं शाखा सञ्चालनमा ल्याएको छ। प्रदेश १ मा यो बैंकको १९ औं शाखा हो। यस शाखामार्फत बैंकले ग्राहकहरूको वित्तिय आवश्यकता पूरा गर्न आवश्यक सम्पूर्ण रिटेल बैंकिङ सेवा प्रदान गर्नुका साथै साना तथा लघु व्यवसायीमाझ वित्तिय पहुँच पुऱ्याउने लक्ष्य राखेको छ।

## भारतका पूर्वसेनापति सम्मानित

काठमाडौं। एशिया प्यासिफिक सेन्टर फर सेक्युरिटिज स्टडिज (एपीसीएसएस) ले भारतका पूर्व प्रधान सेनापति महारथी दलवीर सिंह सुहाग र उनकी श्रीमती नमितालाई काठमाडौं ज्ञानेश्वरस्थित आफ्नो कार्यालयमा स्वागत गरेको छ। कार्यक्रममा नेपाली सेनाका पूर्वप्रधान सेनापति महारथी राजेन्द्र क्षेत्री पनि सहभागी थिए। स्वागत कार्यक्रममा एपीसीएसएसका अन्य २५ सदस्यहरू उपस्थित थिए। एपीसीएसएस सदस्य चिरनजंग थापाले भारतीय पूर्वसेनापति सिंहलाई कार्यालयमा स्वागत गर्दै उनको नेपालीप्रतिको अपनत्वबारे संक्षिप्त प्रकाश पारेका थिए। थापाले नेपालमा २०७२ वैशाख १२ गते भूकम्प गएका बखत महारथी सिंह विदेश यात्रामा निक्लनै लागेको सन्दर्भ उल्लेख गरे। नेपालमा भएको उक्त घटना थाहा पाउने बित्तिकै सिंहले आफ्नो विदेश भ्रमण रद्द गरी भारतीय सेनाले सुरू गरेको उद्धार तथा राहत कार्यमा व्यक्तिगत रूपमा आबद्ध भए। सिंहले नेपाली समकक्षीलाई भूकम्प गएको पाँच मिनेटमै फोन गरी नेपाललाई आवश्यक पर्ने जुनसुकै सहयोग भारतीय सेनाले उपलब्ध गराउने आश्वासनसमेत दिएका थिए। महारथी सिंहले आफू नेपालमा रहुन्जेल आफ्नै घरमा रहेको जस्तो अनुभूति हुने गरेको बताए। उनले दुई देशको सैनिक सम्बन्ध नै द्विपक्षीय सम्बन्धको कडी रहेको उल्लेख गरे।

## नेपाली विद्यार्थीहरूलाई विशेष छात्रवृत्ति

काठमाडौं। भारतको चन्दीगढ रोड हरियाणामा रहेको ओम स्टर्लिङ ग्लोबल युनिभर्सिटीले नेपाली विद्यार्थीहरूलाई विशेष छात्रावृत्ति दिने घोषणा गरेको छ। आइतबार रिपोर्टर्स क्लब नेपालमा पत्रकार सम्मेलन गर्दै विश्वविद्यालयले यस्तो घोषणा गरेको हो। स्थापनाको पहिलो वर्षमै विश्विद्यालयले विद्यार्थीहरूको मन जित्न सफल भैसकेको छ। हाल उक्त विश्वविद्यालयमा प्यारामेडिकल, बिएस्सी अप्टोमेट्री, रेडियोग्राफी, रेडियोथेरापी, अपरेशन थिएटर, मेडिकल ल्याब टेक्नोलोजी, बि. फार्मेसी, बि. फिजियोथेरापी, ईन्जिनियरिङ, आर्किटेक्चर (बि.टेक र एम.टेक) र व्यवस्थापन (बिबिए र एमबिए), हेल्थ एसिस्टेन्ट, बिएस्सी एग्रिकल्चर लगायतका दर्जनभन्दा बढि कोर्सहरू प्रदान गर्दै आएको छ।

## मधेश र पहाडको...

मधेशमा विशेष पर्वको रूपमा मनाइने छठ पर्वमा दिलबहादुर आफ्नो श्रीमती र छोरालाई लिएर मितज्यूको घर पुग्छन्। फुलचनले छठी मातासँग आफ्नो मित्रता सधैं यस्तै रहिरहोस् भनेर वरदान समेत माग्छन्। यसरी समुधुर रूपमा अगाडि बढिरहेको सम्बन्धमा भोटको राजनीतिले प्रवेश गर्छ। राजनीतिक विवादले मितलाई कसरी अलग्याउँछ भन्ने *'मिता आब कोन चलब'* नामक मैथिली नाटकले देखाउन खोजेको छ।

*'तँ मरेको दिन यो सारा गाउँलेहरूलाई मासुभात खुवाउन सकिन भने म पनि ढाका टोपी होइन'*-दिलबहादुर आफू पहाडी भएकोमा गर्व गर्दै ढाका टोपीको बखान गर्न थाल्छन् र फुलचनलाई मधेशी भएकोमा अपमान गर्न समेत पछि पर्दैननन्। मित लगाउँदा आपसमा साटासाट गरेका घडी र रेडियो पनि फिर्ता गर्छन् फुलचन र दिलबहादुरले।

राजनीतिले धाँजा फाँटेको मनलाई सांस्कृतिक सम्बन्धले कसरी सिलाउन सक्छ भन्ने यो नाटकले उठान गर्न खोजेको विषय हो। जनआन्दोलनबाट हामीले लोकतन्त्र त प्राप्त गऱ्यौं तर लोकतन्त्र प्राप्त गर्दा पहाडी र मधेशीबीच जुन दरार आएको थियो, त्यो मनलाई जोड्ने सेतुको रूपमा यो नाटक मञ्चन गरिएको लेखक तथा निर्देशक रामभजन कामत बताउँछन्। पहाडी र मधेशी एक हो र दुई समुदाय नमिलेसम्म न संस्कृतिको कल्पना गर्न सकिन्छ न त विकास र समृद्धिकै सपना साकार हुन सक्छ भन्ने यो नाटकको आशय हो। नेपाली र मैथिली भाषामा प्रदर्शित नाटकले समृद्ध मुलुक बनाउन मित्रताको भावना आवश्यक रहेको सन्देश दिएको छ। नाटकले 'मितज्यू अब कसरी जाने' भन्ने प्रश्नको उत्तर दर्शकबाट नै अपेक्षा गरेको छ।

राजनीति त परिवर्तनको मुख्य संवाहक हो। व्यवस्थाहरू परिवर्तन गर्ने मुख्य श्रेय राजनीतिलाई नै जान्छ। विभिन्न आन्दोलनहरू पार गर्दै अहिले हामी गणतन्त्रतात्मक लोकतान्त्रिक व्यवस्था अवलम्बन गरेर अगाडि बढिरहेका छौं। तर, राजनीतिक रूपमा मात्र परिवर्तन खोज्दैं गर्दा जात, धर्म, समुदाय, लिंगको नाममा सामाजिक र सांस्कृति रूपमा हामी कसरी टाँढिदैं गएका छौं भन्ने विषयमा सरोकारवालाहरूले ध्यान दिन जरूरी छ। यस्ता नाटकले समाजको यर्थाथ चित्रण गर्न सहयोग गर्दछ। २०६२/६३ सालको जनआन्दोलन र त्यसपछि पटक-पटक भएको मधेश आन्दोलनपछि पहिचान र अधिकारका नाममा विभिन्न जातीय र क्षेत्रीय आन्दोलनहरू भए। मधेशका नाममा हुने गरेको राजनीति र पहिचानको नाराभित्र मधेशी र पहाडी समुदायबीचमा द्वन्द्व निम्त्याउन खाजेको भन्नेहरू प्रशस्तै छन्। यसो भन्नेहरूले सत्यको अर्को पाटोलाई भने बिर्सिएझैं लाग्छ। किनकि मधेश र पहाडबीचमा राजनीति भन्दा बलियो सामाजिक सम्बन्धहरू पनि रहेका छन्।

# काँग्रेस नेता यादवको आत्मकथा बजारमा

नेपाली काँग्रेसका पुराना नेता हुन शिवधारी यादव। २०२९ सालमा धनुषाको यदुकोहामा निहत्था विद्यार्थी जुलुसमाथि प्रहरीले दमन गरे पछि कामेश्वर मण्डल र कुशेश्वर मण्डलको हत्या भएको थियो। त्यस घटनाको विरोध गरेपछि शिवधारी यादव प्रहरीको कुटाइ खाएका थिए। उनी त्यसपछि काँग्रेसको प्रजातान्त्रिक आन्दोलनमा सहभागी भइ २०३६ र २०४६ सालको जनआन्दोलमा अहम भूमिका निर्वाह गरेका थिए। प्रजातन्त्र पुनर्स्थापना पछिको पहिलो आम निर्वाचनमा प्रतिनिधिसभामा धनुषा १ बाट निर्वाचित सांसद रहेका उनी राजनीतिमा अत्यन्त इमान्दार नेताका रूपमा चिनिन्छन्। नेपालको प्रजातान्त्रिक आन्दोलनमा भाग लिने थुप्रै योद्धाहरू मध्ये उनी एक हुन्। देश र प्रजातन्त्रको निम्ति उनको योगदान स्तुत्य छ। उनी नेपाली राजनीतिका लाथि एउटा आदरणीय र प्रेरक व्यक्ति हुन। शहीद, संघर्ष र शिवधारी लगभग पर्यायवाची नै हुन्। अहिलेको अस्तव्यस्त राजनीतिक वातावरणमा उनी जस्ता इमान्दार नेता पाउनु दुलर्भ जस्तै छ।



पुस्तक समीक्षा

उनको व्यक्तित्व इमान्दारीको उच्च गुणले भरिएको छ। उनी आफनो जीवनकालमा कहिले पनि पद, प्रतिष्ठा, मानपदवी र पैसाको आशा गरेनन। निरन्तर रूपमा आफनो जीवनलाई कर्मको बलिवेदीमा चढाउन नै उनी आतुर रहे। यस्ता शालीन र गौरवशाली व्यक्तित्वका धनी शिवधारी यादवको आत्मकथा हालै बजारमा आएको छ। धनुषाका अरविन्द कुमार यादवले उनको आत्मकथा प्रकाशन गरेका छन्। बबिता कुमारी यादव प्रकाशक रहेको उक्त आत्मकथामा शिवधारी यादवको बाल्यकालदेखिकै सुस्पष्ट ढंगले वर्णन गरेका छन्। यो आत्मकथाले समग्रमा शिवधारी यादवलाई मात्र चिनाउँदैन, तात्कालीन अवस्थाको नेपालको राजनीतिसँग पनि पाठकलाई साक्षत्कार गराउन सफल भएको छ। लेखकले शिवधारी यादवलाई जसरी सिद्धान्तनिष्ठ नेताका रूपमा परिचय गराएका छन वास्तवमा उनी त्यस्तै थिए।







**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ४२६६१४२, ४२६६१४१, फ्याक्स : ४२६६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं